# विधेयकमा प्राप्त संशोधन सूचनाहरूको एकीकृत विवरण
## (प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

**विधेयकको नामः** पर्यटन विधेयक, २०८१

**संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमानुसार):**

| दर्ता. नं. | माननीय सदस्यहरूको नाम, थर |
|---|---|
| १. | मा. आशिष गजुरेल |
| २. | मा. सीता थपलिया |
| ३. | मा. लिमा अधिकारी (आचार्य) |
| ४. | मा. खडक बहादुर वुढा |
| ५. | मा. योगेश गौचन थकाली, मा. गीता गुरूङ |
| ६. | मा. समिक्षा बास्कोटा |
| ७. | मा. गंगालक्ष्मी अवाल |
| ८. | मा. अनुश्का श्रेष्ठ |
| ९. | मा. गणेश बहादुर विश्वकर्मा |
| १०. | मा. अशोक कुमार चौधरी |
| ११. | मा. राम विनोद यादव |
| १२. | मा. रबिन महतो |
| १३. | मा. मातृका प्रसाद यादव |
| १४. | मा. पार्वती वि.क. |
| १५. | मा. परशुराम तामाङ्ग |
| १६. | मा. गंगा छन्त्याल |
| १७. | मा. सुलभ खरेल |

| | |
|---|---|
| १८. | मा. हरि प्रसाद भुसाल |
| १९. | मा. खुश्बु ओली |
| २०. | मा. कमल सुवेदी |
| २१. | मा. बलावती शर्मा |
| २२. | मा. रविन्द्र पटेल |
| २३. | मा. बब्लु गुप्ता |
| २४. | मा. डा. अमरेश कुमार सिंह |
| २५. | मा. भूमिका श्रेष्ठ |
| २६. | मा. राज किशोर महतो |
| २७. | मा. सन्दीप राना |
| २८. | मा. अमरकान्त चौधरी |
| २९. | मा. विपिन कुमार आचार्य |
| ३०. | मा. गणेश कार्की |
| ३१. | मा. गणेश पराजुली |
| ३२. | मा. मनिष झा |
| ३३. | मा. नरेन्द्र कुमार केरुङ, मा. निश्कल राई |
| ३४. | मा. रेनुका काउचा, मा. संतोष सुब्बा |
| ३५. | मा. निश्कल राई, मा. वासना थापा |
| ३६. | मा. डा. प्रमिला कुमारी गच्छदार |
| ३७. | मा. क्षितिज थेवे |
| ३८. | मा. एशुदा कुमारी बराल |
| ३९. | मा. डा. अर्जुन कुमार कार्की |
| ४०. | मा. गंगादेवी श्रेष्ठ |

| | |
|---|---|
| ४१. | मा. साजिदा खातुन सिद्धिकी |
| ४२. | मा. कृपाराम राना |
| ४३. | मा. यज्ञ बहादुर बोगटी |
| ४४. | मा. नीता घतानी |
| ४५. | मा. विष्णुमाया बि.क. |
| ४६. | मा. टुका भद्रा हमाल |
| ४७. | मा. कुलभक्त शाक्य |
| ४८. | मा. सुम्निमा उदास |
| ४९. | मा. ऐन बहादुर महर |
| ५०. | मा. गुरुप्रसाद बराल |
| ५१. | मा. रिंगला यादव |
| ५२. | मा. भूमिका लिम्बु सुब्बा |
| ५३. | मा. डा. धनञ्जय रेग्मी |
| ५४. | मा. सुशील खड्का, मा. नितिमा भण्डारी (कार्की) |
| ५५. | मा. आकृती अवस्थी |
| ५६. | मा. भरत प्रसाद पराजुली |
| ५७. | मा. बोध नारायण श्रेष्ठ |
| ५८. | मा. प्रकाशचन्द परियार |

**संशोधनको विवरणः**

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| १. | मा. गणेश बहादुर विश्वकर्मा | **प्रस्तावना** | **प्रस्तावनामा रहेको,**<br>- "पर्यटकीय गतिविधिको प्रवर्धन," भन्ने शब्दहरूपछि "राष्ट्रिय अर्थतन्त्रको मुख्य स्तम्भका रूपमा रहेको पर्यटन उद्योगको सहजीकरण, व्यावसायीकरण, संकट उत्थानशीलता तथा नियमन गर्न, पर्यटकको हित, सुरक्षा र सुविधा अभिवृद्धि गर्न, पर्यटनलाई राष्ट्रिय प्राथमिकता प्राप्त निर्यातमुखी उद्योगको रूपमा प्रवर्धन गर्न" भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| २. | मा. अशोक कुमार चौधरी | **प्रस्तावना** | **प्रस्तावनामा देहायका शब्दहरू थप गर्नुपर्नेः**<br>- "सङ्घ, प्रदेश र स्थानीय तहबिच सहकार्य अभिवृद्धि गर्दै लाभको न्यायोचित वितरण" |
| ३. | मा. कमल सुवेदी | **प्रस्तावना** | **प्रस्तावनामा रहेको,**<br>- **"...दिगो विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच सहकार्य अभिवृद्धि गर्दै..."** भन्ने शब्दहरूको सट्टा **"नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ बमोजिमको क्षेत्राधिकारको सम्मान गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबिच नीतिगत सामञ्जस्यता, राजस्व बाँडफाँटमा समन्यायिक र सहकारीताका आधारमा..."** भन्ने शब्दहरू राख्नुपर्ने। |
| ४. | मा. गणेश पराजुली | **प्रस्तावना** | **प्रस्तावनामा रहेको,**<br>- "पर्यटन उद्योगको व्यवस्थापन तथा नियमन गर्न" भन्ने शब्दहरूपछि "पर्यटन उद्योगको सहजीकरण, व्यवसाय संरक्षण, संकट उत्थानशीलता तथा पर्यटनलाई राष्ट्रिय प्राथमिकता प्राप्त निर्यातमुखी सेवा उद्योगको रूपमा प्रवर्धन गर्न" भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| ५. | मा. सुम्निमा उदास | **प्रस्तावना** | **प्रस्तावना रहेको,**<br>- **"पर्यटकीय गतिविधिको प्रवर्धन, पर्यटन उद्योगको व्यवस्थापन तथा नियमन गर्न, पर्यटकको हित, सुरक्षा र सुविधा अभिवृद्धि गर्न..."** भन्ने शब्दहरूको सट्टा **"पर्यटकीय** |

<table>
<tr><th>क्र.स.</th><th>संशोधन प्रस्तुतकर्ता<br>माननीय सदस्यहरू</th><th>विधेयकको<br>प्रस्तावना/ दफा</th><th>संशोधनको बेहोरा</th></tr>
<tr><td></td><td></td><td></td><td>गतिविधिको प्रवर्धन, नियमन र विकास गर्न, पर्यटन प्राधिकरणमार्फत उद्योगको व्यवस्थापन गर्न, पर्यटकको हित, सुरक्षा, उपभोक्ता संरक्षण र सुविधा अभिवृद्धि गर्न, धार्मिक पर्यटनसहित विविध पर्यटनको दिगो विकास गर्न...” भन्ने शब्दहरू राख्नुपर्ने।</td></tr>
<tr><td>६.</td><td>मा. लिमा अधिकारी (आचार्य)</td><td rowspan="3">१</td><td rowspan="3"><u>उपदफा (१) मा रहेको,</u><br>- “२०८१” भन्ने अंकहरूको सट्टा “२०८३” भन्ने अंकहरू राख्नुपर्ने ।</td></tr>
<tr><td>७.</td><td>मा. गणेश कार्की</td></tr>
<tr><td>८.</td><td>मा. यज्ञ बहादुर बोगटी</td></tr>
<tr><td>९.</td><td>मा. लिमा अधिकारी (आचार्य)</td><td>२</td><td><u>खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्नुपर्ने:</u><br>“(ग) "क्यासिनो" भन्नाले विधेयकको दफा ३० बमोजिम इजाजत लिई पर्यटकको मनोरञ्जनको लागि परम्परागत रूपमा वा आधुनिक मेसिन वा विद्युतीय उपकरणको माध्यमबाट खेलिने तास, पासा, बाजी (बेट) राखी रकम जित वा हार हुने गरी खेलिने जुवा वा क्यासिनो भित्र खेलिने खेलको सट्टाबाजी वा त्यस्तै किसिमको कुनै खेल खेलाउने पर्यटन मन्त्रालयद्वारा इजाजतपत्र प्राप्त व्यवसाय सम्झनु पर्छ।”<br><u>खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपी खण्डक्रम मिलाउनु पर्ने:</u><br>“(ङ) "ट्रेकिङ एजेन्सी" भन्नाले पर्यटक वा अन्य व्यक्तिहरूलाई प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले शुल्क लिई लामो दुरीको पैदल भ्रमण वा अन्वेषण गराउने तथा पहाड आरोहण, पर्वतारोहणको प्रबन्ध मिलाउने फर्म वा कम्पनी सम्झनु पर्छ र सो शब्दले यस्तै सेवा दिने जुनसुकै नामबाट सञ्चालन गरिएको फर्म वा कम्पनीलाई समेत जनाउँछ।”<br><u>खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राख्नुपर्ने:</u></td></tr>
</table>

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(ठ) "पर्वतारोहण सहयोगी" भन्नाले आधार शिविरसम्म वा सोभन्दा माथि पर्वतारोहीका लागि आवश्यक बन्दोबस्तीका काम गर्ने सरदार, पथ प्रदर्शक, ट्रेकिङ पोर्टर र अन्य काम गर्ने कामदार समेत सम्झनु पर्छ।"<br>**<u>खण्ड (ठ) पछि देहायको खण्ड (ड) राखी खण्डक्रम मिलाउनु पर्नेः</u>**<br>"(ड) "पोर्टर" भन्नाले ट्रेकिङ वा पर्वतारोहणको क्रममा सामग्री बोक्ने कार्यमा संलग्न नेपाली नागरिक सम्झनुपर्छ।"<br>**<u>खण्ड (प) मा रहेको,</u>**<br>- "हेरिटेज र बुटिक" भन्ने शब्दहरूपछि "होटेल" भन्ने शब्द थप गर्नुपर्ने। |
| १०. | मा. समिक्षा बास्कोटा | २ | **<u>खण्ड (घ) मा रहेको,</u>**<br>- "सुरक्षित" भन्ने शब्दपछि "गुणस्तरयुक्त" भन्ने शब्द थप गर्नुपर्ने। |
| ११. | मा. अनुश्का श्रेष्ठ | २ | **<u>खण्ड (ख) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने,</u>**<br>- "र सो शब्दले गैर-आवासीय नेपालीलाई समेत जनाउनेछ।"<br>**<u>देहायका खण्ड (फ), (ब), (भ) र (म) थप गर्नुपर्नेः</u>**<br>"(फ) "सौम्यशक्ति पर्यटन" भन्नाले परिच्छेद-६ बमोजिमको पर्यटन व्यवसाय सम्झनु पर्छ।"<br>(ब) "डिजिटल नोमाड" भन्नाले सूचना प्रविधि, इन्टरनेट वा डिजिटल माध्यम प्रयोग गरी विदेशी वा स्वदेशी संस्था, व्यवसाय वा ग्राहकलाई रिमोट रूपमा सेवा प्रदान गर्ने तथा सो कार्य गर्दै नेपालमा अस्थायी रूपमा बसोबास गरी पर्यटन, आवास, सहकार्यस्थल वा अन्य सेवा उपभोग गर्ने विदेशी नागरिकलाई सम्झनुपर्छ।<br>(भ) "डिजिटल नोमाड भिसा" भन्नाले डिजिटल माध्यमबाट विदेशस्थित रोजगार, व्यवसाय वा सेवा सञ्चालन गर्ने योग्य विदेशी नागरिकलाई नेपालमा निश्चित अवधि बसोबास |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | तथा कार्य गर्न प्रदान गरिने विशेष गैर-पर्यटन आवासीय अनुमति वा भिसालाई सम्झनुपर्छ।" <br> "(म) "एकीकृत पर्यटन उपज" भन्नाले प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, साहसिक, वेलनेस, ग्रामीण, जैविक, मनोरञ्जनात्मक वा अन्य पर्यटन आकर्षण, सेवा, पूर्वाधार तथा अनुभवलाई आपसमा समन्वय गरी एउटै पर्यटन गन्तव्य, प्याकेज वा प्रणालीको रूपमा विकास तथा सञ्चालन गरिएको पर्यटन उपजलाई सम्झनुपर्छ।" |
| १२. | मा. गणेश बहादुर विश्वकर्मा | २ | <u>**खण्ड (ग), (ट) र (ठ) को सट्टा देहायका खण्ड (ग), (ट) र (ठ) राख्नुपर्नेः**</u> <br> "(ग) "क्यासिनो" भन्नाले दफा ३२ बमोजिम इजाजत लिई पर्यटकको मनोरञ्जनको लागि परम्परागत रूपमा वा आधुनिक मेसिन तथा विद्युतीय उपकरणको माध्यमबाट बाजी राखी रकम जित वा हार हुने गरी खेलिने जुवा, सट्टेबाजी वा सोही प्रकृतिको अन्य खेल खेलाउने व्यावसायिक कार्य वा स्थल सम्झनुपर्छ। <br> (ट) "पर्वतीय पथ प्रदर्शक (माउण्टेन गाईड)" भन्नाले आधार शिविरभन्दामाथि पर्वतारोहीहरूलाई आरोहण कार्यमा सहयोग वा मद्दत गर्न जाने व्यक्ति सम्झनुपर्छ। <br> (ठ) "पर्वतारोहण सहयोगी" भन्नाले आधार शिविर वा सो भन्दामाथि पर्वतारोहीका लागि आवश्यक बन्दोवस्तीका काम गर्ने पर्वतीय लिडर, पर्वतीय पथ दर्शक, कुक र अन्य काम गर्ने कामदार समेत सम्झनुपर्छ।" <br> <u>**खण्ड (प) पछि देहायका खण्डहरू थप गर्नुपर्नेः**</u> <br> "(फ) "टुर तथा ट्राभल एजेन्सी" भन्नाले निश्चित शुल्क लिई यातायात, भिसा, बिमा प्रबन्ध, बसोबास, दृश्यावलोकन र भ्रमणको व्यवस्थापन गर्ने फर्म वा कम्पनी सम्झनुपर्छ। <br> (ब) "ट्रेकिङ्ग एजेन्सी" भन्नाले पदयात्रा, पर्वतारोहण लगायत साहसिक पर्यटकीय गतिविधिको प्रबन्ध मिलाउने फर्म सम्झनु पर्छ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (भ) "पर्यटक यातायात एजेन्सी" भन्नाले पर्यटकलाई पर्यटकीय सवारी साधन उपलब्ध गराउने फर्म सम्झनुपर्छ।<br>(म) "लघु पर्यटन/घरेलु तथा साना पर्यटन उद्योग" भन्नाले पर्यटन सम्बद्ध अन्य विधाका साना व्यवसायहरू जस्तै होमस्टे, साहसिक पर्यटन, व्यवसायिक सिप तथा तालिमदाता, कम्पनी आदि सम्झनुपर्छ।<br>(य) "आरोग्य पर्यटन" भन्नाले आयुर्वेद, ध्यान, योग, प्राकृतिक चिकित्सामा आधारित व्यवसाय सम्झनुपर्छ।<br>(र) "छाता संस्था" भन्नाले नेपालको पर्यटन प्रवर्धनमा क्रियाशील राष्ट्रिय स्तरको अग्रणी संस्था नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) होटल एशोसियसन नेपाल (हान), ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) लगायतका आधिकारिक व्यावसायिक सङ्घहरूलाई सम्झनुपर्छ।" |
| १३. | मा. पार्वती वि.क. | २ | <u>खण्ड (ग) मा रहेको,</u><br>- "जुवा, सट्टेवाजी वा सोही" भन्ने शब्दहरू झिक्नुपर्ने।<br><u>खण्ड (ठ) पछि देहायको खण्ड (ड) राखी खण्डक्रम मिलाउनु पर्ने:</u><br>"(ड) "पर्वतारोहण सङ्घ" भन्नाले पर्वतारोहण संगठन भन्ने बुझाउँछ।" |
| १४. | मा. गंगा छन्त्याल | २ | <u>खण्ड (प) पछि देहायको खण्ड (फ) थप गर्नुपर्ने:</u><br>"(फ) "पहुँचयुक्त" भन्नाले विशेष गरी अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, बालबालिका लगायत सबैका लागि सहज हुने संरचना, सेवा वा वातावरणलाई समझनुपर्छ।" |
| १५. | मा. खुश्बु ओली | २ | <u>खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखुपर्ने:</u> |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता<br>माननीय सदस्यहरू | विधेयकको<br>प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(च) "पर्यटक" भन्नाले बिदेशी मुलुकबाट नेपाल भ्रमण, मनोरञ्जन, अध्ययन, अनुसन्धान, स्वास्थ्योपचार, आध्यात्मिक, सांस्कृतिक, साहसिक, वा डिजिटल माध्यमबाट विदेशी रोजगार वा व्यवसायमा संलग्न रहने उद्देश्यले नेपालमा अस्थायी रूपमा बसोबास गर्ने विदेशी नागरिक सम्झनु पर्छ, र सो शब्दले प्रचलित कानुन बमोजिम जारी गरिएको डिजिटल नोमाड भिसा वा यस्तै प्रकृतिको दीर्घकालीन पर्यटकीय बसोबास अनुमति प्राप्त व्यक्तिलाई समेत जनाउँछ।" |
| १६. | मा. कमल सुवेदी | २ | <u>खण्ड (ग) मा रहेको,</u><br>- **"परम्परागत वा आधुनिक मेसिन वा विद्युतीय उपकरण"** भन्ने शब्दहरूको सट्टा **"परम्परागत, आधुनिक मेसिन, विद्युतीय उपकरण, अनलाइन गेमिङ, डिजिटल नेटवर्क, वा भर्चुअल माध्यमबाट वित्तीय तथा अभौतिक सम्पत्तिको बाजी (बेट) राखी खेलिने..."** भन्ने शब्दहरू राख्नुपर्ने।<br><u>खण्ड (घ) मा रहेको,</u><br>- "स्थानीय उत्पादनमा आधारित..." भन्ने शब्दहरूको सट्टा "स्थानीय रैथाने मौलिकता, रैथाने सिप, प्रविधि र उत्पादनमा आधारित भई डिजिटल बुकिंग र प्रादेशिक तथा स्थानीय कानुन बमोजिम सूचिकृत..." भन्ने शब्दहरू राख्नुपर्ने।<br><u>देहायका खण्ड (न१) र (न२) थप गर्नुपर्ने:</u><br>"(न१) "आध्यात्मिक पर्यटन" भन्नाले नेपालको सनातन, बौद्ध, किराँत, योग, ध्यान, आयुर्वेद तथा मानसिक र आत्मिक वेलनेस (Wellness) का लागि गरिने आन्तरिक तथा बाह्य यात्रा सम्झनु पर्छ। |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (न२) "पर्यापर्यटन (Ecotourism)' भन्नाले प्राकृतिक पर्यावरणको जैविक विविधताको संरक्षण गर्दै स्थानीय समुदायको आर्थिक उत्थानमा योगदान पुऱ्याउने गरी गरिने दिगो र जिम्मेवार पर्यटन यात्रा सम्झनु पर्छ।" |
| १७. | मा. विपिन कुमार आचार्य | २ | **<u>परिभाषा खण्डमा देहायका खण्डहरू थप गर्नुपर्नेः</u>**<br>"(घ१) "डिजिटल पर्यटन प्लेटफर्म (Digital Tourism Platform)" भन्नाले इन्टरनेट, मोबाइल एप, वेबसाइट वा अन्य विद्युतीय माध्यमबाट पर्यटकीय सेवा बिक्री, बुकिङ, प्रवर्धन वा कारोबार गर्ने स्वदेशी वा विदेशी संस्था, कम्पनी वा प्लेटफर्म सम्झनुपर्छ।<br>(ण१) "वहन क्षमता (Carrying Capacity)" भन्नाले कुनै गन्तव्य, सम्पदा क्षेत्र, पदमार्ग, हिमाली क्षेत्र वा पर्यटकीय स्थलले वातावरण, संस्कृति, स्थानीय जीवनशैली र पूर्वाधारमा प्रतिकूल असर नपर्ने गरी धान्न सक्ने पर्यटकको अधिकतम सङ्ख्या सम्झनुपर्छ।<br>(त१) "विश्वव्यापी ढाँचा (Universal Design)" भन्नाले अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका तथा सबै नागरिकले सहज, सुरक्षित र सम्मानजनक रूपमा प्रयोग गर्न सक्ने पहुँचयुक्त पूर्वाधार, सेवा वा सुविधा सम्झनुपर्छ।" |
| १८. | मा. गणेश कार्की | २ | - **<u>खण्ड (न) र (प) लाई क्रमशः खण्ड (प) र (फ) बनाई खण्डक्रम मिलाउनु पर्ने।</u>**<br>**<u>खण्डक्रम मिलाउदा कायम हुने खण्ड (प) को सट्टा देहायको खण्ड (प) राख्नुपर्नेः</u>**<br>"(प) "साहसिक पर्यटन" भन्नाले स्किइङ्ग, हेली स्किइङ्ग, अल्ट्रालाइट, बन्जी जम्पिङ्ग, स्वीङ्ग, क्यानोनिङ्ग, हेली डाइभिङ्ग, स्काई डाइभिङ्ग, प्यारागलाइडिङ्ग, रक क्लाइम्बिङ्ग, आइस क्लाइम्बिङ्ग, हिमाली म्याराथुन, केभिङ्ग, हन्टिङ्ग, माउन्टेन बाइक, र्‍याफ्टिङ्ग, जीप लाइन, जेट स्की, वेश जम्प, कायाकिङ्ग, फ्लाइ बोर्ड, मोटर बोट, स्नो बोट, |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | प्यारासेलिङ्ग, एडभेन्चर रेसिङ्ग, स्काई वाक लगायत तोकिए बमोजिमका अन्य साहसिक पर्यटकीय गतिविधि सम्झनु पर्छ।" |
| १९. | मा. गणेश पराजुली | २ | **<u>खण्ड (छ) पछि देहायका खण्डहरू थप गर्नुपर्नेः</u>**<br>"(छ१) "टुर तथा ट्राभल एजेन्सी" भन्नाले शुल्क लिई यातायात, भिसा, बिमा, बसोबास, दृश्यावलोकन, भ्रमण वा सोसम्बन्धी सेवाको व्यवस्थापन गर्ने इजाजतपत्रप्राप्त फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।<br>(छ२) "ट्रेकिङ एजेन्सी" भन्नाले पदयात्रा, पर्वतारोहण, साहसिक वा प्रकृतिमा आधारित पर्यटकीय गतिविधिको प्रबन्ध मिलाउने इजाजतपत्रप्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ।<br>(छ३) "पर्यटक यातायात सेवा प्रदायक" भन्नाले पर्यटक वा आन्तरिक पर्यटकलाई पर्यटकीय सवारी साधन उपलब्ध गराउने इजाजतपत्रप्राप्त व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।<br>(छ४) "डिजिटल पर्यटन सेवा प्रदायक" भन्नाले वेबसाइट, मोबाइल एप, अनलाइन बजार, बुकिङ प्लेटफर्म, ओ.टी.ए., च्यानल म्यानेजर वा यस्तै डिजिटल माध्यमबाट नेपालमा उपलब्ध पर्यटन सेवा बिक्री, बुकिङ, सूचीकरण वा सहजीकरण गर्ने व्यक्ति, कम्पनी वा प्लेटफर्म सम्झनु पर्छ।<br>(छ५) "छाता संस्था" भन्नाले पर्यटन व्यवसायीहरूको राष्ट्रिय स्तरको आधिकारिक व्यावसायिक सङ्घ वा मन्त्रालयबाट मान्यता प्राप्त प्रतिनिधिमूलक संस्था सम्झनु पर्छ।"<br>**<u>खण्ड (न) पछी देहायका खण्डहरू थप गर्नुपर्नेः</u>**<br>"(न१) 'जलयात्रा वा साहसिक राफ्टिङ कम्पनी' भन्नाले नदीमा आधारित साहसिक जलयात्रा, राफ्टिङ, कायकिङ, क्यानोइङ, नदी सफारी वा सोसम्बन्धी पर्यटन गतिविधि शुल्क लिई व्यावसायिक रूपमा सञ्चालन, व्यवस्थापन वा प्रबन्ध मिलाउने इजाजतपत्रप्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (ऩ२) 'जलयात्रा व्यवसायीहरूको आधिकारिक छाता संस्था' भन्नाले नेपाल एसोसिएसन अफ र्‍याफ्टिङ एजेन्सिज (नारा) वा मन्त्रालयले मान्यता दिएको राष्ट्रिय स्तरको जलयात्रा तथा नदी पर्यटन व्यवसायीहरूको प्रतिनिधिमूलक संस्था सम्झनु पर्छ।" |
| २०. | मा. क्षितिज थेवे | २ | **<u>खण्ड (घ) मा रहेको,</u>**<br>- "घरबास (होमस्टे) भन्नाले" भन्ने शब्दहरूपछि "शहरी क्षेत्र भन्दा बाहिर" भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| २१. | मा. सुम्निमा उदास | २ | **<u>देहायका खण्डहरू थप गर्नुपर्नेः</u>**<br>"(प) "पर्यटन प्राधिकरण" भन्नाले दफा ... बमोजिम स्थापित नेपाल पर्यटन प्राधिकरण सम्झनु पर्छ।"<br>(फ) "धार्मिक पर्यटन" भन्नाले धार्मिक स्थल, तीर्थयात्रा, मठ-मन्दिर, गुम्बा आदि सम्बन्धी पर्यटन गतिविधि सम्झनु पर्छ।<br>(ब) "दिगो पर्यटन" भन्नाले वातावरण, संस्कृति र स्थानीय समुदायमा न्यूनतम नकारात्मक प्रभाव पारी आर्थिक, सामाजिक तथा वातावरणीय रूपमा दीर्घकालसम्म टिकाउ हुने गरी सञ्चालन गरिने पर्यटन सम्झनु पर्छ।<br>(भ) "प्राधिकरण" ........ बमोजिम स्थापना भएको नेपाल पर्यटन प्राधिकरण सम्झनु पर्छ।<br>(म) "धार्मिक तथा आध्यात्मिक पर्यटन" भन्नाले तीर्थयात्रा, धार्मिक स्थलको दर्शन, ध्यान, योग तथा आध्यात्मिक अनुभवको उद्देश्यले गरिने पर्यटकीय गतिविधि सम्झनु पर्छ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (य) “दिगो पर्यटन” भन्नाले वातावरण, संस्कृति र स्थानीय समुदायमा न्यूनतम नकारात्मक प्रभाव पारी आर्थिक, सामाजिक तथा वातावरणीय रूपमा दीर्घकालसम्म टिकाउ हुने गरी सञ्चालन गरिने पर्यटन सम्झनु पर्छ।” |
| २२. | मा. गुरुप्रसाद बराल | २ | **खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्नुपर्ने:**<br>"(च) **"पर्यटक"** भन्नाले विदेशी मुलुकबाट पर्यटकीय उद्देश्य लिई हवाई वा स्थलमार्गबाट नेपालमा कम्तीमा चौबिस घण्टा बढीमा एक सय पचास दिन समय बिताउने गरी आउने गैर नेपाली नागरिक सम्झनु पर्छ।"<br>(नेपालको भौगोलिक क्षेत्रका नेपाली नागरिक पर्यटकीय उद्देश्य लिई हवाई वा स्थलमार्गबाट कम्तीमा ४८ घण्टा बढीमा ४५ दिनसम्म घरबाट बाहिर गई समय बिताउनेलाई समेत पर्यटक सम्झनुपर्छ।)<br>**देहायका खण्डहरू थप गर्नुपर्ने:**<br>"(फ) “क्रस वोडर पर्यटन” भन्नाले नेपालसँग सिमाना जोडिएका सिमावर्ती क्षेत्र भित्र गरिने पर्यटकीय गतिविधिलाई सम्झनुपर्छ।<br>(ब) “पदयात्रा” भन्नाले राष्ट्रिय वा स्थानीय स्तरमा विकास गरिएका पदमार्गहरूमा छोटो वा लामो समयको यात्रालाई सम्झनुपर्छ जसले पदयात्रामा यात्रा गर्ने पदयात्री समेतलाई सम्झनुपर्छ।<br>(भ) “पर्वतारोही” भन्नाले हिमालचुली आरोहणको लागि विभाग (वा प्रादेशिक पर्यटन सम्बन्धी मन्त्रालय थप्ने) बाट अनुमति प्राप्त व्यक्ति वा पर्वतारोहण दल सम्झनुपर्छ।<br>(म) “प्रादेशिक मन्त्रालय” भन्नाले प्रदेश सरकार अन्तर्गतको पर्यटन सम्बन्धी मन्त्रालय सम्झनुपर्छ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (य) "पर्वतारोही" भन्नाले हिमालचुली आरोहरणको लागि विभाग (वा प्रादेशिक पर्यटन सम्बन्धी मन्त्रालय) बाट अनुमति प्राप्त व्यक्ति वा पर्वतारोहण दल सम्झनुपर्छ।<br>(र) प्रादेशिक मन्त्रालय भन्नाले प्रदेश सरकार अन्तर्गतको पर्यटनसम्बन्धी मन्त्रालय सम्झनुपर्छ।" |
| २३. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | २ | **देहायका खण्डहरू थप गर्नुपर्नेः**<br>"(फ) "आरोग्य पर्यटन" भन्नाले कुनै पनि पर्यटकको सर्वाङ्गिण आरोग्यतासँग सम्बन्धी योग, ध्यान, आयुर्वेद, मसाज, रिट्रिट, लगायतका पर्यटकीय गतिविधि भनेर सम्झिनु पर्दछ।<br>(ब) "कृषि पर्यटन" भन्नाले कुनै पनि पर्यटकले नेपालको कृषि प्रणाली, पशुपालन, बालीनाली हेर्न, कृषिसम्बन्धी ज्ञान सिक्न वा अनुभव लिन आउने कृषि सम्बन्धी रोपाईं, दाईं हाल्ने, यार्सा गुम्बा संकलन, हनी हन्टिङ लगायतका पर्यटकीय गतिविधि भनेर सम्झिनु पर्दछ।<br>(भ) "रैथाने पर्यटन" भन्नाले स्थानीय समुदायको जीवनशैली र संस्कृति, स्थानीय रैथाने, परम्परागत ज्ञान तथा लोक गीत, नाच, संस्कृतिलाई हेर्न, त्यससम्बन्धी ज्ञान सिक्न वा अनुभव लिन आउनेसँग सम्बन्धित पर्यटकीय गतिविधिलाई सम्झिनु पर्दछ।<br>(म) "पर्यापर्यटन" भन्नाले प्राकृतिक वातावरणलाई कम प्रभाव पर्ने तरिकाले प्रकृतिमा रमाउन, प्रकृतिको अनुभव लिन गरिने पदयात्रा, चरा अवलोकन, जङ्गल सफारी लगायतका पर्यटकीय गतिविधि सम्झिनु पर्दछ।" |
| २४. | मा. भरत प्रसाद पराजुली | २ | **खण्ड (छ) पछि देहायका खण्डहरू थप गर्नुपर्नेः**<br>"(छ१) "टुर तथा ट्राभल एजेन्सी" भन्नाले शुल्क लिई यातायात, भिसा, बिमा, बसोबास, दृश्यावलोकन, भ्रमण वा सोसम्बन्धी सेवाको व्यवस्थापन गर्ने इजाजतपत्रप्राप्त फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (छ२) "ट्रेकिङ एजेन्सी" भन्नाले पदयात्रा, पर्वतारोहण, साहसिक वा प्रकृतिमा आधारित पर्यटकीय गतिविधिको प्रबन्ध मिलाउने इजाजतपत्र प्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ।<br>(छ३) "पर्यटक यातायात सेवा प्रदायक" भन्नाले पर्यटक वा आन्तरिक पर्यटकलाई पर्यटकीय सवारी साधन उपलब्ध गराउने इजाजतपत्र प्राप्त व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।<br>(छ४) "डिजिटल पर्यटन सेवा प्रदायक" भन्नाले वेबसाइट, मोबाइल एप, अनलाइन बजार, बुकिङ प्लेटफर्म, ओ.टी.ए., च्यानल म्यानेजर वा यस्तै डिजिटल माध्यमबाट नेपालमा उपलब्ध पर्यटन सेवा बिक्री, बुकिङ, सूचीकरण वा सहजीकरण गर्ने व्यक्ति, कम्पनी वा प्लेटफर्म सम्झनु पर्छ।<br>(छ५) "छाता संस्था" भन्नाले पर्यटन व्यवसायीहरूको राष्ट्रिय स्तरको आधिकारिक व्यावसायिक सङ्घ वा मन्त्रालयबाट मान्यता प्राप्त प्रतिनिधिमूलक संस्था सम्झनु पर्छ।” |
| २५. | मा. बोध नारायण श्रेष्ठ | २ | **खण्ड (ख) मा रहेको,**<br>- “चौबिस घण्टा” भन्ने शब्दहरूपछि “पर्यटकीय गतिविधिमा संलग्न हुनेगरी” भन्ने शब्दहरू थप गर्नुपर्ने।<br>**<u>खण्ड (च)</u> मा रहेको,**<br>- “चौबिस घण्टा” भन्ने शब्दहरूको सट्टा “दश घण्टा” भन्ने शब्दहरू राख्नुपर्ने।<br>**खण्ड (ङ) मा रहेको,**<br>- “मन्त्रालय” भन्ने शब्दको परिभाषामा “प्रदेश पर्यटन मन्त्रालय र स्थानीय तह” भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| २६. | मा. गणेश पराजुली | २क (दफा थप) | **<u>दफा २ पछि देहायको दफा २क थप गरी दफाक्रम मिलाउनु पर्नेः</u>** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "२क. <u>निर्यातमुखी सेवा उद्योगको रूपमा मान्यता:</u> यस ऐन बमोजिम दर्ता भई विदेशी मुद्रा आर्जन गर्ने पर्यटन उद्योगलाई प्रचलित कानुनबमोजिम निर्यातमुखी सेवा उद्योगसरह मान्यता, सहुलियत, प्रोत्साहन तथा विदेशी मुद्रा कारोबारमा सहजीकरण प्रदान गर्न सकिनेछ।" |
| २७. | मा. भरत प्रसाद पराजुली | २क (दफा थप) | **<u>दफा २ पछि देहायको दफा २क थपी दफाक्रम मिलाउनु पर्ने:</u>**<br>"२क. <u>निर्यातमुखी सेवा उद्योगको रूपमा मान्यता:</u> यस ऐन बमोजिम दर्ता भई विदेशी मुद्रा आर्जन गर्ने पर्यटन उद्योगलाई प्रचलित कानुनबमोजिम निर्यातमुखी सेवा उद्योगसरह मान्यता, सहुलियत, प्रोत्साहन तथा विदेशी मुद्रा कारोबारमा सहजीकरण प्रदान गर्न सकिनेछ।" |
| २८. | मा. गंगालक्ष्मी अवाल | ३ | **<u>उपदफा (१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने:</u>**<br>- "सांस्कृतिक सम्पदा, परम्परागत हस्तकला, काष्ठकला, मुर्तिकला र मौलिक संस्कृतिमा आधारित उद्योगलाई समावेश गर्ने।" |
| २९. | मा. विपिन कुमार कार्की | ३ | **<u>उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने:</u>**<br>"(३) होटल, रिसोर्ट तथा आतिथ्य सेवाको स्तर निर्धारण, वर्गीकरण र सञ्चालन मापदण्ड निर्धारण गर्दा विश्वव्यापी ढाँचा (Universal Design), अपाङ्गमैत्री पूर्वाधार, ऊर्जा दक्षता, वातावरणीय दायित्व तथा शून्य/न्यून कार्बन अभ्यास (Zero/Low Carbon Practice) लाई आधार मानिनेछ।" |
| ३०. | मा. गणेश कार्की | ३ | **<u>उपदफा (१) र (२) मा रहेको,</u>**<br>- "वर्गीकरण," भन्ने शब्द पछि ", अनुगमन" भन्ने शब्द थप गर्नुपर्ने। |
| ३१. | मा. यज्ञ बहादुर बोगटी | ३ | **<u>उपदफा (१) मा रहेको,</u>**<br>- **"सञ्चालन सम्बन्धी"** भन्ने शब्दहरूपछि **"अन्तर्राष्ट्रिय"** भन्ने शब्द थप गर्नुपर्ने। |
| ३२. | मा. सुम्निमा उदास | ३ | **<u>देहायको उपदफा (३) थप गर्नुपर्ने:</u>** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(३) होटल, रिसोर्ट तथा पर्यटन व्यवसायको स्तर निर्धारण र वर्गीकरण गर्दा सेवाको गुणस्तर, सरसफाइ, सुरक्षा, अपाङ्गता भएका व्यक्ति समेतका लागि पहुँचयुक्तता र वातावरणीय दिगोपनलाई आधार बनाई प्राधिकरणले प्रमाणीकरण **(certification)** प्रणाली लागु गर्नेछ। प्रमाणीकरण प्राप्त व्यवसायको विवरण सर्वसाधारणले हेर्न सक्ने गरी सार्वजनिक गरिनेछ।" |
| ३३. | मा. लिमा अधिकारी (आचार्य) | ४ | **<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने:</u>**<br>"(३) उपदफा (२) बमोजिम परेको निवेदनको सम्बन्धमा विभागले सो को ३५ दिन भित्र जाँचबुझ तथा स्थलगत निरीक्षण गर्दा दफा ३ बमोजिमको मापदण्ड पूरा गरेको देखिएमा विभागले दस्तुर लिई होटल वा रिसोर्ट सञ्चालनको इजाजतपत्र जारी गर्न सक्नेछ।" |
| ३४. | मा. योगेश गौचन थकाली,<br>मा. गीता गुरूङ | ४ | **<u>उपदफा (७) पछि देहायको उपदफा (८) थप गर्नुपर्ने:</u>**<br>"(८) इजाजतपत्र डिजिटल माध्यमबाट लिन सकिने: यस ऐन बमोजिम लिइने इजाजतपत्रको प्रक्रिया पूर्ण रूपमा डिजिटल माध्यम **(Digital Platform)** बाट गर्न सकिनेछ।" |
| ३५. | मा. अनुश्का श्रेष्ठ | ४ | **<u>देहायको उदफा (८) थप गर्नुपर्ने:</u>**<br>"(८) यस ऐन बमोजिम इजाजतपत्र प्राप्त प्रत्येक पर्यटन व्यवसायले विभागले तोकेको ढाँचामा QR Code वा अन्य डिजिटल प्रमाणीकरण चिन्ह प्रयोग गर्नुपर्नेछ।" |
| ३६. | मा. गणेश बहादुर विश्वकर्मा | ४ | **<u>उपदफा (६) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने:</u>**<br>"तर यसरी कुनै एक प्रदेश वा सङ्घीय निकायमा दर्ता भई अनुमति प्राप्त गरेका पर्यटन व्यवसाय र पर्यटकीय सवारी साधनलाई "अन्तर-प्रादेशिक पारस्परिक मान्यता" |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | दिइनेछ। साथै, प्रदेश र स्थानीय तहले जथाभावी लगाउने अव्यवहारिक प्रवेश शुल्क र दोहोरो करलाई नियन्त्रण गरी करको "एकद्वार प्रणाली" लागु गरिनेछ।"<br>**उपदफा (७) को सट्टा देहायको उपदफा (७) राख्नुपर्ने:**<br>"(७) उपदफा (१) र (६) मा उल्लेख भएदेखि बाहेकका होटल, लज, रेष्टुराँ, पार्टी प्यालेस, ब्याङ्क्वेट, डान्सबार, क्लब, दोहोरी साँझ, गजल रेष्टुराँ, बार (पव) र स्पाको इजाजतपत्र, त्यस्तो इजाजतपत्रको नवीकरण, निलम्बन, नामसारी, स्थानान्तरण तथा खारेजी सम्बन्धी व्यवस्था स्थानीय कानुन बमोजिम हुनेछ।<br>**उपदफा (७) पछि देहायको उपदफा (८) र (९) थप्नुपर्ने:**<br>"(८) उपदफा (६) बमोजिम प्रदेशले र उपदफा (७) बमोजिम स्थानीय तहले कानुन बनाउँदा मन्त्रालयले तोकेको न्यूनतम मापदण्डलाई आधार लिनुपर्नेछ।<br>(९) उपदफा (१) बमोजिम अनुमति पत्र नलिई सञ्चालनको होटल तथा रिसोर्टले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र विभागबाट अनुमति पत्र लिनुपर्नेछ।" |
| ३७. | मा. हरि प्रसाद भुसाल | ४ | **उपदफा (७) पछि देहायको उपदफा (८) थप गर्नुपर्ने:**<br>"(८) इजाजतपत्र लिएको छ महिनाभित्र नेपाली र अंग्रेजी दुवै भाषामा वेबसाइट (Website) सञ्चालन गर्नुपर्नेछ।" |
| ३८. | मा. कमल सुवेदी | ४ | **उपदफा (६) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने:**<br>- "तर संविधानको एकल सूची बमोजिम स्थानीय तहमा सञ्चालन हुने होमस्टे र स्थानीय पर्यटकीय शुल्कको दर निर्धारण स्थानीय सरकार सञ्चालन ऐन अनुकुल स्थानीय तह आफैंले गर्नेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ३९. | मा. गणेश कार्की | ४ | <u>उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्ने:</u><br>"(६) तीन तारा वा सो भन्दा तल्लो स्तरका होटल र रिसोर्ट, अन्य होटल, लज, रेष्टुराँ, पार्टी प्यालेस, डान्सबार, क्लब, दोहोरी साँझ, गजल रेष्टुराँ, बार (पब) र स्पाको सुरक्षा र गुणस्तरको न्यूनतम मापदण्ड संघीय कानुन बमोजिम हुनेछ।" |
| ४०. | मा. गणेश पराजुली | ४ | <u>उपदफा (६) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने:</u><br>- "तर संघीय वा कुनै प्रदेश निकायमा दर्ता भई इजाजतप्राप्त पर्यटन व्यवसाय, ट्राभल/ट्रेकिङ एजेन्सी, जलयात्रा कम्पनी वा पर्यटकीय सवारी साधनलाई अन्तर-प्रदेश पारस्परिक मान्यता दिइनेछ। प्रदेश वा स्थानीय तहबाट हुने दोहोरो कर, अनावश्यक प्रवेश शुल्क वा प्रशासनिक अवरोधलाई एकद्वार प्रणालीमार्फत व्यवस्थित गरिनेछ।" |
| ४१. | मा. भरत प्रसाद पराजुली | | |
| ४२. | मा. एशुदा कुमारी बराल | ४ | <u>उपदफा (४) मा रहेको,</u><br>- "पाँच वर्षको" भन्ने शब्दहरूको सट्टा "दश बर्षको" भन्ने शब्दहरू राख्नुपर्ने। |
| ४३. | मा. यज्ञ बहादुर बोगटी | ४ | <u>उपदफा (२) मा रहेको,</u><br>- **"तोकिए बमोजिमका"** भन्ने शब्दहरूको सट्टा **"नियमावली बमोजिम"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| ४४. | मा. गुरुप्रसाद बराल | ४ | <u>उपदफा (१) मा रहेको,</u><br>- "माथिल्लो स्तरको" भन्ने शब्दहरूपछि "वा असी कोठाभन्दा बढी क्षमता भएको" भन्ने शब्दहरू थप गर्नुपर्ने।<br>- उपदफा (१) मा मध्यपहाडी भौगोलिक क्षेत्रमा ५०, हिमाली क्षेत्रमा ३० थप गर्नुपर्ने। |
| ४५. | मा. डा. धनञ्जय रेग्मी | ४ | <u>उपदफा (२)</u> मा रहेको, |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | - "विभागमा निवेदन दिनु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "विभागले तोकेको विद्युतीय (Online) प्रणालीमार्फत आवश्यक कागजात तथा विवरण पेश गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने । |
| ४६. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | ४ | <u>**उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नुपर्ने:**</u><br>"(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनको चार तारा वा सो भन्दा माथिल्लो स्तरका होटल वा रिसोर्टले यो ऐन जारी भएको मितिले ६ महिनाभित्र यस दफा बमोजिम इजाजतपत्र लिनु पर्नेछ । " |
| ४७. | मा. गणेश कार्की | ५ | <u>**उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थप गर्नुपर्ने:**</u><br>"(४) उपदफा (१) बमोजिम निवेदन नआएमा स्वतः निलम्बन हुनेछ ।"<br>"(५) उपदफा (१) बमोजिम नविकरणका लागि आएका निवेदन उपर बढिमा ६० दिनभित्र निर्णय दिनु पर्नेछ ।" |
| ४८. | मा. बोध नारायण श्रेष्ठ | ५ | <u>**उपदफा (१) मा रहेको,**</u><br>- "विभागमा निवेदन दिनु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "विभागमा सोझै वा प्रदेश मन्त्रालयमार्फत निवेदन दिन सक्ने, विभागले प्रदेश मन्त्रालय मार्फत अनुमति दिने" भन्ने शब्दहरू राख्नुपर्ने । |
| ४९. | मा. आशिष गजुरेल | ६ | <u>**उपदफा (५) मा देहायको थप गर्नुपर्ने:**</u><br>"(६) खाद्य सुरक्षाको आधारभूत मापदण्ड सबै तहका -होटल र रेस्टुरेन्टहरूमा अनिवार्य लागु गरिनुपर्छ । यसलाई केन्द्र र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग (DFTQC) सँग समन्वय गरी नियमित अनुगमन गर्नु पर्नेछ" |
| ५०. | मा. गणेश बहादुर विश्वकर्मा | ६ | <u>**उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने:**</u> |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(३) उपदफा (२) बमोजिम तोकिएको समयावधिभित्र तोकेको सेवा र मापदण्ड पूरा नगरेको पाइएमा तत्काल निलम्बन नगरी क्रमिक सजाय व्यवस्था अनुसार, चेतावनी र सुधारात्मक कार्य अवधि प्रदान गरी व्यवसायको आकार अनुसार समानुपातिक जरिवाना तोकिनेछ।" |
| ५१. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | ६ | <u>**दफा ६ मा देहायका उपदफाहरू थप गर्नुपर्ने:**</u><br>"(६) कुनै पनि होटलले सरकारी मापदण्ड पूरा नगरी आफूलाई "तारे होटल" (Star Hotel) भनी विज्ञापन, प्रचारप्रसार वा दाबी गर्न पाउने छैन।<br>(७) तारे होटलको मान्यता प्राप्त गर्न नेपाल सरकारद्वारा निर्धारित भौतिक सुविधा, सेवाको गुणस्तर तथा अन्य मापदण्डहरू अनिवार्य रूपमा पूरा गरेको हुनु पर्नेछ।<br>(८) मापदण्ड नपुगी तारे होटलको दाबी गर्ने होटललाई कानुन बमोजिम कारबाही गरिनेछ।<br>(९) तारे होटल लगायत सम्पूर्ण वर्गीकृत होटलहरूले आफ्नो सेवाको गुणस्तर तथा वर्गीकरणको आधारमा नेपाल सरकारले तोकेको शुल्क संरचना (Cost Regulation) भित्र रही मात्र शुल्क लिन पाउनेछन्।<br>(१०) सरकारले तोकेको दरभन्दा बढी शुल्क असुल गर्न वा मनलागी मूल्य निर्धारण गर्न पाउने छैन।" |
| ५२. | मा. एशुदा कुमारी बराल | ७ | **उपदफा (२) मा रहेको,**<br>- आवश्यकता अनुसार" भन्ने शब्दहरू पछि "एक महिला सहित" भन्ने शब्दहरू थप गर्नुपर्ने।<br>- "दुई जना सम्म" भन्ने शब्दहरूपछि "सम्बन्धित क्षेत्रको" भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| ५३. | मा. हरि प्रसाद भुसाल | ८ | <u>**दफा ८ मा देहायका शब्दहरू थप गर्नुपर्ने:**</u> |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | - "मूल्यसूची वेबसाइटमा प्रष्ट देखिनेगरी प्रकाशन हुनु पर्नेछ।" |
| ५४. | मा. गणेश कार्की | **८** | **<u>दफा ८ मा रहेको,</u>**<br>- "सुविधाको स्तर, सोको" भन्ने शब्दहरूपछि "अद्यावधिक" भन्ने शब्द थप गर्नुपर्ने। |
| ५५. | मा. सुम्निमा उदास | **परिच्छेद-२ पछि परिच्छेद थप (दफा थप)** | **<u>परिच्छेद २ पछि देहायका दफाहरू थप गर्नुपर्नेः</u>**<br>**दफा थप.** "**<u>पर्यटक उपभोक्ता संरक्षणः</u>** (१) पर्यटकलाई उपलब्ध गराइने सेवा सुविधाको मूल्य, गुणस्तर र सर्तबारे अग्रिम र स्पष्ट जानकारी पाउने हक हुनेछ।<br>(२) सेवा सम्बन्धी गुनासो सुन्न र छिटो समाधान गर्न प्राधिकरणले पर्यटक गुनासो व्यवस्थापन इकाई तथा डिजिटल पोर्टल सञ्चालन गर्नेछ।<br>(३) ठगी, अधिक मूल्य असुली वा गुणस्तरहीन सेवा प्रदान गरेमा पर्यटकलाई क्षतिपूर्ति दिलाउने व्यवस्था गरिनेछ।"<br>**दफा थप.** "**<u>धार्मिक तथा आध्यात्मिक पर्यटन प्रवर्धनः</u>** (१) नेपालका धार्मिक, आध्यात्मिक तथा तीर्थस्थलहरूको पहिचान, संरक्षण, पूर्वाधार विकास र प्रवर्धन गरी धार्मिक तथा आध्यात्मिक पर्यटनलाई प्रोत्साहन गरिनेछ।<br>(२) बुद्ध जन्मस्थल लुम्बिनी, पशुपतिनाथ लगायतका स्थललाई केन्द्रमा राखी एकीकृत धार्मिक पर्यटकीय परिपथ **(circuit)** विकास गर्न प्रदेश तथा स्थानीय तहसँग समन्वय गरिनेछ।<br>(३) धार्मिक स्थलको मौलिकता, पवित्रता र संस्कृति जोगाउने गरी पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | **दफा थप.** "**<u>दिगो, हरित तथा जलवायु अनुकूल पर्यटनः</u>** (१) पर्यटन पूर्वाधारको निर्माण र पर्यटन व्यवसायको सञ्चालन गर्दा वातावरण संरक्षण, कार्बन उत्सर्जन न्यूनीकरण, फोहोरमैला व्यवस्थापन र नवीकरणीय ऊर्जाको प्रयोगलाई प्राथमिकता दिनुपर्नेछ।<br>(२) हिमाली तथा संवेदनशील पारिस्थितिक क्षेत्रमा जलवायु परिवर्तनको जोखिम न्यूनीकरण र अनुकूलनका उपाय अवलम्बन गरिनेछ।<br>(३) पर्यटन व्यवसायलाई हरित प्रमाणीकरण **(green certification)** तर्फ प्रोत्साहन गर्न छुट तथा सहुलियतको व्यवस्था गर्न सकिनेछ।"<br>**दफा थप.** "**<u>पर्यटनको लाभ स्थानीय समुदायसम्म पुऱ्याउनेः</u>** (१) पर्यटनको लाभ ग्रामीण तथा विपन्न समुदायसम्म पुर्‍याउन समुदायमा आधारित पर्यटन, घरबास र स्थानीय उत्पादनको प्रवर्धन गरिनेछ।<br>(२) जातीय, लैङ्गिक तथा सामाजिक विभेदका कारण पर्यटन व्यवसायमा संलग्न हुनबाट वञ्चित वर्ग तथा समुदायलाई तालिम, चेतना र प्राथमिकताका कार्यक्रममार्फत समावेश गरिनेछ।<br>(३) पर्यटन व्यवसायमा स्थानीय जनशक्ति, उत्पादन र सेवाको उपयोगलाई प्रोत्साहन गरिनेछ।"<br>**दफा थप.** **<u>"नेपाल पर्यटन प्राधिकरण" को स्थापनाः</u>** (१) पर्यटन क्षेत्रको प्रवर्धन, व्यवस्थापन, नियमन, स्तर निर्धारण तथा इजाजत सम्बन्धी कार्य गर्न नेपाल सरकारले एक स्वायत्त र संगठित संस्थाको रूपमा नेपाल पर्यटन प्राधिकरणको स्थापना गर्नेछ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता<br>माननीय सदस्यहरू | विधेयकको<br>प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (२) हालको पर्यटन विभागलाई पुनर्संरचना गरी प्राधिकरणमा रूपान्तरण गर्न सकिनेछ र विभागको सम्पत्ति, दायित्व र कर्मचारी प्राधिकरणमा सर्नेछन्।<br>(३) प्राधिकरणले प्रवर्धनात्मक कार्य र नियमनकारी कार्य फरक-फरक महाशाखामार्फत स्वार्थको द्वन्द्व नहुने गरी सम्पादन गर्नेछ। |
| ५६. | मा. योगेश गौचन थकाली,<br>मा. गीता गुरूङ | **१०क**<br>**(दफा थप)** | **दफा १० पछि देहायको दफा १०क थप गर्नुपर्नेः**<br>"**१०क. तालिमको व्यवस्थाः** नयाँ हिमचुलीहरूको नामकरण गरी आरोहण खुला गरिएपश्चात सो क्षेत्रका स्थानीय बासिन्दालाई प्राथमिकता दिई पर्वतारोहण (Mountain Guide) तथा उद्धार (Rescue) सम्बन्धी तालिम प्रदान गरिनेछ।" |
| ५७. | मा. अशोक कुमार चौधरी | १० | **उपदफा (३) मा देहायका शब्दहरू थप गर्नुपर्नेः**<br>- "हिमचुलीको नामाकरण गर्ने तथा पर्वतारोहणका लागि हिमालचुली खुला गर्ने प्रक्रियामा "स्थानीय तहको सिफारिस अनिवार्य हुने" |
| ५८. | मा. परशुराम तामाङ्ग | १० | **उपदफा (३) मा रहेको**<br>- **"हिमालचुलीको"** भन्ने शब्दपछि **"आदिवासी तथा स्थानीय मातृभाषा"** भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| ५९. | मा. गणेश कार्की | १० | **दफा (२) मा रहेको,**<br>- "निश्चित अवधिको" भन्ने शब्दहरूपछि "अनिश्चितकाल" भन्ने शब्द थप गर्नुपर्ने। |
| ६०. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | **परिच्छेद-३ मा**<br>**(थप दफा)** | **परिच्छेद ३ मा देहायको दफा थप गरी दफाक्रम मिलाउनु पर्नेः**<br>"**दफा थप. पर्वतारोहण व्यवसाय सञ्चालनः** (१) पर्वतारोहण सम्बन्धी सम्पूर्ण व्यावसायिक गतिविधि, Expedition को प्रचार प्रसार, Package बिक्रि नेपालमा विधिवत् दर्ता तथा इजाजत प्राप्त नेपाली ट्रेकिङ एजेन्सीमार्फत मात्र सञ्चालन हुनेछ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (२) नेपालभित्र सञ्चालन हुने हिमाल आरोहण तथा अभियान (Expedition) सम्बन्धी प्याकेज, सेवा वा कार्यक्रम नेपालमा प्रचलित कानुन बमोजिम दर्ता भई इजाजत प्राप्त नेपाली कम्पनीमार्फत मात्र बिक्री तथा सञ्चालन गर्न पाइनेछ। विदेशी कम्पनीले प्रत्यक्ष रूपमा त्यस्ता अभियान वा प्याकेज बिक्री गर्न पाउने छैन।<br>(४) यस ऐन बमोजिम इजाजत प्राप्त ट्रेकिङ्ग एजेन्सीले पर्वतारोहण सम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराउँदा नेपाल सरकारले तोकेको परिवर्त्य विदेशी मुद्रामा बील भुक्तानी हुने गरी कारोबार गर्नु पर्नेछ।<br>(५) ट्रेकिङ एजेन्सीले आरोहीसँग पर्वतारोहणसम्बन्धी सेवाका लागि लिने सेवा शुल्क लगायत सम्पूर्ण आर्थिक कारोबार नेपाली बैङ्कमार्फत गर्नु पर्नेछ।<br>(६) उपदफा (४) बमोजिम आर्जन गरेको सबै विदेशी मुद्राको कारोबार नेपाल राष्ट्र बैङ्क मार्फत गर्नु पर्नेछ।<br>(७) उपदफा (१), (२), (३), (४), (५) बमोजिम कारोबार भए नभएको नेपाल सरकारले जाँच गर्न सक्नेछ।" |
| ६१. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | १० | **देहायको उपदफा थप गर्नुपर्ने:**<br>"(४) **हिमाल आरोहण अनुमति सम्बन्धमा:** (क) नेपालका सम्पूर्ण हिमालचुलीमा आरोहण खुला गर्दा हिमालको भौतिक वहन क्षमता, उपलब्ध अनुकूल मौसम अवधि (Weather Window) तथा हिमालमा सिर्जना हुन सक्ने भिडभाडलाई दृष्टिगत गरी प्रत्येक आरोहण सिजनमा प्रत्येक हिमालका लागि अनुमति दिइने आरोहीको अधिकतम सङ्ख्या निर्धारण गरिनेछ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (ख) उक्त निर्धारित सङ्ख्याभित्रका आरोहण अनुमतिपत्र (Permit) हरूलाई न्यूनतम मूल्य तोकेर लिलाम बढाबढ (Auction) गरि सबैभन्दा बढी मूल्य तिर्ने व्यक्ति वा समूहलाई दिइनेछ र इच्छुक आरोहीले सो प्रक्रियामा सहभागी भई अनुमतिपत्र प्राप्त गर्नुपर्नेछ।<br>(ग) पर्वतारोहणका क्रममा हिमालमा स्थापना गरिने आधार शिविर (Base Camp) तथा माथिल्ला शिविर (Upper Camp) हरूका लागि तोकिएको क्षेत्रभित्र मात्र शिविर स्थापना गर्न प्लट निर्धारण गरिनेछ। त्यस्ता प्लटहरू पर्वतारोहण अनुमति प्राप्त दलहरूका लागि पर्यटन विभागले केन्द्रीय रूपमा भागबन्डा तथा निर्धारण गरी पर्वतारोहण दललाई स्थान उपलब्ध गराउनेछ।” |
| ६२. | मा. अशोक कुमार चौधरी | ११ | **<u>उपदफा (७) मा देहायका शब्दहरू थप गर्नुपर्ने:</u>**<br>- “पर्वतारोहीको स्वास्थ्य परीक्षण र आपतकालीन उद्धार बिमा” |
| ६३. | मा. योगेश गौचन थकाली,<br>मा. गीता गुरूङ | ११ | **<u>उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउनु पर्ने:</u>**<br>“(३) पर्वतारोहणका लागि लिनुपर्ने अनुमति सम्बन्धित निकायको डिजिटल पोर्टल (Digital Portal) मार्फत पनि लिन सकिनेछ।” |
| ६४. | मा. गणेश बहादुर विश्वकर्मा | ११ | **<u>दफा ११ को सट्टा देहायको दफा ११ राख्नुपर्ने:</u>**<br>“**११. <u>पर्वतारोहण गर्न अनुमति लिनु पर्ने:</u>** (१) पर्वतारोहण गर्न चाहने पर्वतारोहण दलले विभागबाट अनुमति लिनु पर्नेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित प्रदेशभित्रको छ हजार पाँच सय मिटर वा सोभन्दा कम उचाइको हिमालचुली आरोहणको अनुमति प्रदेश कानुन बमोजिम तोकिएको निकायबाट लिनु पर्नेछ। तर दुई वा दुईभन्दा बढी |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | प्रदेशको सिमानामा रहेको हिमालचुली आरोहणको अनुमतिको हकमा उपदफा (१) बमोजिम विभागबाट लिनुपर्नेछ।<br>(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको उचाइसम्मका हिमालचुली आरोहण गर्न अनुमति लिनुपर्ने छैन।<br>(४) उपदफा (१) र (२) बमोजिम अनुमति लिन चाहने पर्वतारोहण दलले इजाजत प्राप्त पर्यटन सेवाप्रदायक संस्था मार्फत दफा १३ बमोजिमको पर्वतारोहण योजना र निवेदन दस्तुर तथा कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ।<br>(५) उपदफा (४) बमोजिम निवेदन दिँदा पर्वतारोहण दलको सदस्य, सम्पर्क अधिकृत, सरदार, पर्वतारोहण पथप्रदर्शक र अन्य पर्वतारोहण सहयोगीको लागि मान्यता प्राप्त पर्वतारोहण सम्बन्धी प्रशिक्षण संस्थाबाट सम्बन्धित विषयको प्रशिक्षण लिएको प्रमाणपत्र र नेपाल सरकारबाट मान्यताप्राप्त स्वास्थ्य संस्थाबाट पछिल्लो एक महिनाभित्र गरेको स्वास्थ्य परीक्षण प्रमाणपत्र समेत पेस गर्नुपर्नेछ।<br>(६) उपदफा (४) र (५) बमोजिम प्राप्त कागजात, पर्वतारोहण योजना र प्रमाणपत्र जाँचबुझ गर्दा हिमालचुली आरोहणको लागि अनुमति दिन उपयुक्त देखिएमा पर्वतारोहण मार्ग र सर्तहरू तोकी पर्वतारोहण अनुमति दिन सकिनेछ। तर दफा १० बमोजिम नेपाल सरकारले खुला नगरेको हिमालचुली आरोहणको लागि अनुमति दिइने छैन।<br>(७) उपदफा (५) बमोजिमको स्वास्थ्य परीक्षण प्रमाणपत्रमा स्वास्थ्य स्थिति सन्तोषजनक नदेखिएको व्यक्तिलाई पर्वतारोहण गर्ने वा पर्वतारोहण दलसँग जाने अनुमति दिइने छैन। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको कम्तीमा सात हजार मिटरभन्दा अग्लो कुनै एउटा हिमालचुली आरोहण गरेको अभिलेख पेस गरेपछि मात्र सगरमाथा आरोहणको अनुमतिपत्र जारी गरिनेछ।" |
| ६५. | मा. गणेश कार्की | ११ | **<u>उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको,</u>**<br>- "तर दफा ९" भन्ने शब्दहरूको सट्टा "तर दफा १०" भन्ने शब्दहरू राख्नुपर्ने।<br>**<u>उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्ने:</u>**<br>"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको कम्तीमा सात हजार मिटर भन्दा अग्लो कुनै एउटा र आठ हजार भन्दा अग्लो कुनै एउटा हिमालचुली आरोहण गरेको अभिलेख पेस गरेपछि मात्र सगरमाथा आरोहणको अनुमतिपत्र जारी गरिनेछ।" |
| ६६. | मा. मनिष झा | ११ | **<u>उपदफा (३) पछि देहायको उपदफा (४) थपी त्यससपछिका उपदफाक्रम मिलाउनुपर्ने:</u>**<br>"(४) यस दफा बमोजिम पर्वतारोहण अनुमति प्रदान गर्दा सम्बन्धित हिमाल आरोहणको पूर्व अनुभव, स्वास्थ्य परीक्षण तथा rescue insurance अनिवार्य हुनेछ।" |
| ६७. | मा. डा. धनञ्जय रेग्मी | ११ | उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्ने:<br>- "८,००० मिटरभन्दा अग्ला हिमाल आरोहण अनुमति प्राप्त गर्न कम्तीमा दुई वटा ६,००० मिटरभन्दा अग्ला र एउटा ७,००० मिटरभन्दा अग्ला हिमाल सफलतापूर्वक आरोहण गरेको प्रमाण पेस गर्नु पर्नेछ।" |
| ६८. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | ११ | **<u>उपदफा (१), (२) र (६) को सट्टा देहायको उपदफा (१), (२) र (६) राख्नुपर्ने:</u>** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको हिमालचुलीमा मात्र पर्वतारोहण गर्न पाइनेछ र सो हिमालचुलीमा पर्वतारोहण गर्न अनिवार्य रुपमा विभागबाट अनुमति पत्र लिनुपर्नेछ।<br>(२) अनुमति लिन चाहने पर्वतारोहण दलले इजाजत प्राप्त नेपालमा दर्ता भएको ट्रेकिङ्ग एजेन्सी मार्फत दफा १३ बमोजिमको पर्वतारोहण योजना र निवेदन दस्तुर तथा कागजात संलग्न गरी विभागमा निवेदन दिनुपर्नेछ।<br>(क) यदि कुनै विदेशी कम्पनिले पर्वतारोहण गर्न चाहेमा नेपालमा इजाजत प्राप्त नेपाली ट्रेकिङ एजेन्सी मार्फत निवेदन दिनुपर्नेछ।<br>(ख) विदेशी नागरिकहरूको हकमा नेपाली हिमालचुलीहरूमा अनुमति पत्र लिएर मात्र पर्वतारोहण गर्न पाउने छन् र त्यसबाहेक अन्य कुनै आयमुलक रोजगारीमा संलग्न हुन पाउने छैनन्।<br>(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको कम्तीमा ७,००० मिटरभन्दा अग्लो कुनै एउटा हिमालचुली र नेपालको ८,००० मिटर भन्दा अग्लो कुनै दुई वटा हिमालचुली आरोहण गरेको अभिलेख पेस गरेपछि मात्र सगरमाथा आरोहणको अनुमतिपत्र जारी गरिनेछ।<br>सगरमाथा बाहेक अन्य हिमालको हकमा नेपालको ७,००० मिटर भन्दा अग्लो कुनै एक हिमालचुलिको आरोहण गरेको अभिलेख पेश गरेपछि मात्र ८,००० मि अग्लो हिमाल आरोहणको अनुमतिपत्र जारी गरिनेछ।"<br>**<u>देहायको उपदफा थप गर्नुपर्नेः</u>**<br>(८) "हिमाल आरोहण गर्ने आरोहण दलका प्रत्येक आरोही तथा आरोहण दलका सदस्यले सम्पुर्ण अनुकूलन (Acclimatization) प्रक्रिया नेपालमा नै पूरा गर्नुपर्नेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ६९. | मा. बोध नारायण श्रेष्ठ | ११ | <u>उपदफा (१), (२) र (४) मा रहेको,</u><br>- "विभागमा निवेदन दिनु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "विभागमा सोझै वा प्रदेश मन्त्रालय मार्फत निवेदन दिन सक्ने, विभागले प्रदेश मन्त्रालय मार्फत अनुमति दिने" भन्ने शब्दहरू राख्नुपर्ने।<br>**<u>उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्ने:</u>**<br>"(६) सगरमाथा चढ्नुअघि नेपालकै कम्तीमा दुई हिमाल (सानो/मझौला) आरोहण गरेको हुनुपर्ने।" |
| ७०. | मा. लिमा अधिकारी (आचार्य) | १२ | **<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने:</u>**<br>"(१) पर्वतारोहण क्रममा हिमालचुलीबाट कुनै साहसिक पर्यटकीय क्रियाकलाप गर्न चाहने पर्वतारोहीले प्रचलित कानुन बमोजिम नागरिक उड्डयन सेवा सञ्चालनको अनुमति दिने निकाय बाट अनुमति लिनुपर्नेछ।" |
| ७१. | मा. गणेश बहादुर विश्वकर्मा | १२ | <u>उपदफा (१) मा रहेको,</u><br>- **"मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट"** भन्ने शब्दहरूको सट्टा **"प्रचलित कानुन बमोजिम नागरिक उड्डयन सेवा सञ्चालनको अनुमति दिने निकायबाट"** भन्ने शब्दहरू राख्नुपर्ने।<br><u>उपदफा (२) मा रहेको,</u><br>- **"मन्त्रालय वा मन्त्रालयले तोकेको"** भन्ने शब्दहरूको सट्टा **"अनुमति दिने"** भन्ने शब्दहरू राख्नुपर्ने।<br><u>उपदफा (३) मा रहेको,</u><br>- **"नगर्ने"** भन्ने शब्दको सट्टा **"नगरेको"** भन्ने शब्द राख्नुपर्ने।<br>- <u>उपदफा (४)</u> झिक्नुपर्ने। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| ७२. | मा. टुका भद्रा हमाल | १२ | **उपदफा (१) मा रहेको,**<br>- "अल्ट्रालाइट" भन्ने शब्द झिक्नुपर्ने। |
| ७३. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | १२ | **उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः**<br>"(१) पर्वतारोहणको क्रममा हिमालचुलीबाट प्याराग्लाइडिङ्ग, स्काई डाइभिङ्ग, हेली स्किइङ्ग, अल्ट्रालाइट वा यस्तै प्रकृतिका अन्य साहसिक पर्यटकीय क्रियाकलाप गर्न चाहने पर्वतारोहीलाई ६,००० मिटर भन्दा मुनिका हिमालचुलीमा मात्रै सो क्रियाकलाप गर्ने अनुमति दिइनेछ। यस्ता क्रियाकलाप गर्न चाहने पर्वतारोहिले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिनुपर्नेछ।" |
| ७४. | मा. लिमा अधिकारी (आचार्य) | १४ | **उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्नेः**<br>"(४) पर्वतारोहण रोयल्टीको कम्तीमा दश प्रतिशत रकम सम्बन्धित स्थानीय तह तथा सम्बन्धित क्षेत्रमा बसोबास गर्ने समुदायहरूका लागि विभागले एउटा कल्याणकारी कोष स्थापना गरी समुदायको कल्याणका लागि प्रयोग गर्नु पर्नेछ।" |
| ७५. | मा. परशुराम तामाङ्ग | १४ | **देहायको उपदफा (५) थप गर्नुपर्नेः**<br>"(५) यस्तो पर्वतारोहण पर्यटन गतिविधिबाट प्राप्त हुने राजश्वको निश्चित हिस्सा सम्बन्धित क्षेत्रका आदिवासी तथा स्थानीय समुदायको हितमा जाने व्यवस्था गर्ने।" |
| ७६. | मा. खुश्बु ओली | १४ | **उपदफा (२) मा देहायका शब्दहरू थप गर्नुपर्नेः**<br>- "संकलित रोयल्टीका बारेमा सगरमाथा लगायतका हिमालबाट प्राप्त रोयल्टीको कम्तीमा ४०% रकम स्थानीय तह र हिमाली समुदाय विकास कोषमा जाने।" |
| ७७. | मा. गणेश बहादुर विश्वकर्मा | १४क (दफा थप) | **देहायको दफा १४क थप गर्नुपर्नेः** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "**१४क. पर्यटन अक्षय कोषः** स्थायी पर्यटन संकट व्यवस्थापन तथा पुनरुत्थान कोषः महामारी, प्राकृतिक विपद् वा बाह्य संकट जस्ता समस्याहरूको समयमा श्रमिकको ज्याला सहयोग, पुनर्कर्जा र पर्यटन व्यवसाय जोगाउन एक स्थायी कोष स्थापना गरिनेछ। यस्तो कोषमा पर्यटक कर वा रोयल्टीको निश्चित प्रतिशत अनिवार्य जम्मा गरिनेछ।" |
| ७८. | मा. गणेश बहादुर विश्वकर्मा | १५ | **उपदफा (४) मा रहेको,**<br>- **"देखेमा"** भन्ने शब्दपछि **"सम्बन्धित स्थानीय तहको सिफारिसमा"** भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| ७९. | मा. टुका भद्रा हमाल | १५ | **उपदफा (४) मा रहेको,**<br>- "(रोप फिक्सिङ्ग)" भन्ने शब्दहरूपछि "स्थानीय तहको सिफारिसमा" भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| ८०. | मा. टुका भद्रा हमाल | १६ | **उपदफा (४) मा रहेको,**<br>- **"शिविरसम्म पुगी"** भन्ने शब्दको सट्टामा **"शिविरमा बसी"** भन्ने शब्द राख्नुपर्ने। |
| ८१. | मा. गणेश बहादुर विश्वकर्मा | १६ | **उपदफा (१) र (३) मा रहेको,**<br>- **"विभागले"** भन्ने शब्दहरूपछि **"सम्बन्धित स्थानीय तहसँग समन्वय गरी"** भन्ने शब्दहरू थप गर्नुपर्ने"।<br>**उपदफा (५) को सट्टा देहायका उपदफा (५) राख्नुपर्नेः**<br>"(५) विभागले सरकारी, गैरसरकारी, निजी वा सामुदियक प्रयासमा सरसफाइ अभियान सञ्चालन गर्न सक्नेछ। |
| ८२. | मा. बोध नारायण श्रेष्ठ | १६ | **उपदफा (६) मा देहायका शब्दहरू थप गर्नुपर्नेः**<br>- "सम्पर्क अधिकृतलाई नेपाल सरकारले वा विभागले तोकिएको सुविधा दिनेछ" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | **<u>उपदफा (७) र (८)</u>** झिकी उपदफाक्रम मिलाउनु पर्ने।<br>**<u>उपदफा (९) मा रहेको,</u>**<br>- "दायित्व" भन्ने शब्द थप गर्नुपर्ने तथा दोहोरिएको "सम्पर्क अधिकृत" भन्ने शब्द झिक्नुपर्ने। |
| ८३. | लिमा अधिकारी (आचार्य) | १७ | **<u>उपदफा (४) पछि देहायको उपदफा (५) र (६) थपी उपदफाक्रम मिलाउनु पर्नेः</u>**<br>"(५) विभागले सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगीहरूको लागि "राष्ट्रिय पर्वतीय जनशक्ति प्रमाणीकरण प्रणाली" को स्थापना गर्नेछ र यो ऐन प्रारम्भ भएको तीन वर्षपछि, यस प्रणाली अन्तर्गत मान्यता प्राप्त नगरेको कुनै पनि व्यक्तिलाई यस दफा बमोजिमको काममा संलग्न गराउन पाइने छैन।"<br>"(६) मन्त्रालयले प्रचलित कानुन बमोजिम स्थापित कुनै व्यावसायिक पर्वतारोहण सङ्घलाई उपदफा (५) बमोजिमको प्रमाणीकरण प्रणाली सञ्चालनको जिम्मेवारी प्रत्यायोजन गर्न सक्नेछ।"<br>**<u>उपदफा (५) लाई उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) को सट्टा देहायको उपदफा (७) राख्नुपर्नेः</u>**<br>"(७) सरदार, पर्वतारोहण, पथप्रदर्शक तथा पर्वतारोहण सहयोगी र पोर्टरलाई प्रदान गरिने न्यूनतम दैनिक पारिश्रमिक श्रम विभागले निर्धारण गरेको न्यूनतम ज्यालाभन्दा कम हुने छैन।" |
| ८४. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | १७ | **<u>उपदफा (१), (३) र (४) को सट्टा देहायको उपदफा (१), (३) र (४) राख्नुपर्नेः</u>**<br>"(१) पर्वतारोहण दलले पर्वतारोहणको लागि प्रस्थान गर्नु अघि उक्त दलमा संलग्न सदस्यहरूको नाम, बिमा गरेको प्रमाण र सम्झौतापत्र विभागबाट स्वीकृति प्राप्त गर्न अनिवार्य रूपमा विभागमा बुझाउनु पर्नेछ। उक्त कागजातको आधारमा विभागबाट स्वीकृत भए |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | बमोजिमका सङ्ख्याका व्यक्तिलाई सरदार, पर्वतारोहण पथप्रदर्शक र अन्य कार्यका लागि पर्वतारोहण सहयोगीको रुपमा लैजानु पर्नेछ।<br>(३) उपदफा (१) र (२) बमोजिमका व्यक्तिलाई पर्वतारोहणको लागि प्रस्थान गरेको मितिदेखि पर्वतारोहण सम्पन्न गरी विभागले तोकेको स्थानमा फर्की नआएसम्मको लागि सम्बन्धित पर्वतारोहण दलले सुविधा र करारपत्र दिनुपर्नेछ।<br>(४) पर्वतारोहण सम्बन्धी सम्पूर्ण कार्यहरू जस्तै सरदार, पर्वतारोहण पथप्रदर्शक, पर्वतारोहण सहयोगी, कुक, भिडियोग्राफर, फोटोग्राफर आदि सहयोगि नेपाली नागरिक मात्र हुनु पर्नेछ र कामदारको पैसा भुक्तानी गर्ने बेलामा स्रोतमै कर कट्टी गरेर कर कामदारको PAN मा दाखिला गर्नुपर्ने छ र भूक्तानी नेपाली बैंक मार्फत गर्नुपर्ने छ।" |
| ८५. | मा. नरेन्द्र कुमार केरुङ,<br>मा. निश्कल राई | १७ | <u>उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थप गर्नुपर्ने:</u><br>"(६) आधार शिविरभन्दा माथि पर्वतारोहण सहयोगीले बोक्ने सामानको अधिकतम भार बिस किलोग्राम भन्दा बढी हुने छैन।<br>(७) सरदार, पर्वतारोहण पथप्रदर्शक वा पर्वतारोहण सहयोगीले प्रतिकूल मौसम वा प्रतिकुल स्वास्थ्य वा आफ्नो सुरक्षामा जोखिमको अवस्था अगाडि जान अस्वीकार गर्ने अधिकार हुनेछ। त्यस्तो अस्वीकार गरेको कारण निजको पारिश्रमिक कटौती वा रोजगारीबाट निकाल्न पाइने छैन।" |
| ८६. | लिमा अधिकारी (आचार्य) | १७क<br>(दफा थप) | <u>देहायको दफा १७क थप गर्नुपर्ने:</u><br>"१७क. <u>पर्वतारोहण सहयोगीको काम र कर्तव्य:</u> पर्वतारोहण सहयोगीको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-<br>(क) सरदार तथा पर्वतारोहण पथप्रदर्शकको निर्देशनमा रही आफूलाई तोकिएको मालसामान बोक्ने तथा शिविर स्थापना लगायतका कार्यमा सहयोग गर्ने, |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (ख) आफ्नो जिम्मामा रहेको मालसामान सुरक्षित राख्ने र लापरबाहीबाट हिनामिना हुन नदिने,<br>(ग) पर्वतारोहण दलका कुनै सदस्य, सरदार, पोर्टर वा पर्वतारोहण पथप्रदर्शक दुर्घटनामा परेमा उद्धार कार्यमा सक्दो सहयोग पुऱ्याउने,<br>(घ) वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी सर्त बमोजिम कार्य गर्ने र पर्वतारोहण क्षेत्रमा फोहरमैला नफाल्ने, र<br>(ङ) विभाग, सम्पर्क अधिकृत, सरदार तथा पर्वतारोहण पथप्रदर्शकले दिएको निर्देशन बमोजिम काम गर्ने।” |
| ८७. | मा. गणेशबहादुर विश्वकर्मा | १९ | **<u>उपदफा (३) मा रहेको,</u>**<br>- “विभागले“ भन्ने शब्दपछि “सम्बन्धित स्थानीय तहसँग समन्वय गरी” भन्ने शब्दहरू थप्न गर्ने।<br>**<u>उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नुपर्ने:</u>**<br>"(५) विभागले सरकारी, गैरसरकारी, निजी वा सामुदायिक प्रयासमा सरसफाइ अभियान सञ्चालन गर्न सक्नेछ।”<br>- **<u>उपदफा (८)</u>** झिक्नुपर्ने। |
| ८८. | मा. कमल सुवेदी | १८ | **<u>विधेयकको दफा १८ को सट्टा दहायको दफा १८ राख्नुपर्ने:</u>**<br>"**१८. <u>बिमा गराउनु पर्ने:</u>** अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको "क्यासलेस (Cashless) मेडिकल र रेस्क्यु बिमा" अनिवार्य गरिनेछ र पर्वतारोहण सहयोगी, सरदार तथा गाइडको बिमा रकम प्रचलित बजार मूल्य र जोखिमको अनुपातमा भविष्यदर्शी हुने गरी तोकिनेछ। |
| ८९. | मा. नरेन्द्र कुमार केरुङ, | १८ | **<u>उपदफा (४) मा रहेको "तोकिए बमोजिम हुनेछ" भन्ने शब्दहरू हटाई बिमाको न्युनतम रकम</u>** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | मा. निश्कल राई | | **उल्लेख गरी देहायका खण्डहरू थप गर्नुपर्ने:**<br>“(क) मृत्यु बापत कम्तीमा पचास लाख रुपैयाँ, स्वास्थ्य उपचार बापत कम्तीमा बीस लाख रुपैयाँ र खोज तथा उद्धार बापत कम्तीमा दश लाख रुपैयाँ।<br>(ख) बिमा बापत माथि उल्लेखित रकम संसद्ले प्रत्येक तीन वर्षमा पुनरावलोकन गर्नेछ।” |
| ९०. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | १८ | **उपदफा (१) र (३) को सट्टा देहायका उपदफा (१) र (३) राख्नुपर्ने:**<br>"(१) पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीले पर्वतारोहण सम्बन्धी कार्य सुरु हुनुअघि नै लागु हुने गरी अनिवार्य रुपमा पर्वतारोहण दलका सदस्य, सम्पर्क अधिकृत, सरदार, पर्वतारोहण पथ प्रदर्शक र पर्वतारोहण सहयोगीको लागि प्रचलित कानुन बमोजिम इजाजतपत्र प्राप्त बिमा कम्पनीबाट व्यक्तिगत दुर्घटना बिमा, स्वास्थ्य उपचार बिमा, खोज तथा उद्धार सम्बन्धी बिमा र मृत शरीर व्यवस्थापनको बिमा गराउनु पर्नेछ।<br>(३) उपदफा (१) बमोजिमको व्यक्तिको वा पर्वतारोहणको काममा लगाइएको कुनै पर्वतारोहण सहयोगी सो अवधिमा बेपत्ता भएमा, दुर्घटनामा परेमा वा मृत्यु भएमा निज वा निजको हकवालालाई पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीले देहाय बमोजिमको रकम क्षतिपूर्ति बापत दिनु पर्नेछ।" |
| ९१. | लिमा अधिकारी (आचार्य) | १९ | **उपदफा (३) पछि देहायको उपदफा (४) थपी उपदफाक्रम मिलाउनु पर्ने:**<br>“(४) पर्वतारोहण क्षेत्रभित्र एकल उपयोगका प्लाष्टिकको प्रयोग गर्नमा प्रतिबन्ध लगाइने छ। साथै उल्लङ्घन गर्नेलाई दफा ५३ बमोजिम दण्ड हुनेछ।”<br>**विधेयकको उपदफा (७) लाई उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) मा रहेको,**<br>- “उपदफा (६)” भन्ने शब्दहरूको सट्टा “उपदफा (७)” भन्ने शब्दहरू राख्नुपर्ने। |
| ९२. | मा. कमल सुवेदी | १९ | **उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने:** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(१) पर्वतारोहणको क्रममा उत्पन्न हुने जैविक तथा अजैविक फोहोरमैला व्यवस्थापनका लागि 'शून्य फोहोर नीति (Zero Waste Policy)' अवलम्बन गरिनेछ। पर्वतारोही दलले लगेका प्रत्येक सामग्रीको 'क्युआर कोडिङ (QR Coding)' वा डिजिटल ट्र्याकिङ गरी आधार शिविर र सोभन्दा माथि लगिएका सम्पूर्ण सामग्री र मानव मलमूत्र अनिवार्य रूपमा तौल प्रमाणित गरी फिर्ता ल्याउनु पर्नेछ।" |
| ९३. | मा. मनिष झा | १९ | **<u>देहायको उपदफा (१) थप गरी उपदफाक्रम मिलाउनुपर्नेः</u>**<br>"(१) उच्च हिमाली क्षेत्रमा सञ्चालन हुने पर्वतारोहण तथा पर्यटन गतिविधिबाट उत्पन्न फोहोर सम्बन्धित समूह वा कम्पनीले अनिवार्य रूपमा फिर्ता ल्याउनु पर्नेछ। सोको सुनिश्चितताको लागि refundable environmental deposit व्यवस्था गर्न सकिनेछ।" |
| ९४. | मा. साजिदा खातुन सिद्धिकी | १९ | **<u>उपदफा (३)</u> मा रहेको,**<br>- "व्यवस्थापन गर्न" भन्ने शब्दहरूपछि "स्थानीय तहसँग समन्वय गरेर" भन्ने शब्दहरू थप गर्नुपर्ने।<br>**<u>उपदफा (८) मा रहेको,</u>**<br>- "वातावरण संरक्षण तथा सरसफाइ" भन्ने शब्दहरूको सट्टा "कल्याणकारी शुल्क" भन्ने शब्दहरू राख्नुपर्ने। |
| ९५. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | १९ | **<u>उपदफा (१), (७) र (८) को सट्टा देहायका उपदफा (१), (७) र ( ८) राख्नुपर्नेः</u>**<br>"(१) पर्वतारोहण गर्न जाने पर्वतारोहण दलका सदस्य, सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगीहरूले पर्वतारोहणको क्रममा प्रयोग हुने सामग्री तथा गतिविधिबाट उत्पन्न हुने दिसा, पिसाब र फोहरमैला व्यवस्थापनका लागि विभागले पर्वतारोहण अनुमति |

| क.स. | संशोधन प्रस्तुतकर्ता<br>माननीय सदस्यहरू | विधेयकको<br>प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | पत्र जारी गर्दा सम्बन्धित पर्वतारोहण दलका प्रत्येक सदस्यबाट जनही तोकिए बमोजिम पर्वतीय सरसफाइ तथा वातावरणीय शुल्क लिनेछ।<br>(७) उपदफा (६) बमोजिम तोकिएका सर्त पालना नगरेबाट कसैको जिउ ज्यानमा वा कुनै सरकारी, सार्वजनिक वा व्यक्तिगत सम्पत्तिमा हानी नोक्सानी हुन गएमा सम्बन्धित पर्वतारोही र अनुमतिपत्र लिने ट्रेकिङ एजेन्सीले क्षतिपूर्ति दिनु पर्नेछ।<br>(८) पर्वतारोहणका क्रममा पर्वतारोहण दलले पालना गर्नुपर्ने वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी सर्त, फिर्ता ल्याउनु पर्ने सामाग्रीहरू तथा सर्त पालना नगरेमा दिनुपर्ने क्षतिपूर्ति, पर्वतीय सरसफाइ शुल्क र वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी व्यवस्था यो ऐन लागु भएको मितिले छ महिनाभित्र निर्माण तथा कार्यान्वयन गरिनेछ।"<br>**<u>देहायका उपदफाहरू थप गर्नुपर्ने:</u>**<br>- नेपाल सरकारले आरोहण अनुमतिपत्र जारी गरेको प्रत्येक हिमालको आधार शिविर वा आधार शिविरको पायक पर्ने स्थानमा फोहरको वर्गीकरण, सङ्कलन तथा प्रशोधन केन्द्रको निर्माण गर्नु पर्नेछ।<br>- हिमाल आरोहणमा प्रयोग हुने आधुनिक उपकरण, एसी, हिटर लगायतका साधनहरूको प्रयोग सम्बन्धी मापदण्ड नेपाल सरकारले तोकिए बमोजिम लागु हुनेछ ।<br>- ६००० मीटर भन्दा माथिको कुनै पनि स्थानमा नेपाल सरकारको अनुमति बिना तथा राष्ट्रिय सुरक्षा सम्बन्धी कार्यमा बाहेक ड्रोन, हेलिकप्टर प्रयोग गर्न पाइने छैन। |
| ९६. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | १९क<br>(दफा थप) | **<u>देहायको दफा १९क थप गर्नुपर्ने:</u>**<br>१९क. <u>पर्वतारोहणजन्य फोहोर, लाश तथा सरसफाइ व्यवस्थापन:</u><br>(१) पर्वतारोहण कार्यबाट उत्पन्न हुने फोहोर तथा लासलाई नेपाल सरकारद्वारा तोकिएको स्थानमा ल्याउने जिम्मेवारी सम्बन्धित ट्रेकिङ एजेन्सीको हुनेछ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (२) आधार शिविर तथा हिमालका अन्य उचाइमा क्याम्प स्थापना गरेका ट्रेकिङ एजेन्सीले क्याम्प उठाउँदा सो स्थानलाई पूर्णरूपमा सफा गरी आरोहण गतिविधि पहिलेकै अवस्थामा फर्काउनु पर्नेछ।<br>(३) ट्रेकिङ एजेन्सीले क्याम्प क्षेत्रमा कुनै पनि फोहोर, अवशेष वा सामग्री छोडेर जान पाइने छैन।<br>(४) आरोहणका क्रममा ट्रेकिङ एजेन्सीले हिमालमा लगेको उपकरणहरू तथा Rope fixing गर्ने समुहले लगेका Rope, Ladder लगायतका सम्पूर्ण सामग्री आरोहण सिजन सकिएपछि अनिवार्य रूपमा आफैंले फिर्ता ल्याउनुपर्नेछ।<br>(५) उपदफा १, २, ३ र ४ बमोजिमको जिम्मेवारी पुरा नगर्ने एजेन्सीलाई कानुन बमोजिम कारबाही गरिनेछ र सो एजेन्सीको अनुमति पत्र (license) पनि खारेज गर्न सक्नेछ। |
| ९७. | मा. प्रकाशचन्द परियार | १९ | <u>उपदफा (१) झिक्नुपर्ने।</u> |
| ९८. | मा. योगेश गौचन थकाली,<br>मा. गीता गुरूङ | २० | **<u>उपदफा (२) पछि देहायको उपदफा (३) थप गरी उपदफाक्रम मिलाउनु पर्नेः</u>**<br>"(३) कार्बन न्यूट्रल (Carbon Neutral) हिमालयन पर्यटन र हरित पर्यटनको अवधारणालाई आत्मसात् गरिनेछ।" |
| ९९. | मा. कमल सुवेदी | २० | **<u>देहायको उपदफा (३) थप गरी उपदफाक्रम मिलाउनुपर्नेः</u>**<br>"(३) "कोषको रकमको कम्तीमा ६० प्रतिशत हिस्सा जुन स्थानीय तह वा मध्यवर्ती क्षेत्रको हिमाल आरोहण गरिएको हो, सोही स्थानीय तहको वातावरणीय पूर्वाधार र जैविक विविधता संरक्षणमा प्रत्यक्ष खर्च गर्नु पर्नेछ।" |
| १००. | मा. गणेश कार्की | २० | **<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः</u>** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | “(३) पर्वतारोहण अनुमतिपत्र जारी गर्दाका बखत दफा १९ को उपदफा (१) बमोजिम लिएको पर्वतीय सरसफाइ शुल्क शतप्रतिशत तथा पर्वतारोहण रोयल्टी, जरिवानाबाट प्राप्त रकमको कम्तीमा १० प्रतिशत रकम विभागले कोषमा दाखिला गर्नेछ।” |
| १०१. | मा. नरेन्द्र कुमार केरुङ,<br>मा. निश्कल राई | २० | <u>उपफदा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउनुपर्नेः</u><br>"(२) प्रत्येक पर्वतारोहण अनुमतिपत्र जारी गर्दा सो अनुमतिको रोयल्टी रकमको न्यूनतम शून्य दशमलव पाँच प्रतिशत (०.५%) कोषमा अनिवार्य जम्मा गरिनेछ।" |
| १०२. | मा. नीता घतानी | २० | <u>उपदफा (१) मा रहेको,</u><br>- **“वातावरण संरक्षण”** भन्ने शब्दहरूको सट्टा **“पर्वतीय सरसफाइ”** भन्ने शब्दहरू राख्नुपर्ने।<br><u>उपदफा (३) मा रहेको,</u><br>- **“विभागले”** भन्ने शब्दपछि **“पर्वतीय सरसफाइ”** भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| १०३. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | २० | <u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः</u><br>"(३) पर्वतारोहण अनुमतिपत्र जारी गर्दाका बखत दफा १९ को उपदफा (१) बमोजिम लिएको पर्वतीय सरसफाइ तथा वातावरणीय शुल्क विभागले कोषमा दाखिला गर्नेछ।" |
| १०४. | मा. गणेश कार्की | २३ | <u>उपदफा (६) मा रहेको,</u><br>- "उपदफा (९)" भन्ने शब्दको सट्टा "उपदफा (७)" र "उपदफा (४)" भन्ने शब्दको सट्टा उपदफा (८) भन्ने शब्दहरू राख्नुपर्ने। |
| १०५. | मा. कृपाराम राना | २३ | <u>उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउनुपर्नेः</u><br>“(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आधार शिविरबाट शिखरमा पुगी र शिखरबाट आधार शिविरमा पुग्ने पर्वतारोहण दल र पर्वतारोहण दलको |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता<br>माननीय सदस्यहरू | विधेयकको<br>प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | सदस्यलाई निजले आरोहण गरेको हिमाचुली र त्यसको उचाई उल्लेख गरी प्रमाणपत्र प्रदान गरिने छ।" |
| १०६. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | २७ | **<u>उपदफा (१ को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने:</u>**<br>"(१) अनुमतिपत्र नविकरण गर्न, खारेज गर्न वा प्रतिबन्ध लगाउन सकिने: पर्वतारोहण दलको नेता, कुनै सदस्य वा पर्वतारोहणको व्यवस्थापन गर्ने ट्रेकिङ्ग एजेन्सीले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा पर्वतारोहण अनुमतिपत्रमा विभागले तोकेको कुनै सर्तको उल्लङ्घन गरेमा विभागले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र जुनसुकै बखत खारेज गरी तीन वर्षसम्म पर्वतारोहणमा प्रतिबन्ध लगाउन र जरिवाना गर्न सक्नेछ। |
| १०७. | मा. नरेन्द्र कुमार केरुङ,<br>मा. निश्कल राई | **२८क<br>(दफा थप)** | **<u>देहायको दफा २८क थप गर्नुपर्ने:</u>**<br>"**२८क. <u>क्यासिनो नियामक एकाइ:</u>** (१) क्यासिनो सञ्चालन सम्बन्धी सबै नियमन, अनुगमन र सुपरीवेक्षण गर्न मन्त्रालय अन्तर्गत एक स्वतन्त्र क्यासिनो नियामक एकाइ (Casino Regulatory Unit) रहनेछ।<br>(२) इकाईमा देहाय बमोजिमका सदस्य रहनेछन्:<br>(क) मन्त्रालयको सचिव - अध्यक्ष<br>(ख) राष्ट्र बैङ्क अन्तर्गतको FIU को प्रमुख - सदस्य<br>(ग) राष्ट्रिय सतर्कता केन्द्रको प्रतिनिधि - सदस्य<br>(घ) संसदको पर्यटन मामिला हेर्ने संसदिय समितिको निर्णयबाट मनोनीत दुई जना स्वतन्त्र विशेषज्ञ – सदस्य" |
| १०८. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | **परिच्छेद ३** | **<u>परिच्छेद ३ मा देहायको दफा थप गर्नुपर्ने:</u>** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | दफा थप. पर्वतारोहण सम्बन्धी उपकरण र अन्य मालसामान मात्र ल्याउने सम्बन्धमाः (१) अनुमति प्राप्त पर्वतारोही दलले आफ्नो अभियानसँग समबन्धित उपकरण र अन्य मालसामान नेपाल सरकारको पूर्व स्वीकृति प्राप्त गरेर आवश्यक संख्यामा मात्र नेपाल भित्र ल्याउनु पर्नेछ।<br>(२) कुनै पर्वतारोही दलले कुनै उपकरण वा अन्य मालसामान नेपाल सरकारलाई जानकारी नदिइ लुकाई छिपाई ल्याएमा त्यस्तो उपकरण वा मालसामान नेपाल सरकारले जफत गर्न सक्नेछ। |
| १०९. | मा. सन्दीप राना | २९-४३ | विधेयकको परिच्छेद-४ ( दफा २९ देखि दफा ४३ सम्म) झिकी छुट्टै विधेयकमा व्यवस्था गर्ने। |
| ११०. | मा. नरेन्द्र कुमार केरुङ,<br>मा. निश्कल राई | २९-४३ | विधेयकको परिच्छेद-४ ( दफा २९ देखि दफा ४३ सम्म) रहेको,<br>- **"विभाग"** भन्ने शब्दहरूको सट्टा **"क्यासिनो नियामक इकाई"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| १११. | मा. खडकबहादुर बुढा | ३१ | उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः<br>“(३) विदेशी लगानीकर्तालाई चार तारा वा सो भन्दा माथिल्लो स्तरको होटल वा रिसोर्टले आफ्नो परिसरमा क्यासिनो सञ्चालन गर्न सहमति दिँदा त्यस्तो क्यासिनोको उक्त होटल वा रिसोर्टमा कम्तीमा दश प्रतिशत शेयर स्वामित्व हुनुपर्नेछ।” |
| ११२. | मा. सन्दीप राना | ३१ | उपदफा (३) मा,<br>- **“चार तारा वा”** भन्ने शब्दहरूको अघि **“विदेशी लगानीकर्तालाई”** भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| ११३. | मा. कमल सुवेदी | ३२ | खण्ड (घ) मा रहेको,<br>- **"अन्तर्राष्ट्रिय सीमा क्षेत्रबाट पाँच किलोमिटरको दुरी भित्र..."** भन्ने शब्दहरूको सट्टा **"अन्तर्राष्ट्रिय सीमा क्षेत्रको हवाई दुरी (Aerial Distance) कम्तीमा पाँच किलोमिटर भित्र** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | **र धार्मिक, पुरातात्विक वा विद्यालय क्षेत्रको संवेदनशीलतालाई तोकिए बमोजिम कायम गर्ने गरी..."** भन्ने शब्दहरू राख्नुपर्ने। |
| ११४. | मा. लिमा अधिकारी (आचार्य) | ३३ | **उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्नेः**<br>"(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुपूर्व कुनै कम्पनीले एउटा इजाजतपत्रबाट एकभन्दा बढी क्यासिनो सञ्चालन गरेकोमा ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा सो कम्पनीले रोजेको कुनै एक क्यासिनो मात्र सञ्चालन गर्न सक्नेछ ।<br>तर सञ्चालन गर्न रोजेको कुनै एक क्यासिनो बाहेक अन्य क्यासिनो विधेयकको दफा ३१ को उपदफा (१) प्रतिकूल नभई छुट्टै होटल वा रिसोर्टको परिसरमा सञ्चालन गर्न चाहेमा त्यस्तो क्यासिनो सञ्चालनमा राखी ऐन प्रारम्भ भएको दुई वर्षभित्र अलग-अलग कम्पनी स्थापना गरी यस ऐन बमोजिम इजाजतपत्र लिनुपर्नेछ।" |
| ११५. | मा. राम विनोद यादव | ३३ | - उपदफा (४) झिक्नुपर्ने। |
| ११६. | मा. रबिन महतो | ३३ | |
| ११७. | मा. मातृका प्रसाद यादव | ३३ | |
| ११८. | मा. सुलभ खरेल | ३३ | |
| ११९. | मा. रविन्द्र पटेल | ३३ | |
| १२०. | मा. बब्लु गुप्ता | ३३ | |
| १२१. | मा. डा. अमरेश कुमार सिंह | ३३ | |
| १२२. | मा. राज किशोर महतो | ३३ | |
| १२३. | मा. अमर कान्त चौधरी | ३३ | |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| १२४. | मा. खडक बहादुर वुढा | ३३ | **उपदफा (४)  को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने:** "(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुपूर्व कुनै कम्पनीले एउटा इजाजतपत्रबाट एकभन्दा बढी क्यासिनो सञ्चालन गरेकोमा संवत् २०८२ साल असार मसान्तभित्रमा सञ्चालन गर्न रोजेको कुनै एक क्यासिनो बाहेक अन्य क्यासिनो सञ्चालन गर्न चाहेमा त्यस्तो क्यासिनो सञ्चालनमा राखी संवत् २०८७ साल चैत्र मसान्तभित्र अलग अलग कम्पनी स्थापना गरी यस ऐन बमोजिम इजाजतपत्र लिनुपर्नेछ।" |
| १२५. | मा. सन्दीप राना | ३३ | **उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने:** "(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुनुपूर्व कनै कम्पनिले एउटा इजाजतपत्रबाट एक भन्दा बढी क्यासिनो सञ्चालन गरेकोमा संवत् २०८२ साल असार मसान्तभित्रमा सञ्चालन गर्न रोजेको कुनै एक क्यासिनो बाहेक अन्य क्यासिनो सञ्चालन गर्न चाहेमा त्यस्तो क्यासिनो सञ्चालनमा राखी संवत् २०८७ साल चैत्र मसान्तभित्र अलग अलग कम्पनी स्थापना गरी यस ऐन बमोजिम इजाजतपत्र लिनु पर्नेछ।" |
| १२६. | मा. गणेश कार्की | ३३ | **उपदफा (४) को सट्टामा देहायको उपदफा (४) राख्नुपर्ने:** "(४) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै कम्पनीले एउटा इजाजतपत्रबाट एकभन्दा बढी क्यासिनो सञ्चालन गरेको रहेछ भने ऐन लागु भएको बढीमा ३ महिनापछिबाट सो कम्पनीले रोजेको कुनै एक क्यासिनो मात्र सञ्चालन गर्न सक्नेछ।" |
| १२७. | मा. डा. प्रमिला कुमारी गच्छदार | ३३ | - **उपदफा (५) झिक्नुपर्ने** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | <u>देहायको उपदफा (५), (६) र (७) राखी उपदफाक्रम मिलाउनुपर्ने:</u><br>"(५) यो ऐन प्रारम्भ भएको ९० दिन भित्र महालेखा परीक्षकले नियुक्त गरेको स्वतन्त्र लेखा परीक्षकले हाल सञ्चालनको प्रत्येक क्यासिनो अपरेटरले नेपाल सरकारलाई तिर्नबाँकी, सम्पूर्ण कर, रोयल्टी, शुल्क र दण्ड जरिवानाको स्वतन्त्र मुल्यांकन गर्नेछ।<br>(६) उपदफा (५) बमोजिमको लेखा परीक्षण प्रतिवेदन संसदमा पेस गरिनेछ र सार्वजनिक हुनेछ।<br>(७) लेखा परीक्षणबाट नीर्धारित पूर्ण रकम भुक्तान नभएसम्म कुनै पनि अपरेटरलाई नयाँ इजाजतपत्र प्रदान गरिनेछैन।" |
| १२८. | मा. अशोक कुमार चौधरी | ३५ | <u>उपदफा (७) मा देहायका शब्दहरू थप गर्नुपर्ने:</u><br>- "क्यासिनो सम्पत्ति शुद्धिकरण (Money Loundering) रोकथामसम्बन्धी "ग्राहक पहिचान प्रणाली (KYC) अनिवार्य गर्ने।" |
| १२९. | मा. सन्दीप राना | ३५ | <u>उपदफा (४) मा रहेको,</u><br>- "दुई वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षभित्र" भन्ने शब्दहरू राख्नुपर्ने। |
| १३०. | मा. बिपिन कुमार आचार्य | ३५ | <u>देहायको उपदफा (८) थप गर्नुपर्ने:</u><br>"(८) तथ्याङ्क तथा विवरण व्यवस्थापनः "पर्यटन व्यवसायी, क्यासिनो, डिजिटल प्लेटफर्म वा अन्य इजाजतप्राप्त संस्थाले सङ्कलन गर्ने पर्यटकको व्यक्तिगत, वित्तीय तथा डिजिटल तथ्याङ्क (Data) सुरक्षित राख्नुपर्नेछ। त्यस्तो तथ्याङ्कको सुरक्षा, गोपनीयता र प्रयोगसम्बन्धी मापदण्ड मन्त्रालयले तोकेबमोजिम हुनेछ। इजाजतपत्र नवीकरण गर्दा आवश्यकताअनुसार साइबर सुरक्षा अडिट (Cyber Security Audit) वा सूचना प्रविधि अडिट (IT Audit) गराउन सकिनेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| १३१. | मा. गणेश कार्की | ३५ | <u>उपदफा (४) मा रहेको,</u><br>- "दुई वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरू राख्नुपर्ने।<br><u>उपदफा (७) पछि देहायको उपदफा (८) थप गर्नुपर्ने:</u><br>- "(८) क्यासिनोमा नेपाली नागरिक रोक्ने व्यवस्था क्यासिनो सञ्चालकले गर्नु पर्नेछ।" |
| १३२. | मा. डा. प्रमिला कुमारी गच्छदार | ३५ | <u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने:</u><br>"(३) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त कम्पनीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा दश प्रतिशत वा सोभन्दा बढी शेयर लगानी गर्ने वा नियन्त्रण राख्ने कुनै पनि व्यक्ति, कम्पनी वा संस्थाको, Ultimate Beneficial Owner को नाम, राष्ट्रियता, र स्वामित्वको प्रकृति सहित, विवरण इकाईको सार्वजनिक रजिस्टरमा राखिने छ। दश प्रतिशत वा सो भन्दा बढी शेयर वा स्वामित्व खरिद, बिक्री वा कुनै तरिकाले हस्तान्तरण गर्नु अघि CRU को स्विकृति लिनुपर्नेछ।" |
| १३३. | मा. लिमा अधिकारी (आचार्य) | ३६ | <u>उपदफा (४) र (५)</u> मा रहेको,<br>- "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (३)" भन्ने शब्दहरू राख्नुपर्ने।<br><u>उपदफा (६) मा रहेको,</u><br>- "उपदफा (४)" भन्ने शब्दहरूको सट्टा "उपदफा (५)" भन्ने शब्दहरू राख्नुपर्ने। |
| १३४. | मा. सुलभ खरेल | ३७ | <u>उपदफा (४) मा रहेको,</u><br>- **"संवत् २०८२ साल असार मसान्त"** भन्ने शब्दहरूको सट्टा **"संवत् २०८३ साल पौष मसान्त"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| १३५. | मा. गणेश बहादुर विश्वकर्मा | ३६क (दफा थप) | <u>दफा ३६ पछि देहायको दफा ३६क थप गर्नुपर्ने:</u><br>"३६क. <u>पर्वतारोहण सङ्घको सदस्यता प्राप्त गर्नुपर्ने:</u> |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (१) पर्वतारोहण सङ्घको सदस्यता प्राप्त नगरेको कुनै सरदार, पर्वतीय पथ प्रदर्शक, उचाईमा जाने कामदार वा आधार शिविरका कामदार पर्वतारोही दलको साथ जान पाउने छैनन् र पर्वतारोहणको प्रबन्ध मिलाउने संस्थाले पनि पर्वतारोहण सङ्घसित समयबद्धता (एफिलिएशन) नराखी पर्वतारोहण सम्बन्धी कुनै प्रबन्ध मिलाउन पाउने छैन।<br>(२) पर्वतारोहण सङ्घलाई नेपाल सरकारले तोकेको हिमालचुलीको आरोहण गर्ने अनुमति प्रदान गर्ने काम सुम्पन सक्नेछ।<br>(३) उपदफा (२) बमोजिम सुम्पिएको अधिकार प्रयोग गरी पर्वतारोहण सङ्घले अनुमति जारी गरेमा त्यस्तो अनुमतिको सम्पूर्ण जानकारी अनुमति जारी गरेको पन्ध्र दिनभित्र नेपाल सरकारलाई दिनुपर्नेछ<br>(४) पर्वतारोहण सङ्घलाई नेपाल सरकारले आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ र यस्तो आदेश वा निर्देशन पालना गर्नु सो सङ्घको कर्तव्य हुनेछ।" |
| १३६. | मा. लिमा अधिकारी (आचार्य) | ३८ | **दफा ३८ को ठाउँ ठाउँमा रहेको,**<br>- "आदेश" भन्ने शब्दको सट्टा "लिखित आदेश" भन्ने शब्दहरू राख्नुपर्ने। |
| १३७. | मा. डा. प्रमिला कुमारी गच्छदार | ३८ | - **उपदफा (१)** झिकी उपदफाक्रम मिलाउने<br>- "विभाग" भन्ने शब्दको सट्टा "क्यासिनो नियामक इकाई" भन्ने शब्दहरू राख्नुपर्ने। |
| १३८. | मा. कृपाराम राना | ३८ | **उपदफा (४) मा रहेको,**<br>- "अधिकारीले दिएको" भन्ने शब्दहरूपछि रहेको **"आदेश वा"** भन्ने शब्दहरूको सट्टा **"लिखित"** भन्ने शब्द राख्नुपर्ने। |
| १३९. | मा. रिंगला यादव | ३८ | **उपदफा (५) मा रहेको,**<br>- "आदेश दिन" भन्ने शब्दहरूको सट्टा "लिखित निर्देशन दिन" भन्ने शब्दहरू राख्नुपर्ने। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| १४०. | मा. राम विनोद यादव | ४० | **उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः**<br>"(२) विदेशी कम्पनीसँग संयुक्त लगानीमा क्यासिनो सञ्चालन गर्दा विदेशी लगानीकर्ताको लगानी बढीमा उनन्चास प्रतिशतसम्म र त्यस्तो क्यासिनो सञ्चालन गर्ने होटल रिसोर्ट वा स्थानमा कम्तीमा पच्चिस प्रतिशतसम्म भई बाँकी लगानी स्वदेशी लगानीकर्ताको हुनुपर्नेछ। |
| १४१. | मा. रबिन महतो | ४० | |
| १४२. | मा. मातृका प्रसाद यादव | ४० | |
| १४३. | मा. रविन्द्र पटेल | ४० | |
| १४४. | मा. बब्लु गुप्ता | ४० | |
| १४५. | मा. डा. अमरेश कुमार सिंह | ४० | |
| १४६. | मा. राज किशोर महतो | ४० | |
| १४७. | मा. अमर कान्त चौधरी | ४० | |
| १४८. | मा. सुलभ खरेल | ४० | **उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः**<br>"(२) विदेशी कम्पनीसँग संयुक्त लगानीमा क्यासिनो सञ्चालन गर्दा विदेशी लगानीकर्ताको लगानी बढीमा उनन्चास प्रतिशतसम्म र त्यस्तो क्यासिनो सञ्चालन गर्ने होटल रिसोर्ट वा स्थानमा कम्तीमा तीस प्रतिशतसम्म लगानी विदेशी कम्पनीको हुनु पर्नेछ।" |
| १४९. | मा. अशोक कुमार चौधरी | ४२ | **उपदफा (३) मा देहायका शब्दहरू थप्नुपर्नेः**<br>- "सामाजिक उत्तरदायित्व अन्तर्गत क्यासिनो तथा पर्यटन व्यवसायले वार्षिक नाफाको निश्चित प्रतिशत स्थानीय विकासमा विकासमा खर्च गर्नुपर्ने।" |
| १५०. | मा. बलावती शर्मा | ४२ | **उपदफा (१) मा रहेको,**<br>- **"कल्याण"** भन्ने शब्दपछि **"पर्यटनका गतिविधिमा प्रत्यक्ष जोडिएका समुदायको उत्थान"** भन्ने शब्दहरू थप गर्नुपर्ने।<br>**उपदफा (२) पछि देहायको उपदफा (३) थप गरी उपदफाक्रम मिलाउनु पर्नेः** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(३) निजी, सार्वजनिक र स्थानीय समुदायको साझेदारी मोडेलमा विकास गर्नुपर्ने" |
| १५१. | मा. राम विनोद यादव | ४३ | **विधेयकको दफा ४३ मा देहायको उपदफा (३) थप गर्नुपर्नेः**<br>"(३) नेपाल सरकारले सम्भाव्यता अध्ययन गरी क्यासिनो सञ्चालनको लागि उपयुक्त हुने देखेमा नेपाल राज्यको कुनै क्षेत्रलाई क्यासिनो क्षेत्र (Casino Zone) वा क्यासिनो गाँउ (Casino Village) घोषणा गर्न सक्नेछ।" |
| १५२. | मा. रबिन महतो | ४३ | |
| १५३. | मा. मातृका प्रसाद यादव | ४३ | |
| १५४. | मा. सुलभ खरेल | ४३ | |
| १५५. | मा. रविन्द्र पटेल | ४३ | |
| १५६. | मा. बब्लु गुप्ता | ४३ | |
| १५७. | मा. डा. अमरेश कुमार सिंह | ४३ | |
| १५८. | मा. राज किशोर महतो | ४३ | |
| १५९. | मा. अमरकान्त चौधरी | ४३ | |
| १६०. | मा. कमल सुवेदी | ४३ | **उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः**<br>- "तर क्यासिनोमा हुने वित्तीय कारोबार, डिजिटल वित्तीय प्रणाली (FinTech) वा अभौतिक मुद्राको प्रयोग वित्तीय सूचना एकाइ (FIU) र सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को प्रत्यक्ष निगरानी प्रणाली (Real-time monitoring) मा आबद्ध हुनुपर्नेछ र यसको उल्लङ्घन गरेमा इजाजतपत्र तत्काल खारेज हुनेछ।" |
| १६१. | मा. निश्कल राई,<br>मा. वासना थापा | ४३ | **देहायको उपदफा (३) थप गर्नुपर्नेः** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(३) इजाजतपत्र प्राप्त कम्पनीले अनिवार्य रुपमा कुनै पनि कारोबारमा राजनीतिक रुपमा संवेदनशील व्यक्ति (PEP) को संलग्नताको जाँच, तोकिएको समयसिमा भित्र FIU लाई Suspicious Transactions Report (STR) पेस र एक AML Compliance Officer नियुक्त गर्ने छ।" |
| १६२. | मा. अनुश्का श्रेष्ठ | ४४ | **उपदफा (२) मा रहेको,**<br>- "कृषि पर्यटन, शिक्षा पर्यटन, खेलकुद पर्यटन, स्वास्थ्य तथा आरोग्य पर्यटन, योग, ध्यान तथा आयुर्वेद पर्यटन, चलचित्र पर्यटन, बैठक, प्रोत्साहन, सम्मेलन तथा प्रदर्शनी पर्यटन (माइस टुरिजम), ग्रामीण पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, पर्यापर्यटन" भन्ने शब्दहरू झिक्नुपर्ने।<br>- **"मनोरञ्जन पार्क (फन पार्क)"** भन्ने शब्दहरूपछि **"डेस्टिनेसन वेडिङ"** भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| १६३. | मा. खुश्बु ओली | ४४ | **उपदफा (२) मा देहायका शब्दहरू थप गर्नुपर्ने:**<br>- "ड्रोन पर्यटन, भर्चुअल रियालिटी पर्यटन, अन्तरिक्ष पर्यटन अध्ययन तथा डिजिटल पर्यटन प्लेटफर्मलाई कानुनी मान्यता दिई इजाजतपत्र।" |
| १६४. | मा. गणेश कार्की | ४४ | **उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने:**<br>- "तर अन्तर्राष्ट्रिय मापदण्ड, उद्धार प्रोटोकल र उपकरणको प्रमाणीकरण संघीय सरकारले तोकेको न्युनतम मापदण्ड अनुकूल हुनु पर्नेछ।" |
| १६५. | मा. मनिष झा | ४४ | **उपदफा (२) पछि देहायको उपदफा (३) थपी उपदफाक्रम मिलाउनु पर्ने:** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | “(३) साहसिक तथा मनोरञ्जनात्मक पर्यटकीय व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र प्राप्त संस्थाले पर्यटक सुरक्षा, emergency rescue तथा insurance सम्बन्धी न्यूनतम मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।” |
| १६६. | मा. रिंगला यादव | ४४ | **उपदफा (१) मा रहेको,**<br>- "स्काई डाईभिङ्ग" भन्ने शब्दहरूपछि "प्यारा सिस्लिङ्ग तथा अन्य" भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| १६७. | मा. लिमा अधिकारी (आचार्य) | ४५ | **उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः**<br>“(२) उपदफा (१) बमोजिमको मापदण्ड विभागले नेपालका नदीहरूलाई भौगोलिक बनावट, पानीको बहाव, गहिराई, लगायतका स्तर अनुसार वर्गीकरण गरी प्रत्येक स्तरमा फरक सुरक्षा मापदण्ड लागु गर्नेछ।” |
| १६८. | मा. सुम्निमा उदास | ४४क<br>**(दफा थप)** | **दफा ४४ पछि देहायको दफा ४४क थप गर्नुपर्नेः**<br>“**४४क. पर्यटन विकास कोषः** (१) पर्यटन प्रवर्धन, पूर्वाधार विकास, दिगो तथा हरित पर्यटन, जलवायु अनुकूलन, स्थानीय समुदायको लाभ र पर्यटक सुरक्षाका लागि एक पर्यटन विकास कोष स्थापना गरिनेछ।”<br>(२) कोषमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, इजाजतपत्र दस्तुर, रोयल्टी, पर्यटन शुल्क, वैदेशिक सहायता तथा अन्य स्रोतबाट रकम जम्मा हुनेछ।<br>(३) कोषको रकम पारदर्शी रूपमा खर्च गरी वार्षिक लेखापरीक्षण महालेखापरीक्षकबाट गराइनेछ। |
| १६९. | मा. गणेश बहादुर विश्वकर्मा | ४५ | **दफा ४५ को दफा शीर्षकको सट्टा देहायको दफा शीर्षक राख्नेः**<br>- "**४५. जल पर्यटन व्यवसाय तथा नदी संरक्षण**" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
| --- | --- | --- | --- |
| | | | **उपदफा (२) पछि देहायका उपदफा थप गर्नुपर्नेः**<br>(३) दफा ४५ को जल पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था अन्तर्गत दिगो पर्या—पर्यटन र जैविक विविधता संरक्षणका लागि विशिष्ट नदी वा नदी खण्डहरूलाई "प्राकृतिक बहाव नदी" तथा "सम्पदा नदी" घोषणा गरी कानुनी रूपमा संरक्षित गरिनेछ।<br>(४) साहसिक जलयात्राको योजनाबद्ध प्रवद्र्धनका लागि नदीहरूलाई "संरक्षित नदी करिडोर" घोषणा गरी अव्यवस्थित उत्खनन, वातावरणीय प्रदूषण र तटीय अतिक्रमण पूर्ण रूपमा निषेध गरिनेछ।<br>(५) जल पर्यटनलाई स्थानीय जनजीवन र वातावरणसँग जोड्न प्रमुख नदी किनारहरूमा पर्यावरणमैत्री "नदी पार्क" को स्थापना गरिनुका साथै "नदी जोगाऔं, पर्यटन प्रवर्धन गरौं" राष्ट्रिय अभियान मार्फत तीनै तहका सरकार र निजी क्षेत्रको सहकार्य सुनिश्चित गरिनेछ। |
| १७०. | मा. गणेश पराजुली | ४५ | <u>उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राख्नुपर्नेः</u><br>"(१) नेपालभित्रका नदी, ताल, झरना वा जलक्षेत्रमा जलयात्रा, साहसिक राफ्टिङ, कायकिङ, क्यानोइङ, क्यानोनिङ, नदी सफारी, फिसिङ, नौका विहार, मोटर बोट वा जल सम्बन्धी अन्य पर्यटकीय व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तोकिएको सुरक्षा तथा वातावरणीय मापदण्ड पूरा गरी प्रचलित कानुनबमोजिम इजाजतपत्र लिनु पर्नेछ।<br>(२) जलयात्रा तथा नदी पर्यटन व्यवसाय सञ्चालन सम्बन्धी मापदण्डमा नदीको वर्गीकरण, मौसम तथा जलस्तर अनुसार सञ्चालन अवधि, रिभर गाइडको योग्यता, यात्रुको सुरक्षा उपकरण, लाइफ ज्याकेट, हेल्मेट, उद्धार सामग्री, प्राथमिक उपचार, दुर्घटना तथा स्वास्थ्य बिमा, आपतकालीन उद्धार योजना, नदी संरक्षण, फोहोर व्यवस्थापन, दुर्घटना प्रतिवेदन तथा शुल्क पारदर्शिता सम्बन्धी व्यवस्था अनिवार्य रूपमा समावेश गरिनेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | <u>उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने:</u><br>"(३) जलयात्रा तथा नदी पर्यटन सम्बन्धी मापदण्ड, तालिम, सुरक्षा निर्देशिका, नदी संरक्षण, अन्तर्राष्ट्रिय प्रवर्द्धन तथा व्यवसायी प्रतिनिधित्व सम्बन्धी विषयमा मन्त्रालयले जलयात्रा व्यवसायीहरूको आधिकारिक छाता संस्थासँग परामर्श गर्न सक्नेछ।" |
| १७१. | मा. भरत प्रसाद पराजुली | ४५ | <u>उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राख्नुपर्ने:</u><br>"(१) नेपालभित्रका नदी, ताल, झरना वा जलक्षेत्रमा जलयात्रा, साहसिक राफ्टिङ, कायकिङ, क्यानोइङ, क्यानोनिङ, नदी सफारी, फिसिङ, नौका विहार, मोटर बोट वा जल सम्बन्धी अन्य पर्यटकीय व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तोकिएको सुरक्षा तथा वातावरणीय मापदण्ड पूरा गरी प्रचलित कानुनबमोजिम इजाजतपत्र लिनु पर्नेछ।<br>(२) जलयात्रा तथा नदी पर्यटन व्यवसाय सञ्चालन सम्बन्धी मापदण्डमा नदीको वर्गीकरण, मौसम तथा जलस्तर अनुसार सञ्चालन अवधि, रिभर गाइडको योग्यता, यात्रुको सुरक्षा उपकरण, लाइफ ज्याकेट, हेल्मेट, उद्धार सामग्री, प्राथमिक उपचार, दुर्घटना तथा स्वास्थ्य बिमा, आपतकालीन उद्धार योजना, नदी संरक्षण, फोहोर व्यवस्थापन, दुर्घटना प्रतिवेदन तथा शुल्क पारदर्शिता सम्बन्धी व्यवस्था अनिवार्य रूपमा समावेश गरिनेछ।" |
| १७२. | मा. लिमा अधिकारी (आचार्य) | ४५क (दफा थप) | <u>दफा ४५ पछि देहायको दफा ४५क थप गर्नुपर्ने:</u><br>"**४५क. <u>इजाजतपत्रका लागि सुरक्षा मापदण्ड:</u>** (१) यो ऐन प्रारम्भ भएको एक वर्षभित्र मन्त्रालयले दफा ४४ र ४५ मा उल्लिखित सबै साहसिक तथा मनोरञ्जनात्मक पर्यटकीय क्रियाकलापहरूको लागि "सुरक्षा मापदण्ड तथा सञ्चालन निर्देशिका" तयार गरी स्वीकृत गर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको मापदण्ड अन्तर्राष्ट्रिय साहसिक पर्यटन सुरक्षा व्यवस्थापन (ISO 21101) मापदण्डसँग मेल खाने हुनुपर्छ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (३) साहसिक तथा मनोरञ्जनात्मक पर्यटन व्यवसायलाई इजाजतपत्र प्रदान गर्नुअघि उपदफा (१) बमोजिमको सुरक्षा जाँच अनिवार्य रूपमा गर्नु पर्नेछ।<br>(४) उपदफा (१) बमोजिम तयार भएको मापदण्डलाई प्रदेश सरकार र स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्र यस्ता व्यवसायको इजाजतपत्र जारी गर्दा, नवीकरण गर्दा, र नियमन गर्दा आधारको रूपमा प्रयोग गर्नु पर्छ।" |
| **१७३.** | मा. लिमा अधिकारी (आचार्य) | ४६ | **दफा ४६ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गर्नुपर्नेः**<br>"(ङ) दफा ४५क बमोजिमको सुरक्षा मापदण्ड पालना नगरेको। |
| **१७४.** | मा. गणेश बहादुर विश्वकर्मा | **४५क (दफा थप)** | **दफा ४५ पछि देहायको दफा ४५क थप गर्नुपर्नेः**<br>"**४५क. जल पर्यटन व्यवसाय तथा नदी संरक्षणः** (१) दफा ४५ को जल पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था अन्तर्गत दिगो पर्या-पर्यटन र जैविक विविधता संरक्षणका लागि विशिष्ट नदी वा नदी खण्डहरूलाई "प्राकृतिक बहाव नदी" तथा "सम्पदा नदी" घोषणा गरी कानुनी रूपमा संरक्षित गरिनेछ।<br>(२) साहसिक जलयात्राको योजनाबद्ध प्रवर्धनका लागि नदीहरूलाई "संरक्षित नदी करिडोर" घोषणा गरी अव्यवस्थित उत्खनन, वातावरणीय प्रदुषण र तटीय अतिक्रमण पूर्ण रूपमा निषेध गरिनेछ।<br>(३) जल पर्यटनलाई स्थानीय जनजीवन र वातावरणसँग जोड्न प्रमुख नदी किनारहरूमा पर्यावरणमैत्री "नदी पार्क" को स्थापना गरिनुका साथै "नदी जोगाऔं, पर्यटन प्रवर्धन गरौं" राष्ट्रिय अभियान मार्फत तीनै तहका सरकार र निजी क्षेत्रको सहकार्य सुनिश्चित गरिनेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| १७५. | मा. अनुश्का श्रेष्ठ | **दफा ४६ पछि नयाँ परिच्छेद दफा ४६क र ४६ख थप गर्नुपर्ने** | **परिच्छेद-५ पछि देहायको परिच्छेद-६ थप गरी दफा ४६क र ४६ख थप गर्नुपर्नेः**<br>**परिच्छेद-६**<br>**सौम्यशक्ति पर्यटन व्यवसाय**<br>"४६क. **सौम्यशक्ति पर्यटकीय व्यवसायको लागि इजाजतपत्र लिनुपर्नेः** (१) कृषि पर्यटन, शिक्षा पर्यटन, खेलकुद पर्यटन, स्वास्थ्य तथा आरोग्य पर्यटन, योग, ध्यान तथा आयुर्वेद पर्यटन, चलचित्र पर्यटन, बैठक, प्रोत्साहन, सम्मेलन तथा प्रदर्शनी पर्यटन (माइस टुरिजम), ग्रामीण पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, संग्रहालय पर्यटन, पर्यापर्यटन र यस्तै प्रकृतिका आध्यात्मिक, सांस्कृतिक, शैक्षिक तथा अनुभवमूलक पर्यटकीय व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट इजाजतपत्र लिनु पर्नेछ।<br>(२) सौम्यशक्ति पर्यटन व्यवसाय सञ्चालन गर्दा सम्बन्धित समुदायको स्वामित्व, सहभागिता, सांस्कृतिक अधिकार र लाभ बाँडफाँट सुनिश्चित गरिनेछ।<br>(३) सौम्यशक्ति पर्यटन व्यवसायबाट हुने नेपाल सरकारको आम्दानीबाट तोकिए बमोजिमको आम्दानी प्रतिशतलाई सोही क्षेत्रको विकास र प्रवर्द्धनमा लगाई सोको अभिलेखलाई प्रकाशन गरिनेछ।"<br>"४६ख. **संग्रहालय पर्यटन सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले नेपालको ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्त्विक, जातीय, प्राकृतिक तथा सभ्यतागत सम्पदाको संरक्षण, प्रदर्शन तथा प्रवर्द्धनका लागि संग्रहालय पर्यटनको विकास गर्न सक्नेछ।<br>(२) संग्रहालय पर्यटनको विकास तथा सञ्चालनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच आवश्यक समन्वय, सहकार्य तथा साझेदारी कायम गरिनेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| १७६. | मा. अनुश्का श्रेष्ठ | ४७ | <u>उपदफा (१) को खण्ड (ञ) को सट्टा देहायको (ञ) राख्नुपर्नेः</u><br>“(ञ) पर्यटन क्षेत्रका सङ्घसंस्थाका प्रतिनिधि तथा विज्ञमध्येबाट अध्यक्षले मनोनयन गरेको कम्तीमा २ जना महिला, २ जना दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम समूहबाट हुने गरी ५ जना -सदस्य” |
| १७७. | मा. गणेश बहादुर विश्वकर्मा | ४७ | <u>उपदफा (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्नुपर्नेः</u><br>"(ञ) पर्यटन क्षेत्रको विकासमा प्रत्यक्ष सरोकार राख्ने राष्ट्रिय स्तरका छाता संस्थाहरूका संस्थागत वहालवाला अध्यक्षहरूमध्येबाट समावेशी सिद्धान्तका आधारमा १ महिला सहित ५ जना।" |
| १७८. | मा. हरि प्रसाद भुसाल | ४७ | <u>उपदफा (१) मा देहायको खण्ड थप (ग) थप गरी खण्डक्रम मिलाउनु पर्नेः</u><br>"(ग) “पर्यटन क्षेत्र हेर्ने संसदीय समितिबाट एक जना -सदस्य" |
| १७९. | मा. खुश्बु ओली | ४७ | <u>उपदफा १ मा देहायको खण्ड (ट) थप गरी खण्डक्रम मिलाउनुपर्नेः</u><br>"(ठ) नेपाल राष्ट्र बैङ्कका तर्फ बाट बिदेशी विनिमय विभाग प्रमुख —सदस्य" |
| १८०. | मा. भूमिका श्रेष्ठ | ४७ | <u>उपदफा (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्नुपर्नेः</u><br>"(ञ) पर्यटन क्षेत्रका सङ्घसंस्थाका प्रतिनिधि तथा विज्ञमध्येबाट अध्यक्षले मनोनयन गरेको कम्तीमा एकजना महिला र एकजना लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्ति सहित तीनजना -सदस्य।" |
| १८१. | मा. गणेश पराजुली | ४७ | <u>उपदफा (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्नुपर्नेः</u><br>“(ञ) पर्यटन क्षेत्रका राष्ट्रिय स्तरका मान्यताप्राप्त छाता संस्था, होटल, ट्राभल, ट्रेकिङ, जलयात्रा, साहसिक पर्यटन, पर्यटकीय यातायात तथा अन्य प्रमुख पर्यटन व्यवसायी सङ्घका |
| १८२. | मा. भरत प्रसाद पराजुली | | |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | बहालवाला प्रतिनिधि तथा विज्ञमध्येबाट कम्तीमा दुई जना महिला सहित पाँच जना - सदस्य” |
| १८३. | मा. निश्कल राई,<br>मा. वासना थापा | ४७ | <u>उपदफा (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्नुपर्ने:</u><br>"(ञ) पर्यटन, वातावरण वा समुदायिक विकासमा विशेषज्ञता भएका व्यक्तिहरूमध्येबाट संसदको पर्यटन मामिला हेर्ने संसदिय समितिले मनोनयन गरेको कम्तीमा एक जना महीला सहित तीन जना -सदस्य "<br><u>उपदफा (६) पछि देहायको उपदफा (७) थप गर्नुपर्ने:</u><br>"(७) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ९० दिनभित्र वार्षिक पर्यटन सुशासन प्रतिवेदन तयार गरी संसद्को पर्यटन मामिला हेर्ने संसदिय समितिमा पेश गर्नेछ। त्यस्तो प्रतिवेदनमा रोयल्टी र दस्तुर संकलनको विवरण, क्यासिनो अनुपालनको अवस्था, पर्वतारोहण र वातावरणीय स्थिति र समितिका निर्णयहरूको कार्यान्वयन प्रतिवेदन समावेश हुनेछ।" |
| १८४. | मा. गंगादेवी श्रेष्ठ | ४७ | <u>उपदफा (६) पछि देहायको उपदफा (७) थप गर्नुपर्ने:</u><br>“(७) जिल्ला पर्यटन विकास निर्देशक समिति बनाई सोही अनुसार कार्ययोजना बनाउनु पर्ने।” |
| १८५. | मा. कुलभक्त शाक्य | ४७ | <u>उपदफा (१) को खण्ड (ञ) मा रहेको,</u><br>- “कम्तीमा एक जना महिला” भन्ने शब्दहरूको सट्टा“ कम्तीमा दुई जना महिला” भन्ने शब्दहरू राख्नुपर्ने। |
| १८६. | मा. सुम्निमा उदास | ४७ | <u>उपदफा (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्नुपर्ने:</u> |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | “(ञ) समितिमा मनोनयन गर्दा आतिथ्य सेवा, साहसिक पर्यटन, हवाई तथा यातायात, ट्राभल/ट्रेकिङ, र इभेन्ट/सम्मेलन व्यवसाय समेत प्रतिनिधित्व हुने गरी कम्तीमा दुई जना महिला सहित पाँच जना -सदस्य<br>तर निजी क्षेत्रको प्रतिनिधित्व सल्लाहकारी रूपमा मात्र रहनेछ र नियमन सम्बन्धी निर्णयमा मतदान अधिकार रहने छैन।” |
| १८७. | मा. सुम्निमा उदास | **४७क (दफा थप)** | **<u>परिच्छेद-६ मा देहायको नयाँ दफा ४७क थप गर्नुपर्ने:</u>**<br>“४७क. **<u>पर्यटन प्राधिकरणको स्थापना तथा काम, कर्तव्य, अधिकार:</u>**(१) नेपाल सरकारले पर्यटन प्राधिकरण स्थापना गर्नेछ।<br>(२) यो प्राधिकरणले पर्यटन प्रबर्धन, नियमन, प्रमाणीकरण, वित्तीय व्यवस्थापन, उपभोक्ता संरक्षण, दीगोपन र **enforcement** को काम गर्नेछ। मन्त्रालयले नीतिगत मार्गदर्शन मात्र दिनेछ।<br>(३) बोर्डमा निजी क्षेत्र, stakeholder, स्थानीय तहको पर्याप्त प्रतिनिधित्व हुनेछ।” |
| १८८. | मा. गंगालक्ष्मी अवाल | ४८ | **<u>खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) थप गर्नुपर्ने:</u>**<br>"(छ) पर्यटन क्षेत्रको लाभ ग्रामीण र विपन्न समुदायका साथै "ऐतिहासिक सहरका परम्परागत शिल्पी, कलाकार र सांस्कृतिक संवाहकहरू" सम्म पुऱ्याउने।" |
| १८९. | मा. खुश्बु ओली | ४८ | **<u>देहायको खण्ड (ञ) थप गर्नुपर्ने:</u>**<br>"(ञ) नीति अनुसन्धान, कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) मा आधारित पर्यटन विश्लेषण तथा विश्व बजार अध्ययन गर्नुपर्ने।" |
| १९०. | मा. भूमिका श्रेष्ठ | ४८ | **<u>खण्ड (ज) पछि देहायको खण्ड (ज१) थप गर्नुपर्ने:</u>** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(ज१) महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदाय अनुकूल सुरक्षित, पहुँचयुक्त र समावेशी पर्यटन प्रवर्द्धन गर्न आवश्यक नीति तथा मापदण्ड निर्धारण गर्ने," |
| १९१. | मा. गणेश कार्की | ४८ | <u>खण्ड (ज) पछि देहायको खण्ड (झ) थपी खण्डक्रम मिलाउनु पर्ने:</u><br>"(झ) समितिको वार्षिक प्रतिवेदनः (१) समितिले आर्थिक बर्ष समाप्त भएको ३ महिनाभित्र बार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा समितिले गरेका कामको संक्षिप्त विवरण, उपलब्धी, चुनौति र सम्भावना लगायत समावेश गर्नु पर्छ।<br>(३) उपदफा (१) बमोजिमको पुर्ण प्रतिवेदन समितिले सर्वसाधारणको जानकारीका लागि |
| १९२. | मा. मनिष झा | ४८ | <u>खण्ड (छ) पछि देहायका खण्ड (ज) र (झ) थपी खण्डक्रम मिलाउनुपर्ने:</u><br>"(ज) पर्यटन क्षेत्रबाट प्राप्त लाभ स्थानीय समुदाय, ग्रामीण तथा विपन्न समुदायसम्म न्यायोचित रूपमा पुग्ने व्यवस्था सम्बन्धी नीतिगत मार्गदर्शन गर्ने।<br>(झ) प्रत्येक पाँच वर्षमा प्रमुख पर्यटकीय क्षेत्रहरूको Carrying Capacity तथा Climate Vulnerability Assessment गर्ने।" |
| १९३. | मा. गणेश बहादुर विश्वकर्मा | ४९ | <u>दफा ४९ मा रहेको,</u><br>- "तोकिए बमोजिमको" भन्ने शब्दहरूको सट्टा "आवश्यकता अनुसार" भन्ने शब्दहरू राख्नुपर्ने। |
| १९४. | मा. कुलभक्त शाक्य | ४९क (दफा थप) | <u>दफा ४९ पछि देहायको दफा ४९क थपी दफाक्रम मिलाउनु पर्ने:</u><br>"४९क. <u>एक द्वार प्रणाली:</u> पर्यटनसम्बन्धी सम्पूर्ण अनुमति, दर्ता, नविकरण तथा अन्य सेवाहरू एउटै कार्यालय वा डिजिटल प्लाटफर्म मार्फत कार्य सम्पादन गरिनेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| १९५. | मा. गणेश कार्की | ५० | खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राख्नुपर्नेः<br>"(ठ) दफा २९ बमोजिम इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गरेमा वा दफा ३५ को उपदफा (६) र (८) बमोजिम कुनै कार्य गरेमा," |
| १९६. | मा. गणेश पराजुली | ५० | खण्ड (थ) पछि देहायका खण्ड (द), (ध) र (न) थप गर्नुपर्नेः<br>"(द) इजाजतपत्रप्राप्त नेपाली ट्राभल, टुर, ट्रेकिङ, जलयात्रा वा साहसिक पर्यटन एजेन्सीसँग आबद्ध नभई नेपालभित्र शुल्क लिई गाइड सेवा, प्याकेज सञ्चालन, पदयात्रा समूह व्यवस्थापन, राफ्टिङ/नदी यात्रा सञ्चालन, पर्वतारोहण सहजीकरण वा पर्यटक यातायात व्यवस्था गरे वा गराएमा,<br>(ध) दर्ता वा इजाजतबिना डिजिटल माध्यमबाट नेपालभित्र उपलब्ध पर्यटन सेवा बिक्री, बुकिङ वा सञ्चालन गरेमा, गलत सूचना दिई पर्यटकलाई ठगी गरेमा, अनधिकृत एजेन्ट वा विदेशी अपरेटरमार्फत सेवा सञ्चालन गराएमा वा राज्यलाई बुझाउनुपर्ने कर, शुल्क, रोयल्टी वा विवरण लुकाएमा,<br>(न) दफा ६४क विपरीत सेवा शुल्क नखुलाएको, रसिद वा डिजिटल बीजक नदिएको, तोकिएकोभन्दा बढी शुल्क असुल गरेको, जबरजस्ती सेवा लिन बाध्य पारेको वा पर्यटकलाई दुर्व्यवहार गरेको प्रमाणित भएमा।" |
| १९७. | मा. कमल सुवेदी | ५१ | उपदफा (१) को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राख्नुपर्नेः<br>"(ज) बिना इजाजतपत्र क्यासिनो वा सट्टाबाजी चलाएमा कारोबार भएको वा बिगो रकमको दोब्बर वा न्यूनतम पाँच करोड देखि दश करोड रुपैयाँसम्म जरिबाना र मुख्य सञ्चालकलाई तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ।" |
| १९८. | मा. गणेश पराजुली | ५१ | उपदफा (१) को खण्ड (ठ) पछि देहायका खण्ड (ड), (ढ) र (ण) थप गर्नुपर्नेः |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(ड) दफा ५० को खण्ड (द) बमोजिमको कसूरमा पचास हजार रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना, तथा विदेशी व्यक्ति संलग्न भएमा प्रचलित कानुनबमोजिम नेपाल प्रवेशमा रोक लगाउन सम्बन्धित निकायमा लेखी पठाउन सकिने,<br>(ढ) दफा ५० को खण्ड (ध) बमोजिमको कसूरमा एक लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना, दर्ता निलम्बन वा खारेजी र बाँकी कर, शुल्क वा रोयल्टी सरकारी बाँकी सरह असुल गरिने,<br>(ण) दफा ५० को खण्ड (न) बमोजिमको कसूरमा पहिलो पटक पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना, दोहोरिएमा इजाजतपत्र निलम्बन र पुनः दोहोरिएमा इजाजतपत्र खारेज गर्न सकिने।" |
| १९९. | मा. विष्णुमाया बि.क. | ५१ | **<u>उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नुपर्ने:</u>**<br>"(ङ) दफा ५० को खण्ड (झ) बमोजिमको कसूरमा तीन लाख रुपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिबाना र आरोहण प्रमाण पत्र छ महिनाको लागि निलम्बन," |
| २००. | मा. निश्कल राई,<br>मा. वासना थापा | ५२ | **<u>दफा ५२ मा रहेको,</u>**<br>- "दफा ५१ बमोजिम सजाय हुने सबै कसूरको सुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।" |
| २०१. | मा. निश्कल राई,<br>मा. वासना थापा | ५४ | **<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने:</u>**<br>"(१) दफा ५२ बमोजिम जिल्ला अदालतबाट सुरु कारवाही र किनारा भएकोमा उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| २०२. | मा. गणेश पराजुली | **५५क र ५५ख (दफा थप)** | <u>दफा ५५ पछि देहायको दफा ५५क  र ५५ख थप गर्नुपर्ने:</u><br>"**५५क. <u>पदयात्रा गाइड, भरिया तथा पदयात्रा श्रमिक सम्बन्धी व्यवस्था:</u>** (१) तोकिएको उच्च जोखिम, संरक्षित, हिमाली वा दुर्गम पदमार्गमा जाने पर्यटकले इजाजतपत्र प्राप्त नेपाली गाइड, गाइड-भरिया वा भरिया संलग्न नगरी पदयात्रा गर्न पाउने छैन।<br>(२) ट्रेकिङ एजेन्सीले पदयात्रामा संलग्न गाइड, भरिया वा सहयोगीको डिजिटल दर्ता परिचय नम्बर, कार्य सम्झौता, न्यूनतम पारिश्रमिक, दैनिक भत्ता, दुर्घटना बिमा, स्वास्थ्य उपचार बिमा, खोज तथा उद्धार बिमा र मौसम अनुकूल पोसाक तथा उपकरण सुनिश्चित गर्नुपर्नेछ।<br>(३) भरियाले बोक्ने अधिकतम भार तोकिए बमोजिम हुनेछ; नियमावली नबन्दासम्म सामान्य अवस्थामा २० केजी र ३,५०० मिटरभन्दा माथि १५ केजीभन्दा बढी भार बोकाउन पाइने छैन।"<br>"**५५ख. <u>डिजिटल पर्यटन सेवा प्रदायकको दर्ता:</u>** (१) नेपालभित्र उपलब्ध पर्यटन सेवा बिक्री, बुकिङ, सूचीकरण वा सहजीकरण गर्ने डिजिटल पर्यटन सेवा प्रदायकले तोकिए बमोजिम विभागमा दर्ता हुनुपर्नेछ।<br>(२) विदेशी डिजिटल प्लेटफर्मले नेपालमा कारोबार गर्न नेपालस्थित सम्पर्क प्रतिनिधि, कर दर्ता, उपभोक्ता गुनासो सम्पर्क र कारोबार प्रतिवेदन प्रणाली कायम गर्नुपर्नेछ।<br>(३) दर्ता नभएका प्लेटफर्ममार्फत इजाजतपत्रप्राप्त नेपाली पर्यटन सेवा प्रदायकले सेवा बिक्री गर्न नपाउने व्यवस्था तोकिए बमोजिम लागु गर्न सकिनेछ।" |
| २०३. | मा. सम्निमा उदास | **५६** | <u>उपदफा (२) पछि देहायका उपदफाहरू थप गर्नुपर्ने:</u><br>"(३) यस ऐन बमोजिम तोकिएको जरिबाना वा सजाय निर्धारण गर्दा कसूरको गम्भीरता, |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | दोहोरिने प्रवृत्ति र पर्यटक वा वातावरणमा परेको क्षतिको आधारमा क्रमिक **(graduated)** रूपमा निर्धारण गरिनेछ।<br>(४) इजाजत प्रदान गर्ने र कसुरमा कारबाही गर्ने कार्य फरक-फरक इकाईबाट सम्पादन गरिनेछ, इजाजत दिने इकाईलाई कारबाहीको अधिकार प्रत्यायोजन गरिने छैन।<br>(५) कारबाही गर्दा सम्बन्धित व्यक्ति वा फर्मलाई सुनुवाइको उचित मौका दिइनेछ।" |
| २०४. | मा. गणेश पराजुली | ५७ | **दफा ५६ मा उल्लिखित व्यवस्थालाई उपदफा (१) कायम गरी त्यसपछि देहायको उपदफा (२) थप गर्नुपर्नेः**<br>"(२) पर्यटकीय यातायात सेवा तथा इजाजतपत्रप्राप्त सवारी भाडा सेवा प्रदायकले प्रयोग गर्ने सवारी साधनको वर्गीकरण, नम्बर प्लेट, डिजिटल परमिट, बिमा, चालकको योग्यता, भाडादर पारदर्शिता, रसिद प्रणाली, सुरक्षा परीक्षण तथा विद्युतीय वा वातावरणमैत्री सवारी साधनको प्रवर्धन सम्बन्धी व्यवस्था प्रचलित यातायात कानुनसँग समन्वय गरी तोकिए बमोजिम हुनेछ।" |
| २०५. | मा. भरत प्रसाद पराजुली | | |
| २०६. | मा. खुश्बु ओली | ५८ | **उपदफा (२) मा देहायका शब्दहरू थप गर्नुपर्नेः**<br>(२) "प्रत्येक नेपाली कर्मचारीलाई वार्षिक "आन्तरिक पर्यटन विदा" र सहुलियत कार्यक्रम अनिवार्य लागु गर्नुपर्ने।" |
| २०७. | मा. भुमिका लिम्बु सुब्बा | ५८ | **उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः**<br>"(१) आन्तरिक पर्यटन प्रवर्धनको लागि ७ वटै प्रदेशमा बसोबास गरेका सबै जातजाती र समुदायहरूको पहिचान सहितको बहुसांस्कृतिक संग्रहालय निर्माण गरिने छ।" |
| २०८. | मा. लिमा अधिकारी (आचार्य) | ५९ | **उपदफा (२) मा रहेको,** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | - "पर्यटक प्रहरी" भन्ने शब्दहरूपछि "कम्तीमा एक जना महिला प्रहरी अनिवार्य रूपमा समावेश हुने गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| २०९. | मा. खुश्बु ओली | ५९ | <u>**उपदफा (२) मा रहेको:**</u><br>- **"नेपाल प्रहरी"** भन्ने शब्दहरूको सट्टा **"नगर/गाउँ प्रहरी"** भन्ने शब्दहरू राख्नुपर्ने। |
| २१०. | मा. भूमिका श्रेष्ठ | ५९ | <u>**उपदफा (४) पछि देहायको उपदफा (५) र (६) थप गर्नुपर्ने:**</u><br>"(५) विदेशी पर्यटक नेपालमा रहने सीमित अवधिलाई समेत दृष्टिगत गरी निजहरू विरुद्ध हुने कसूर वा विवाद सम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन र किनारा गर्दा सम्बन्धित निकाय वा मुद्दा हेर्ने अधिकारीले द्रुत मार्गबाट छिनोफानो गर्नुपर्नेछ।<br>(६) विदेशी पर्यटकको सहज पहुँचका लागि आवश्यकता अनुसार पर्यटक प्रहरी लगायतका सम्बद्ध निकायहरूमा तोकिए बमोजिम विदेशी भाषाहरूमा लिखित तथा मौखिक अनुवाद लगायत सहजीकरणको व्यवस्था मिलाइनेछ।" |
| २११. | मा. गणेश पराजुली | ५९ | <u>**उपदफा (४) पछि देहायका उपदफा (५), (६), (७) र (८) थप गर्नुपर्ने:**</u><br>"(५) नेपाल सरकारले यो ऐन प्रारम्भ भएको मितिले बाह्र महिनाभित्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, प्रमुख अन्तर्राष्ट्रिय नाका, ठमेल, पोखरा, चितवन, लुम्बिनी, प्रमुख पदमार्ग प्रवेश विन्दु तथा तोकिएका विशेष पर्यटकीय क्षेत्रमा पर्यटक प्रहरी परिचालन योजना लागु गर्नेछ।<br>(६) पर्यटक प्रहरीलाई पर्यटक गुनासो दर्ता गर्ने, दलाली, ठगी, जबरजस्ती, दुर्व्यवहार, बढी शुल्क असुली र पर्यटक क्षेत्रमा हुने अव्यवस्था नियन्त्रणमा सम्बन्धित निकायसँग समन्वय गरी तत्काल कारबाही गर्ने अधिकार हुनेछ।<br>(७) पर्यटक प्रहरीका लागि भाषा, आतिथ्य व्यवहार, पर्यटक अधिकार, उद्धार समन्वय र साइबर गुनासो व्यवस्थापन सम्बन्धी तालिम अनिवार्य हुनेछ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (८) पर्यटक प्रहरीको वार्षिक कार्यसम्पादन प्रतिवेदन मन्त्रालयले सार्वजनिक गर्नेछ।" |
| २१२. | मा. मनिष झा | ५९ | **उपदफा (३) पछि देहायको उपदफा (४) थपी उपदफाक्रम मिलाउनुपर्नेः**<br>"(४) पर्यटक प्रहरीमार्फत Multilingual Tourist Help Desk, Digital Complaint System तथा Emergency Response Co-ordination सञ्चालन गर्ने।" |
| २१३. | मा. निश्कल राई,<br>मा. वासना थापा | ५९ | **दफा ५९** झिक्नुपर्ने। |
| २१४. | मा. अनुश्का श्रेष्ठ | ५९क<br>(दफा थप) | **विधेयकको दफा ५९ पछि देहायको दफा ५९क थप गर्नुपर्नेः**<br>"**५९क. डिजिटल नोमाड भिसा तथा सेवा सुविधाः** (१) नेपाल सरकार वा तोकिएको निकायले सूचना प्रविधि तथा डिजिटल माध्यम प्रयोग गरी विदेशस्थित रोजगार, व्यवसाय वा सेवा सञ्चालन गर्ने विदेशी नागरिकलाई डिजिटल नोमाड भिसा प्रदान गर्न सक्नेछ।<br>(२) डिजिटल नोमाड भिसा प्राप्त गर्ने विदेशी नागरिकले तोकिए बमोजिम नेपालमा अस्थायी रूपमा बसोबास गरी रिमोट रूपमा कार्य गर्न सक्नेछ।<br>(३) डिजिटल नोमाड भिसाको अवधि, नवीकरण, न्यूनतम आय, स्वास्थ्य बिमा, कर सम्बन्धी व्यवस्था तथा अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ।" |
| २१५. | मा. गंगालक्ष्मी अवाल | ६० | **उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्नेः**<br>"(३) काठमाडौं उपत्यकाका सांस्कृतिक सहरहरू समेटी "सम्पदा पर्यटन परिपथ (Heritage Circuit)" निर्माण गर्ने।" |
| २१६. | मा. गणेश पराजुली | ६० | **उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफा क्रम मिलाउनुपर्नेः** |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(२) एकीकृत पर्यटकीय उपज विकास गर्दा स्थानीय समुदाय, आदिवासी/जनजाती, महिला, युवा, स्थानीय व्यवसायी तथा सम्बन्धित छाता संस्थासँग परामर्श गर्नुपर्नेछ। त्यस्तो उपजले स्थानीय रोजगारी, स्थानीय उत्पादन, सांस्कृतिक पहिचान, मौलिक खाना, होमस्टे, हस्तकला र स्थानीय लाभ वितरणलाई प्राथमिकता दिनुपर्नेछ।" |
| २१७. | मा. गंगा छन्त्याल | ६१ | <u>उपदफा (३) मा देहायका शब्दहरू थप गर्नुपर्नेः</u><br>"उपदफा (१) बमोजिमको क्षेत्रमा बन्ने पूर्वाधार र भौतिक संरचनाको ढाँचा" भन्ने शब्दहरू पछि "अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, महिला लगायत सबैका लागि पहुँचयुक्त र सुरक्षित हुनुपर्नेछ र यसको लागि आवश्यक मापदण्ड नेपाल सरकारले तयार गर्नुपर्ने छ।" |
| २१८. | मा. खुश्बु ओली | ६१ | <u>उपदफा (१) मा देहायका शब्दहरू थप गर्नुपर्नेः</u><br>- "पशुपतिनाथ-जनकपुर-लुम्बिनी-मुक्तिनाथ-खप्तड लगायत हिन्दु-बौद्ध-किराँत सभ्यता क्षेत्रलाई एकीकृत धार्मिक पर्यटन सर्किट घोषणा गरिनुपर्छ।" |
| २१९. | मा. गणेश पराजुली | ६१ | <u>उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्नेः</u><br>"(४) विशेष पर्यटकीय क्षेत्रमा स्थानीय वास्तुकला, सांस्कृतिक पहिचान, सार्वजनिक सरसफाइ, बहुभाषिक सूचना प्रणाली, अपाङ्गता-मैत्री पूर्वाधार, सुरक्षित रात्री पर्यटन, सार्वजनिक-निजी साझेदारी र वातावरणीय संरक्षण सम्बन्धी न्यूनतम मापदण्ड तोकिनेछ।" |
| २२०. | मा. निश्कल राई,<br>मा. वासना थापा | ६१ | <u>उपदफा (६१) को उपदफा (३) पछि देहायका उपदफा (४), (५) र (६) थप गर्नुपर्नेः</u><br>"(४) उपदफा (१) बमोजिम विशेष पर्यटकीय क्षेत्र घोषणा गरेको मितिले दुई वर्षभित्र विश्वविद्यालय अनुदान आयोगले स्वीकृत गरेको शैक्षिक संस्थाबाट वहन क्षमता अध्ययन अनिवार्य रुपमा गराईनेछ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (५) उक्त अध्ययनले निर्धारण गरेको वार्षिक र मौसमी पर्यटक सीमा बाध्यकारी हुनेछ। अध्ययनले तोकेको सीमा नाघेपछि सम्बन्धित क्षेत्रभित्र नयाँ पर्यटन व्यवसाय इजाजतपत्र जारी गरिनेछैन।<br>(६) वहन क्षमता अध्ययन प्रत्येक पाँच वर्षमा पुनरावलोकन हुनेछ। अध्ययनका निष्कर्ष सार्वजनिक हुनेछन्।" |
| २२१. | मा. गंगा छन्त्याल | ६२ | **<u>दफा ६२ मा देहायका शब्दहरू थप गर्नुपर्ने:</u>**<br>- "पहुँचयुक्त पर्यटन प्रवर्धनका लागि साहसिक खेल पर्यटन र पर्वतारोहण पर्यटनमा अपाङ्गता भएका व्यक्तिलाई छुट दिने।" |
| २२२. | मा. भूमिका श्रेष्ठ | ६२क (दफा थप) | **<u>दफा ६२ पछि देहायको दफा ६२क थप गर्नुपर्ने:</u>**<br>"**६२क. <u>सामाजिक न्याय तथा समावेशीकरण:</u>** (१) पर्यटन क्षेत्रमा महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायको समतामूलक सहभागिता, सुरक्षित रोजगारी र उद्यमशीलता प्रवर्धनका लागि राज्यले विशेष प्रोत्साहन तथा सहुलियत प्रदान गर्नेछ र सेवा प्रवाहलाई पहुँचयुक्त बनाइनेछ।<br>(२) पर्यटन क्षेत्रमा महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायका पर्यटकहरूको विशेष आवश्यकतालाई आत्मसात् गरी विभेदरहित मर्यादित सेवा तथा पहुँचयुक्त वातावरण सुनिश्चित गरिनेछ।" |
| २२३. | मा. योगेश गौचन थकाली,<br>मा. गीता गुरूङ | ६३ | **<u>उपदफा (३) पछि देहायको उपदफा (४) थप गरी उपदफाक्रम मिलाउनु पर्ने:</u>**<br>"(४) हिमाली क्षेत्रमा पर्वतारोही दुर्घटनामा परेको अवस्थामा आपत्कालीन वायु उद्धार, टेलिमेडिसिन (Telemedicine) र उच्च हिमाली क्षेत्र स्वास्थ्य उद्धार एकाइ (High Altitude Medical Response Unit) को व्यवस्था गरिनेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| २२४. | मा. अनुश्का श्रेष्ठ | ६३ | <u>उपदफा (२) मा रहेको</u><br>- **"विभागले खोज, उद्धार तथा उपचारको लागि सम्बन्धित निकाय"** भन्ने शब्दहरूपछि **"र पर्यटन प्रहरी"** भन्ने शब्दहरू थप गर्नुपर्ने।<br><u>उपदफा (३) मा हरेको,</u><br>- **"अनुगमन विभागले गर्नु पर्नेछ"** भन्ने शब्दहरूपछि **"र विभागले अनुगमनको प्रतिवेदन मन्त्रालय समक्ष पेश गरी प्रतिवेदन सार्वजानिक गर्नु पर्नेछ"** भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| २२५. | मा. खुश्बु ओली | ६३ | <u>देहायको उपदफा (८) थप गर्नुपर्नेः</u><br>"(८) पर्यटक दुर्घटना, प्राकृतिक विपद् तथा उद्धारका लागि स्वचालित आपतकालीन कोष स्थापना गरिने छ।" |
| २२६. | मा. कमल सुवेदी | ६३ | <u>देहायका उपदफा (८) र (९) थप गर्नुपर्नेः</u><br>"(८) खोज तथा उद्धार कार्यलाई डिजिटल प्रविधि र स्याटेलाइट ट्र्याकिङ (GPS) प्रणालीसँग आबद्ध गरिनेछ।<br>(९) खोज तथा उद्धारको नाममा हुने कृत्रिम वा झुट्ठा उद्धार (Fake Rescue) वा बिमा दाबी सम्बन्धी कसूर गरेमा सो कार्यमा संलग्न ट्रेकिङ्ग एजेन्सी, हेलिकप्टर कम्पनी वा अस्पताललाई कसूरको गम्भीरता हेरी इजाजतपत्र खारेजी र फौजदारी कसूर सरह सजाय गरिनेछ।" |
| २२७. | मा. बोध नारायण श्रेष्ठ | ६३ | <u>उपदफा (२) मा रहेको,</u><br>- "विभागले" भन्ने शब्दपछि "प्रदेश मन्त्रालयसँगको समन्वयमा" भन्ने शब्दहरू थप गर्नुपर्ने।<br>- "प्रदेश मन्त्रालय अन्तर्गत एक स्थायी उद्धार, खोज संयन्त्र रहनेछ" भन्ने शब्दहरू थप गर्नुपर्ने। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | - <u>उपदफा (३)</u> झिक्नुपर्ने।<br>**<u>उपदफा (४) र (५)</u> मा रहेको,**<br>- "विभागले गर्नेछ" भन्ने शब्दहरूको सट्टा "विभागले समेत आवश्यक समन्वय र सहयोगमा प्रदेश मन्त्रालयले गर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने। |
| २२८. | मा. गणेश पराजुली | **६३क (दफा थप)** | **<u>दफा ६३ पछि देहायको दफा ६३क थप गर्नुपर्ने:</u>**<br>"**६३क. <u>आपतकालीन उद्धार सेवा प्रदायकको इजाजत र नियमन:</u>** (१) पर्यटकको हेलिकप्टर उद्धार, चिकित्सकीय उद्धार, एम्बुलेन्स समन्वय वा आपतकालीन उद्धार सेवा सञ्चालन गर्न चाहने व्यक्ति, संस्था वा कम्पनीले तोकिए बमोजिम इजाजतपत्र लिनुपर्नेछ।<br>(२) उद्धार सेवा प्रदायकले सेवा उपलब्ध गराउने समय, सेवा शुल्क, बिमा दाबी प्रक्रिया, बिरामी सिफारिस, अस्पताल समन्वय र उडान अभिलेख पारदर्शी रूपमा राख्नुपर्नेछ।<br>(३) झुटो बिरामी देखाउने, अनावश्यक उद्धार गराउने, कमिसन वा सिफारिस लाभ लिने-दिने वा पर्यटकलाई आर्थिक रूपमा शोषण गर्ने कार्य निषेध हुनेछ।<br>(४) मन्त्रालयले नागरिक उड्डयन, स्वास्थ्य मन्त्रालय, बिमा निकाय, स्थानीय प्रशासन र पर्यटक प्रहरीसँग समन्वय गरी उद्धार परीक्षण तथा अनुगमन संयन्त्र बनाउनेछ।" |
| २२९. | मा. गंगालक्ष्मी अवाल | ६४ | **<u>दफा ६४ मा देहायको प्रतिवन्धात्मक वाक्यांश थप गर्नुपर्ने:</u>**<br>- "तर ऐतिहासिक क्षेत्रका होटल/होमस्टेमा आधुनिक कंक्रिटको सट्टा अनिवार्य परम्परागत वास्तुकला (Newari Architecture) को मापदण्ड लागु हुने।" |
| २३०. | मा. गणेश कार्की | ६४ | **<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने:</u>**<br>"(२) पर्यटक अधिकार सम्बन्धी व्यवस्था: प्रत्येक पर्यटकलाई सुरक्षित, गुणस्तरीय, गैरभेदभावपूर्ण तथा पारदर्शी पर्यटन सेवा प्राप्त गर्ने अधिकार हुनेछ। पर्यटक ठगी, |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | अस्वाभाविक शुल्क, हिंसा, यौन दुर्व्यवहार, साइबर ठगी तथा साइबर असुरक्षाबाट संरक्षण गरिनेछ।"<br>**<u>उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थप गर्नुपर्नेः</u>**<br>"(३) नेपाल सरकारले पर्यटकको न्युनतम दैनिक खर्च तोक्न सक्नेछ।"<br>(४) सेवा सुविधाको गुणस्तरको मापदण्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" |
| २३१. | मा. गणेश पराजुली | **६४क (दफा थप)** | **<u>दफा ६४ पछि देहायको दफा ६४क थप गर्नुपर्नेः</u>**<br>"**६४क. <u>पर्यटक सेवा शुल्क पारदर्शिता तथा ठगी नियन्त्रणः</u>** (१) पर्यटकलाई लक्षित गरी वस्तु वा सेवा उपलब्ध गराउने इजाजतपत्रप्राप्त व्यवसायीले सेवा शुल्क, दर, कर, अतिरिक्त शुल्क र रद्द गर्ने नीति नेपाली तथा अंग्रेजी भाषामा स्पष्ट रूपमा प्रकाशित गर्नुपर्नेछ।<br>(२) पर्यटकीय यातायात, विमानस्थल ट्याक्सी, गाइड सेवा, पदयात्रा प्याकेज, साहसिक सेवा, आवास तथा अन्य तोकिएका सेवामा अनिवार्य रूपमा रसिद वा डिजिटल बीजक दिनुपर्नेछ।<br>(३) झुटो सूचना दिई सेवा बिक्री गर्ने, तोकिएकोभन्दा बढी शुल्क असुल्ने, जबरजस्ती सेवा लिन बाध्य पार्ने, दलाली गर्ने वा पर्यटकलाई दुर्व्यवहार गर्ने कार्य निषेध हुनेछ।<br>(४) मन्त्रालयले पर्यटक गुनासोका लागि चौबिसै घण्टा उपलब्ध हुने बहुभाषिक हटलाइन र अनलाइन गुनासो प्रणाली सञ्चालन गर्न सक्नेछ।" |
| २३२. | मा. भरत प्रसाद पराजुली | **६४क (दफा थप)** | **<u>दफा ६४ पछि देहायको दफा ६४क थप गर्नुपर्नेः</u>**<br>"**६४क. <u>पर्यटक सेवा शुल्क पारदर्शिता तथा ठगी नियन्त्रणः</u>** (१) पर्यटकलाई लक्षित गरी वस्तु वा सेवा उपलब्ध गराउने इजाजतपत्रप्राप्त व्यवसायीले सेवा शुल्क, दर, कर, अतिरिक्त शुल्क र रद्द गर्ने नीति नेपाली तथा अंग्रेजी भाषामा स्पष्ट रूपमा प्रकाशित गर्नुपर्नेछ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (२) पर्यटकीय यातायात, विमानस्थल ट्याक्सी, गाइड सेवा, पदयात्रा प्याकेज, साहसिक सेवा, आवास तथा अन्य तोकिएका सेवामा अनिवार्य रूपमा रसिद वा डिजिटल बीजक दिनुपर्नेछ।<br>(३) झुटो सूचना दिई सेवा बिक्री गर्ने, तोकिएकोभन्दा बढी शुल्क असुल्ने, जबरजस्ती सेवा लिन बाध्य पार्ने, दलाली गर्ने वा पर्यटकलाई दुर्व्यवहार गर्ने कार्य निषेध हुनेछ।<br>(४) मन्त्रालयले पर्यटक गुनासोका लागि चौबीसै घण्टा उपलब्ध हुने बहुभाषिक हटलाइन र अनलाइन गुनासो प्रणाली सञ्चालन गर्न सक्नेछ।” |
| २३३. | मा. गणेश कार्की | ६५ | **<u>उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने:</u>**<br>“(३) नेपालका रैथाने, आदिवासी तथा अल्पसंख्यक समुदायको परम्परागत संस्कृति, सिप, वास्तुकला र रैथाने ज्ञान (Indigenous Knowledge) लाई पर्यटन उपजको रूपमा प्रवर्धन गर्दा सोको प्रतिलिपि अधिकार र आर्थिक लाभमा सम्बन्धित समुदायको स्वामित्व अधिकार सुरक्षित गरिनेछ।” |
| २३४. | मा. गणेश पराजुली | | <u>उपदफा (१)</u> मा रहेको “गर्न सक्नेछ” भन्ने शब्दहरूको सट्टा “गर्नुपर्नेछ” भन्ने शब्द राख्नुपर्ने। |
| २३५. | मा. भरत प्रसाद पराजुली | ६५ | **<u>उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थप गर्नुपर्ने:</u>**<br>“(३) मन्त्रालयले यो ऐन प्रारम्भ भएको मितिले अठार महिनाभित्र पदयात्रा अनुमति, संरक्षित/प्रतिबन्धित क्षेत्र अनुमति, राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्र अनुमति, पर्वतारोहण अनुमति, टिम्स वा सोसरहका पर्यटन अनुमतिलाई चरणबद्ध रूपमा एकीकृत डिजिटल पोर्टलमा आबद्ध गर्नेछ।<br>(४) उक्त पोर्टलमा क्यूआर प्रमाणीकरण, डिजिटल जाँचबिन्दु, अनलाइन भुक्तानी, आपत्कालीन सम्पर्क दर्ता, गाइड/भरिया परिचय लिंक र प्रदेश/स्थानीय तहसँग डाटा साझेदारीको व्यवस्था हुनेछ।” |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| २३६. | मा. गणेश पराजुली | **६५क (दफा थप)** | <u>दफा ६५ पछि देहायको दफा ६५क थपी त्यसपछिका दफाक्रम मिलाउनु पर्ने:</u><br>"**६५क. <u>पर्यटकीय पूर्वाधारको न्यूनतम मापदण्ड:</u>** (१) मन्त्रालयले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी प्रमुख पर्यटकीय स्थल, सांस्कृतिक सम्पदा क्षेत्र, पदमार्ग प्रवेश विन्दु र विशेष पर्यटकीय क्षेत्रमा न्यूनतम पर्यटकीय पूर्वाधार मापदण्ड तोक्नेछ।<br>(२) त्यस्तो मापदण्डमा सफा र अपाङ्गता-मैत्री सार्वजनिक शौचालय, पिउने पानी, फोहोर व्यवस्थापन, बहुभाषिक सूचना बोर्ड, आपतकालीन सम्पर्क बोर्ड, डिजिटल नक्सा, गुनासो क्यूआर कोड, बत्ती र सुरक्षित पैदल पहुँच समावेश हुनेछ।<br>(३) स्थानीय तहले सार्वजनिक-निजी साझेदारी वा स्थानीय पर्यटन कोषमार्फत यसको सञ्चालन तथा मर्मत-सम्भार गर्न सक्नेछ।" |
| २३७. | मा. योगेश गौचन थकाली,<br>मा. गीता गुरूङ | ६६ | <u>दफा ६६ को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने:</u><br>- "सम्बन्धित पर्यटकीय स्थलहरूको भाषा र संस्कृतिमा आधारित तालिम प्रदान गर्ने व्यवस्था मिलाउन सकिनेछ।" |
| २३८. | मा. भूमिका श्रेष्ठ | ६६ | <u>दफा ६६ को अन्तिममा देहायका शब्दहरू थप गर्नुपर्ने:</u><br>- "यसरी जनशक्ति उत्पादन र तालिम सञ्चालन गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, दलित लगायत सीमान्तकृत समुदायको समतामूलक सहभागिता सुनिश्चित गर्न विशेष प्राथमिकता वा सहुलियत प्रदान गरिनेछ।" |
| २३९. | मा. गणेश पराजुली | ६६ | <u>दफा ६६ मा रहे</u>को,<br>- **"रिभर गाइड"** भन्ने शब्दहरूपछि **"राफ्टिङ गाइड, कायकिङ प्रशिक्षक, नदी उद्धार जनशक्ति, wilderness first-aid तालिमप्राप्त गाइड, डिजिटल पर्यटन सेवा जनशक्ति"** भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| २४०. | मा. भरत प्रसाद पराजुली | | |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | <u>दफाको अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने:</u><br>"यस्ता जनशक्तिको तालिम, परीक्षा, प्रमाणपत्र, नवीकरण, आचारसंहिता र डिजिटल दर्ता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।" |
| २४१. | मा. बोध नारायण श्रेष्ठ | ६६ | <u>दफा ६६ को अन्त्यमा देहायको गाइड दर सम्बन्धी व्यवस्था थप गर्नुपर्ने:</u><br>- "हरेक रुटमा गाइडको न्यूनतम पारिश्रमिक तोक्ने; पदयात्रा क्षेत्रमा भरिया/सहयोगीलाई पाहुना बसेकै ठाउँमा बास र खाना पाउने हक सुनिश्चित गर्ने; राज्यबाटै गाइड तालिम केन्द्र।" |
| २४२. | मा. अनुश्का श्रेष्ठ | ६७ | <u>दफा शीर्षकको सट्टा देहायको दफा शीर्षक राख्नुपर्ने:</u><br>- **"६७. <u>"पर्यटकलाई कुनै पनि मालसामान वा सेवा बिक्रीमा प्रतिबन्ध लगाउन सक्ने"</u>**<br><u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने:</u><br>"(१) पर्यटकले पर्यावरणमा नकारात्मक असर पार्ने मालसामान वा वस्तु विदेशबाट नेपालमा ल्याई कसैलाई बिक्री, दान, दातव्य, हस्तान्तरण वा अन्य कुनै प्रकारले प्रयोग वा कारोबार गर्न पाउने छैन।"<br><u>उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी उपदफाक्रम मिलाउनु पर्ने:</u><br>"(२) उपदफा (१) मा लेखिएको बाहेक पर्यटकले नेपालमा व्यावसायिक प्रयोजनका लागि कुनै पनि मालसामान, वस्तु वा सेवा बिक्री वितरण गर्न पाउने छैन।" |
| २४३. | मा. गणेश पराजुली | ६७ | <u>उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्ने:</u><br>"(४) नेपाल प्रवेश गर्ने पर्यटक सवारी साधन, पर्यटक बस वा निजी समूह सवारीले तोकिएको पर्यटक आचारसंहिता पालना गर्नुपर्नेछ। सीमा नाका वा डिजिटल माध्यमबाट स्थानीय कानुन, सरसफाइ, सार्वजनिक शिष्टाचार, महिला सुरक्षा, धार्मिक/सांस्कृतिक सम्मान र फोहोर व्यवस्थापन सम्बन्धी जानकारी उपलब्ध गराइनेछ। सडक, नदी, धार्मिक स्थल |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | वा सार्वजनिक स्थानमा फोहोर फाल्ने, खुला शौच गर्ने, अव्यवस्थित खाना पकाउने/क्याम्पिङ गर्ने वा सार्वजनिक शान्ति भंग गर्ने कार्य गरेमा तोकिए बमोजिम जरिबाना गर्न सकिनेछ।" |
| २४४. | मा. बोध नारायण श्रेष्ठ | ६७ | <u>देहायको उपदफा थप गर्नुपर्ने:</u><br>"(४) निजी सवारीबाट आउने विदेशी पर्यटकलाई स्थानीय रीतिरिवाज, सरसफाइ, महिला सुरक्षा, वातावरणीय जिम्मेवारीबारे आधारभूत अभिमुखीकरण अनिवार्य; उचित पर्यटन/वातावरण शुल्क; सडक/नदी फोहोर गर्नेलाई जरिवाना।" |
| २४५. | मा. मनिष झा | ६८ | <u>दफा ६८ मा रहेको</u><br>- "तोकिएको अवधिभित्र" भन्ने शब्दहरूपछि "Environment Protection, Waste Management, Local Employment तथा Tourist Safety सम्बन्धी विषयहरू समावेश गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने। |
| २४६. | मा. परशुराम तामाङ्ग | ७० | <u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने:</u><br>"(१) यो ऐन बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार प्रयोग गर्दा तीन तहबिच सहकार्य, समन्वय र सहकारी संघीयताको भावनामा गर्न सक्नेछ।" |
| २४७. | मा. अनुश्का श्रेष्ठ | ७०क (दफा थप) | <u>दफा ७० पछि देहायको दफा ७०क थप गरी दफाक्रम मिलाउनु पर्ने:</u><br>**"७०क. <u>पर्यटक तथ्याङ्क संरक्षण:</u>** यस ऐन बमोजिम सङ्कलन गरिएको पर्यटकको व्यक्तिगत विवरण, स्वास्थ्यसम्बन्धी विवरण, बिमा विवरण, राहदानी विवरण लगायतका संवेदनशील तथ्याङ्कको सङ्कलन, प्रयोग, भण्डारण, अभिलेखीकरण, हस्तान्तरण तथा संरक्षण प्रचलित व्यक्तिगत गोपनीयता तथा तथ्याङ्क संरक्षण सम्बन्धी कानुन बमोजिम हुनेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| २४८. | मा. गणेशबहादुर विश्वकर्मा | ७१ | <u>**दफा ७१ को सट्टा देहायको दफा ७१ राख्नुपर्नेः**</u><br>"७१. <u>**नियम बनाउन सक्नेः**</u> यस ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले देहायका विषयमा नियम बनाउन सक्नेछः<br>(क) होटल वा रिसोर्ट सञ्चालन गर्न अनुमति पत्रको लागि दिने निवेदनको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, निवेदन दस्तुर र अनुमति पत्र दस्तुर तथा सोको नवीकरणका लागि दिने निवेदनको ढाँचा र नवीकरण दस्तुर सम्बन्धी,<br>(ख) हिमालचुलीको नामाकरण तथा पर्वतारोहण खुला गर्ने प्रक्रिया सम्बन्धी,<br>(ग) पर्वतारोहण अनुमतिको लागि निवेदनको ढाँचा, निवेदन दस्तुर, अनुमतिका सर्त, उपलब्ध हुनुपर्ने सेवा, पर्वतारोहीको उमेर र अनुभव सम्बन्धी,<br>(घ) साहसिक पर्यटकीय क्रियाकलाप गर्ने अनुमतिको लागि दिने निवेदनको ढाँचा, पर्वतारोहीको योग्यता, अनुमतिका सर्त, अनुमति शुल्क र सुरक्षाको मापदण्ड सम्बन्धी,<br>(ङ) पर्वतारोहण योजना सम्बन्धी,<br>(च) पर्वतारोहण रोयल्टी तथा रोयल्टी रकम मिलान सम्बन्धी,<br>(छ) पर्वतारोहण मार्ग र उक्त मार्गमा डोरी टाँग्ने (रोप फिक्सिङ) सम्बन्धी,<br>(ज) सम्पर्क अधिकृतले पाउने सुविधा सम्बन्धी,<br>(झ) सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगीले पाउने सुविधा सम्बन्धी,<br>(ञ) पर्वतारोहण दलका सदस्य, सम्पर्क अधिकृत, सरदार, पर्वतारोहण पथप्रदर्शक र पर्वतारोहण सहयोगीको बिमा सम्बन्धी,<br>(ट) पर्वतारोहण दलले पालना गर्नुपर्ने वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी सर्त, फिर्ता ल्याउनु पर्ने सामानहरू तथा सर्त पालना नगरेमा दिनुपर्ने क्षतिपूर्ति, पर्वतीय सरसफाइ शुल्क र वातावरण संरक्षण तथा सरसफाइ सम्बन्धी, |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (ठ) वातावरण संरक्षण कोषको सञ्चालन सम्बन्धी,<br>(ड) पर्वतारोहण दलको टोली नेता सम्बन्धी,<br>(ढ) पर्वतारोहण पूरा गरी बुझाउनु पर्ने प्रतिवेदनको ढाँचा सम्बन्धी,<br>(ण) पर्वतारोहणको प्रमाणपत्र सम्बन्धी,<br>(त) क्यासिनो सञ्चालन गर्ने कम्पनी स्थापना गर्दा कायम गर्नु पर्ने चुक्ता पुजी सम्बन्धी,<br>(थ) क्यासिनोको इजाजत र सञ्चालनको पूर्वस्वीकृति सम्बन्धी,<br>(द) क्यासिनोको इजाजतपत्र दस्तुर, विवरण तथा कागजात, पूर्वाधार तथा योग्यता परीक्षण (फिट एण्ड प्रोपर टेष्ट) सम्बन्धी,<br>(ध) क्यासिनो खेल्ने व्यक्तिको विवरण, कम्पनीको शेयर खरिद, बिक्री, हस्तान्तरण र क्यसिनो व्यवस्थापन तथा सञ्चालन सम्बन्धी,<br>(न) क्यासिनो सञ्चालनको अनुमति पत्रको नवीकरण दस्तुर, रोयल्टी रकम, आवश्यक विवरण तथा कागजात र अनुमति पत्रको नवीकरण सम्बन्धी,<br>(प) साहसिक तथा मनोरञ्जनात्मक पर्यटकीय व्यवसाय सम्बन्धी,<br>(फ) जल पर्यटन व्यवसाय सञ्चालन सम्बन्धी,<br>(ब) मन्त्रालयको सचिव र विभागको महानिर्देशकले मुद्दा हेर्दा अवलम्बन गर्ने कार्यविधि सम्बन्धी,<br>(भ) आन्तरिक पर्यटन प्रवर्धन सम्बन्धी,<br>(म) पर्यटक प्रहरी सम्बन्धी, र<br>(य) पर्यटकको खोज, उद्धार तथा उपचार सम्बन्धी।" |
| २४९. | मा. निश्कल राई,<br>मा. वासना थापा | ७१ | **दफामा उल्लिखित व्यवस्थालाई उपदफा (१) कायम गरी देहायका उपदफा (२), (३) र (४) थप गर्नुपर्नेः** |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | "(२) यस ऐन अन्तर्गत बनेका सबै नियमावलीको मस्यौदा त्यस्तो नियमावली नेपाल राजपत्रमा प्रकाशन भई कार्यान्वयन हुनु भन्दा कम्तीमा ३० दिन अगावै संसद्को पर्यटन सम्बन्धी सम्बन्धित संसदिय समितिमा पेस गरिनेछ। उक्त समितिको बहुमतले अस्विकार गरेको कुनै पनि नियमावली कार्यन्वयन हुने छैन।<br>(३) यस ऐनमा उल्लेख नभएको कुनै पनि नयाँ कसूर सिर्जना, वा यस ऐनमा उल्लेख भए बाहेकको जरिबाना भन्दा बढी दण्ड वा सजाय तोक्न वा यस ऐनमा उल्लेख नभएको दरभन्दा बढी दस्तुर, रोयल्टी वा शुल्क निर्धारण गर्न पइनेछैन।<br>(४) यस ऐन बमोजिमका विभिन्न रोयल्टी, दस्तुर, वा अन्य शुल्क यसै ऐनको अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ।" |
| २५०. | मा. विष्णुमाया बि.क. | **७३क (दफा थप)** | **<u>दफा ७३ पछि देहायको दफा ७३क थपी दफाक्रम मिलाउनुपर्नेः</u>**<br>"**७३क. <u>गुनासो सुनुवाई इकाईः</u>** स्थानिय, प्रदेश तथा सङ्घस्तरिय गुनासो सुनुवाई इकाईको व्यवस्था गर्ने।" |
| २५१. | मा. सुम्निमा उदास | **नयाँ परिच्छेद परिच्छेद-८ विविध** | **<u>नयाँ परिच्छेद र दफा थप</u>**<br>**<u>परिच्छेद-७ पछि देहायका परिच्छेद-८ र दफाहरू थप गर्नुपर्नेः</u>**<br>"**७५. <u>पर्यटक उपभोक्ता संरक्षणः</u>** (१) पर्यटकलाई उपलब्ध गराइने सेवा सुविधाको मूल्य, गुणस्तर र सर्तबारे अग्रिम र स्पष्ट जानकारी पाउने हक हुनेछ।<br>(२) सेवा सम्बन्धी गुनासो सुन्न र छिटो समाधान गर्न प्राधिकरणले पर्यटक गुनासो व्यवस्थापन इकाई तथा डिजिटल पोर्टल सञ्चालन गर्नेछ।<br>(३) ठगी, अधिक मूल्य असुली वा गुणस्तरहीन सेवा प्रदान गरेमा पर्यटकलाई क्षतिपूर्ति दिलाउने व्यवस्था गरिनेछ। |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | ७६. **<u>धार्मिक तथा आध्यात्मिक पर्यटन प्रवर्धनः</u>** (१) नेपालका धार्मिक, आध्यात्मिक तथा तीर्थस्थलहरूको पहिचान, संरक्षण, पूर्वाधार विकास र प्रवर्धन गरी धार्मिक तथा आध्यात्मिक पर्यटनलाई प्रोत्साहन गरिनेछ।<br>(२) बुद्ध जन्मस्थल लुम्बिनी, पशुपतिनाथ लगायतका स्थललाई केन्द्रमा राखी एकीकृत धार्मिक पर्यटकीय परिपथ **(circuit)** विकास गर्न प्रदेश तथा स्थानीय तहसँग समन्वय गरिनेछ।<br>(३) धार्मिक स्थलको मौलिकता, पवित्रता र संस्कृति जोगाउने गरी पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ।<br>७७. **<u>दिगो, हरित तथा जलवायु अनुकूल पर्यटनः</u>** (१) पर्यटन पूर्वाधारको निर्माण र पर्यटन व्यवसायको सञ्चालन गर्दा वातावरण संरक्षण, कार्बन उत्सर्जन न्यूनीकरण, फोहोरमैला व्यवस्थापन र नवीकरणीय ऊर्जाको प्रयोगलाई प्राथमिकता दिनुपर्नेछ।<br>(२) हिमाली तथा संवेदनशील पारिस्थितिक क्षेत्रमा जलवायु परिवर्तनको जोखिम न्यूनीकरण र अनुकूलनका उपाय अवलम्बन गरिनेछ।<br>(३) पर्यटन व्यवसायलाई हरित प्रमाणीकरण **(green certification)** तर्फ प्रोत्साहन गर्न छुट तथा सहुलियतको व्यवस्था गर्न सकिनेछ।<br>७८. **<u>पर्यटनको लाभ स्थानीय समुदायसम्म पुऱ्याउनेः</u>** (१) पर्यटनको लाभ ग्रामीण तथा विपन्न समुदायसम्म पुऱ्याउन समुदायमा आधारित पर्यटन, घरबास र स्थानीय उत्पादनको प्रवर्धन गरिनेछ।<br>(२) जातीय, लैङ्गिक तथा सामाजिक विभेदका कारण पर्यटन व्यवसायमा संलग्न हुनबाट |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | वञ्चित वर्ग तथा समुदायलाई तालिम, चेतना र प्राथमिकताका कार्यक्रममार्फत समावेश गरिनेछ।<br>(३) पर्यटन व्यवसायमा स्थानीय जनशक्ति, उत्पादन र सेवाको उपयोगलाई प्रोत्साहन गरिनेछ।" |
| २५२. | मा. गणेश बहादुर विश्वकर्मा | **नयाँ दफा** | **देहायको दफा थप गर्नुपर्नेः**<br>**नयाँ दफा.** "**पर्यटक यातायात सम्बन्धीः** (१) पर्यटक सवारी साधनहरूको विशिष्ट पहिचानका लागि छुट्टै "इम्बोस्ड नम्बर प्लेट" को व्यवस्था गरिनेछ र यस्ता साधन आयात गर्दा भन्सार तथा राजस्वमा सहुलियत दिइनेछ।<br>(२) अनुमति प्राप्त ट्राभल/टुर एजेन्सीहरूले आफ्नै पर्यटकीय स्वामित्वमा वा भाडामा पर्यटकीय सेवाका लागि आवश्यक यातायातका स्तरीय सवारी साधनहरू सञ्चालन गर्न पाउनेछन्।"<br>**नयाँ दफा.** "**स्वतन्त्र पुनरावेदन तथा अर्ध-न्यायिक समीक्षा संयन्त्रः** अनुमति पत्र जारी गर्ने प्रशासनिक निकायभन्दा अलग रहने गरी महानिर्देशकको सजाय सम्बन्धी निर्णय उपर पुनरावेदन सुन्ने एक स्वतन्त्र पर्यटन न्यायिक वा अर्ध-न्यायिक समीक्षा समिति गठन गरिनेछ।"<br>**नयाँ दफा.** "**हवाई टिकट, कमिसन तथा वित्तीय सुरक्षाः** (१) नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूले सेवा प्रारम्भ गर्नुपूर्व नेपाल नागरिक उड्डयन प्राधिकरण वा विभागमा अनिवार्य सेक्युरिटी डिपोजिट (धरौटी) राख्नुपर्नेछ।<br>(२) ट्राभल एजेन्सीहरूले हवाई टिकट बिक्री बापत पाउने अन्तर्राष्ट्रिय अभ्यास अनुरूपको सेवा शुल्क वा कमिसन ऐनद्वारा नै सुरक्षित गरिनेछ र अनिवार्य क्यापिङको सुविधा दिइनेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | <u>देहायको परिच्छेद थप गर्नुपर्ने:</u><br>"परिच्छेद -<br><u>पथप्रदर्शक सम्बन्धी</u><br>(क) पथप्रदर्शकको इजाजतः पर्यटकीय गतिविधि गर्न योग्यता पुगेका नेपाली नागरिकले इजाजत लिनुपर्नेछ। हिमाल आरोहण पथप्रदर्शकको इजाजत विभागबाट र अन्यको प्रदेश कानुन बमोजिम हुनेछ विभाग वा जुनसुकै प्रदेशबाट पदप्रदर्शक इजाजतपत्र प्राप्त गरेका व्यक्तिले नेपालभर निर्बाध रूपमा आफ्नो काम गर्न पाउनेछन्।<br>(ख) वर्गीकरणः विभागले हिमाल आरोहण, पदयात्रा, जलयात्रा, सांस्कृतिक तथा स्थानीय पथप्रदर्शक गरी वर्गीकरण गर्नेछ।<br>(ग) सबै विधाका गाइडहरूको अनिवार्य पुनर्ताजगी तालिम सहितको एक एकीकृत केन्द्रीय संघीय डिजिटल रजिष्ट्री कायम गरिनेछ।"<br>**नयाँ दफा.** "<u>**सार्वजनिक खरिद र बजारीकरण**</u>: पर्यटन प्रवद्र्धन तथा विशेष खरिद व्यवस्थाः अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन एवं बजारीकरण, डिजिटल/कृतिम बुद्धिमत्तामा आधारित प्रवद्र्धन र चलचित्र पर्यटन जस्ता विशिष्ट गतिविधिहरूका लागि प्रचलित सार्वजनिक खरिद ऐनको सट्टा सञ्चालनगत लचकता भएको छुट्टै "विशेष पर्यटन खरिद निर्देशिका" लागु गरिनेछ।"<br>**नयाँ दफा.** "<u>**उद्धार प्रणाली, तथ्याङ्क र कूटनीतिः**</u> (१) एकीकृत सुरक्षाः उद्धारमा पारदर्शिता ल्याउन आपत्कालीन समन्वय केन्द्र र "डिजिटल उद्धार प्रोटोकल" बनाइनेछ। साथै पर्यटक प्रहरीको विशिष्ट संरचना खडा गरिनेछ।<br>(२) तथ्याङ्क र कूटनीतिः रियल-टाइम डिजिटल ड्यासबोर्ड स्थापना गरिनेछ र नेपालको परराष्ट्र नीतिमा "पर्यटन कूटनीति" लाई एकीकृत गरिनेछ।" |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | **नयाँ दफा.** "**<u>विशिष्ट पर्यटकीय क्षेत्र निर्धारण तथा पूर्वाधार विकास</u>**ः विशिष्ट पर्यटकीय क्षेत्र र साझेदारीः पर्यटनको क्रमिक विकास, विविधीकरण तथा रूपान्तरणका लागि सरकारले निश्चित क्षेत्र तोकी (जस्तैः हिल स्टेसन, तालतलैया, पहाडी क्षेत्र, मनोरञ्जन केन्द्र/थिम पार्क) आवश्यक पर्यटकीय भौतिक पूर्वाधारको व्यवस्था गर्नेछ। यस्ता क्षेत्रको विकास, सञ्चालन र व्यवस्थापनमा सार्वजनिक- निजी साझेदारी को अवधारणा अनुरूप निजी क्षेत्रको समेत सक्रिय सहभागिता हुने गरी निर्दिष्ट वातावरण निर्माण गरिनेछ।"<br>**नयाँ दफा.** "**<u>उड्डयन क्षेत्रको रणनीतिक विकास र अन्तर-निकाय समन्वय</u>**ः उड्डयन क्षेत्र र राष्ट्रिय ध्वजावाहकको सबलीकरणः पर्यटन प्रवर्द्धनमा उड्डयन क्षेत्रको प्रत्यक्ष र महत्त्वपूर्ण भूमिका हुने भएकाले नेपालको राष्ट्रिय ध्वजावाहकलाई प्रतिस्पर्धी, स्वायत्त र व्यावसायिक रूपमा सबलीकरण गरिनेछ।"<br>"पर्यटन र उड्डयन सम्बन्धी प्रचलित नीति तथा ऐनहरूबिच कुनै अन्तरविरोध नहुने गरी सामञ्जस्यता कायम गर्दै आवश्यक व्यवस्थापकीय परिमार्जन र अन्तर-निकाय संयोजन गरिनेछ।" |
| २५३. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | **(दफा थप)** | **दफा थप. <u>पर्वतारोहण अनुगमन:</u>** (१) आरोहणका लागि खुलाइएका नेपालका सम्पूर्ण हिमालचुलीका आधारशिविरमा एकीकृत जाँच चौकी (Integrated Check Post) अनिवार्य रूपमा स्थापना गरिनेछ।<br>(२) उपदफा १ बमोजिमको एकीकृत जाँच चौकी आवस्यकता र आरोहीको संख्या/चापको अनुसार आधार शिविर भन्दा माथिका क्याम्पहरूमा तथा तलका स्थानहरूमा पनि स्थापना गर्न सक्नेछ। |

| क.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (४) एकीकृत जाँच चौकीको नेतृत्व नेपाली सेनाका अधिकृतले गर्नेछन् तथा बिभाग, वातावरण मन्त्रालय, स्थानीय गाउँपालिका, फोहोर व्यवस्थापन संस्था तथा पर्वतारोहण सम्बन्धी आवश्यक सरोकारवाला निकायका प्रतिनिधिहरू सम्मिलित हुनेछन्।<br>(५) एकीकृत जाँच चौकीमा कार्यरत सम्पूर्ण अधिकृत तथा कर्मचारीहरू नेपाल सरकारले खटाएका कर्मचारी हुनेछन्।<br>(६) नपाल सरकारद्वारा नियुक्त भएका सम्पर्क अधिकृत (Liaison Officer) आवश्यक संख्यामा आरोहण अनुमति दिइएका विभिन्न हिमालचुलीका एकीकृत जाँच चौकीमा खटिइ सोही चौकी मार्फत नियमन कार्य गर्नेछन्।<br>(७) सम्पर्क अधिकृतहरू एकीकृत जाँच चौकीमा बसोबास गर्नेछन्, उनीहरूको खाने, बस्ने तथा सुत्ने सम्पूर्ण व्यवस्था सोही चौकी मार्फत सरकारले नै गर्नेछ र उनीहरूको तलब, भत्ता नेपाल सरकारले नै बेहोर्नेछ।<br>(८) एकीकृत जाँच चौकी को कार्य तथा जिम्मेवारी निम्न बमोजिमको हुनेछ :<br>(क) आरोहणमा जाने सम्पूर्ण आरोही तथा आरोहण दलका सदस्यको अनुमति पत्र चेक गर्ने र अभिलेख राख्ने,<br>(ख) आरोहण दलले लगेका सामग्री तथा मालसामानको जाँच र अभिलेख राख्ने,<br>(ग) आरोहण दलले फर्किंदा प्रत्येक आरोहीले तोकिएको तौलको फोहोर फिर्ता ल्याएको सुनिश्चित गर्ने,<br>(घ) जुन हिमालको अनुमति प्राप्त गरेको हो त्यहि हिमाल चढेको वा नचढेको अनुगमन गर्ने,<br>(ङ) वातावरणीय मापदण्ड पालना भए नभएको अनुगमन गर्ने,<br>(च) हिमालमा अनाधिकृत वा गैरकानुनी गतिविधिहरू रोक्ने,<br>(छ) शान्ति सुरक्षा कायम गर्ने, |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | (ज) उल्लेख गरिएको कार्यहरू उल्लङ्घन गरेको पाइएमा सम्बन्धित आरोही, एजेन्सी वा गाइडलाई तत्काल कारबाही गर्ने र अनुमति पत्र खारेज गरी फिर्ता पठाऊन सक्ने,<br>(झ) नेपाल सरकारले तोके बमोजिमको अन्य कार्य गर्ने |
| २५४. | मा. समिक्षा बास्कोटा | **अनुसूचीमा थप** | **अनुसूचीमा रहेको बुँदा नं. ४४ पछि देहायका विषयहरू थप गर्नुपर्ने:**<br>४५. चिया पर्यटन (Tea Tourism)<br>४६. सम्पदा/जात्रा पर्यटन<br>४७. शान्ति पर्यटन |
| २५५. | मा. सुलभ खरेल | **अनुसूचीमा थप** | **अनुसूचीमा रहेको क्र.सं. ४३ पछि देहायका विषयहरू थप गर्नुपर्ने:**<br>४४. बर्थ टूरिजम<br>४५. मन्त्रालयद्वारा तोकिएबमोजिमका अन्य पर्यटकीय गतिविधिहरू |
| २५६. | मा. विपिन कुमार आचार्य | **अनुसूचीमा थप** | **अनुसूचीमा देहायका पर्यटन उद्योगहरू थप गर्नुपर्ने:**<br>४५. हट एयर बेलुनिङ्ग (Hot Air Ballooning)<br>४६. ग्ल्याम्पिङ (Glamping - Luxury Eco-Camping)<br>४७. डिजिटल नोम्याड हब तथा को-वर्किङ स्पेस (Digital Nomad Hub and Co-working Space)<br>४८. खगोल तथा तारा अवलोकन पर्यटन (Astro-Tourism / Dark Sky Reserve)<br>४९. स्वयंसेवक पर्यटन (Volunteer Tourism / Voluntourism)<br>५०. हेली-पर्यटन (Heli-Tourism)<br>५१. पहुँचयुक्त पर्यटन सेवा प्रदायक (Accessible Tourism Service Provider)<br>५२. वेलनेस, योग तथा ध्यान पर्यटन (Wellness, Yoga and Meditation Tourism)<br>५३. साहसिक डिजिटल ट्र्याकिङ सेवा (Adventure Digital Tracking Service) |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | ५४. भर्चुअल पर्यटन तथा डिजिटल सम्पदा अनुभव सेवा (Virtual Tourism and Digital Heritage Experience Service)<br>५५. समुदायमा आधारित दिगो पर्यटन सेवा (Community-based Sustainable Tourism Service) |
| २५७. | मा. गणेश पराजुली | **अनुसूचीमा थप** | **असूचीको क्र.स. ४४ पछि देहायका विषयहरूलाई थप गर्नुपर्नेः**<br>“४५. डिजिटल पर्यटन सेवा प्रदायक,<br>४६. अनलाइन ट्राभल एजेन्सी (ओ.टी.ए.) तथा च्यानल म्यानेजर सेवा,<br>४७. आपतकालीन उद्धार सेवा प्रदायक,<br>४८. जलयात्रा तथा नदी पर्यटन तालिम संस्था,<br>४९. पर्यटकीय सवारी भाडा सेवा प्रदायक,<br>५०. साहसिक पर्यटन सुरक्षा उपकरण भाडा सेवा,<br>५१. गन्तव्य व्यवस्थापन सेवा प्रदायक।” |
| २५८. | मा. सुम्निमा उदास | **अनुसूचीमा थप** | **अनुसूचीमा देहायका पर्यटकीय गतिविधि थप गर्नुपर्नेः**<br>"४५. धार्मिक तथा आध्यात्मिक पर्यटन<br>४६. तीर्थयात्रा पर्यटन<br>४७. एकीकृत पर्यटकीय परिपथ (सर्किट)<br>४८. हरित तथा पारिस्थितिक पर्यटन<br>४९. जलवायु अनुकूल पर्यटन तथा<br>५०. मन्त्रालय/प्राधिकरणले तोकेका अन्य पर्यटकीय गतिविधि।" |
| २५९. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | **अनुसूचीमा थप** | **अनुसूचीमा देहायका शब्दहरू थप गर्नुपर्नेः**<br>“४५. रुख चढ्ने तथा वन–आधारित साहसिक गतिविधि |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | ४६. परम्परागत मह संकलन (Honey Hunting)<br>४७. याक खर्क तथा भेडी खर्क भ्रमण<br>४८. यार्सागुम्बा संकलन<br>४९. असार पन्ध्र, रोपाइँ उत्सव तथा कृषि अनुभव पर्यटन<br>५०. देउसी/ दाईं खेल्ने लगायतका लोक सांस्कृतिक गतिबिधि" |
| २६०. | मा. सुशील खड्का<br>मा. नितिमा भण्डारी (कार्की) | **परिच्छेद ८ थप विविध** | **<u>परिच्छेद -८ थप गरी देहायका दफाहरू राखी दफा क्रम मिलाउनु पर्नेः</u>**<br>**"नयाँ दफा. <u>आरोग्य पर्यटनः</u>** (१) स्वास्थ्य, योग ध्यान, रिट्रिट व्यवसाय जस्ता व्यवसाय गर्न चाहने नेपाली नागरिकले सम्बन्धित प्रदेशको कानुन बमोजिम इजाजतपत्र लिनुपर्नेछ।<br>(२) उपदफा (१) बमोजिम इजाजतपत्रसम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ।<br>**नयाँ दफा. <u>कृषि पर्यटनः</u>** (१) कृषि पर्यटनअन्तर्गत व्यवसाय गर्न चाहने नेपाली नागरिकले सम्बन्धित प्रदेशको कानुन बमोजिम इजाजतपत्र लिनुपर्नेछ।<br>(२) उपदफा (१) बमोजिम इजाजतपत्रसम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ।<br>**नयाँ दफा.. <u>रैथाने पर्यटनः</u>** (१) व्यवसाय गर्न चाहने नेपाली नागरिकले सम्बन्धित प्रदेशको कानुन बमोजिम इजाजतपत्र लिनुपर्नेछ।<br>(२) उपदफा (१) बमोजिम इजाजतपत्र सम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ।<br>**नयाँ दफा.. <u>पर्या-पर्यटनः</u>** पर्यापर्यटन अन्तर्गत व्यवसाय गर्न चाहने नेपाली नागरिकले सम्बन्धित प्रदेशको कानुन बमोजिम इजाजतपत्र लिनुपर्नेछ।<br>(२) उपदफा (१) बमोजिम इजाजतपत्र सम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ। |
| २६१. | मा. विपिन कुमार आचार्य | **विषय थप** | **<u>विधेयकमा देहायका विषयहरू थप गर्नुपर्नेः</u>**<br>**(१) डिजिटल पर्यटन प्लेटफर्म तथा ई-कमर्स नियमनः** नेपालभित्र वा नेपालका पर्यटकीय सेवा लक्षित गरी कारोबार गर्ने डिजिटल पर्यटन प्लेटफर्म, अनलाइन बुकिङ सेवा, होम-स्टे तथा शेयरिङ |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | इकोनोमी प्लेटफर्मलाई कानुनी दर्ता, कर दायित्व, उपभोक्ता संरक्षण र सेवा गुणस्तरको दायरामा ल्याउने व्यवस्था गर्ने ।<br>(२) **स्मार्ट पर्यटन, भर्चुअल पर्यटन र बौद्धिक सम्पत्ति अधिकारः** नेपालका हिमाल, सम्पदा, सांस्कृतिक स्थल, पुरातात्त्विक क्षेत्र तथा प्राकृतिक गन्तव्यको डिजिटल प्रतिरूप (Digital Twin), भर्चुअल रियालिटी (Virtual Reality - VR), मेटाभर्स (Metaverse) वा अन्य डिजिटल प्रस्तुतीकरणको व्यावसायिक प्रयोग गर्दा नेपाल सरकार वा सम्बन्धित निकायको अनुमति, बौद्धिक सम्पत्ति संरक्षण (IP Protection) र रोयल्टीसम्बन्धी व्यवस्था गर्ने ।<br>(३) **ब्लकचेन र छेडछाडमुक्त डिजिटल अभिलेख प्रणालीः** पर्वतारोहण अनुमति, रोयल्टी, आरोहण प्रमाणपत्र, बिमा दाबी, उद्धार विवरण तथा पर्यटक अभिलेखलाई पारदर्शी र छेडछाडमुक्त बनाउन ब्लकचेन (Blockchain) वा अन्य सुरक्षित डिजिटल प्रविधि प्रयोग गर्न सकिने व्यवस्था गर्ने ।<br>(४) **वहन क्षमता र वैज्ञानिक पर्यटक व्यवस्थापन प्रणालीः** संवेदनशील गन्तव्य, सम्पदा क्षेत्र, हिमाली मार्ग, राष्ट्रिय निकुञ्ज तथा प्राकृतिक क्षेत्रमा वातावरणीय, सामाजिक र पूर्वाधारगत प्रभावका आधारमा वैज्ञानिक वहन क्षमता (Carrying Capacity) निर्धारण गर्ने । त्यस्तो क्षमताका आधारमा आवश्यक परे दैनिक, मौसमी वा वार्षिक पर्यटक कोटा तोक्न सकिने व्यवस्था गर्ने ।<br>(५) **पर्यटक ग्यारेन्टी फन्ड र द्रुत गुनासो समाधान प्रणालीः** पर्यटक ठगी, सेवा नपाएको अवस्था, एजेन्सी भागेको अवस्था वा ठगीजन्य विवाद समाधानका लागि पर्यटन ग्यारेन्टी फन्ड (Tourism Guarantee Fund) स्थापना गर्ने । पर्यटकका उजुरी छिटो, सरल र प्रभावकारी रूपमा समाधान गर्न पर्यटन लोकपाल (Tourism Ombudsman) वा द्रुत गुनासो समाधान संयन्त्रको व्यवस्था गर्ने ।<br>(६) **डिजिटल नोम्याड तथा वर्केसन पर्यटनः** नेपाललाई डिजिटल नोम्याड (Digital Nomad), रिमोट वर्कर र वर्केसन (Workation) गन्तव्यका रूपमा विकास गर्न विशेष अनुमति, कर, भिसा, को-वर्किङ पूर्वाधार र स्थानीय अर्थतन्त्रसँग जोडिने मापदण्ड तयार गर्ने व्यवस्था थप गर्ने । |

| क्र.स. | संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू | विधेयकको प्रस्तावना/ दफा | संशोधनको बेहोरा |
|---|---|---|---|
| | | | - **(७) पहुँचयुक्त पर्यटनः** अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा विशेष आवश्यकता भएका पर्यटकका लागि होटल, यातायात, पदमार्ग, सूचना प्रणाली, पर्यटकीय स्थल र आकस्मिक सेवामा पहुँच सुनिश्चित गर्ने व्यवस्था गर्ने। |
| २६२. | मा. रेनुका काउचा,<br>मा. संतोष सुब्बा | **(दफा थप)** | **विधेयकमा देहायको दफा थप गर्नुपर्नेः**<br>**दफा थपः** "**सार्वजनिक पर्यटन व्यवसाय रजिष्टरः** (१) विभागले यस ऐन अन्तर्गत जारी सबै इजाजतपत्र र अनुमतिको सार्वजनिक अनलाइन रजिष्टर राख्नेछ।<br>(२) उपदफा (१) बमोजिमको रजिष्टरमा प्रत्येक इजाजतपत्रधारीको नाम र दर्ता ठेगाना, इजाजतपत्रको किसिम र सर्तहरू, जारी र म्याद सकिने मिति, जिगत पाँच वर्षमा भउका कारबाही, जरिवाना र निलम्वनको इतिहास, बाँकी दस्तुर, रोयल्टी वा जरिवाना रकम अनिवार्य उल्लेख हुनुपर्नेछ।<br>(३) उपदफा (१) बमोजिमको रजिष्टर जोकोहीले निःशुल्क हेर्न पाउनेछ।" |
| २६३. | मा. मनिष झा | **व्यवस्था थप** | "**Royalty तथा राजस्वको उपयोगः**<br>- पर्यटन गतिविधिबाट प्राप्त royalty तथा अन्य राजस्वको कम्तीमा तीस प्रतिशत रकम सम्बन्धित स्थानीय तह, वातावरण संरक्षण तथा tourism destination management मा खर्च गर्नुपर्नेछ।" |

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) को संशोधनसम्बन्धी सर्तहरूको अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. २६३ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

…………..........................

(डोल प्रसाद अर्याल)

**सभामुख**